# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बिर्तामोड नगरपालिका
## झापा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बिर्तामोड नगरपालिका

झापा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बिर्तामोड नगरपालिका

## झापा

## आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः २०८१।२।१३

प.सं. २०८०।८१
च.नं. ६७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
विर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
विर्ता बजार, झापा ।

१. कैफियत सहितको राय — हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १३ करोड ५५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू.५ लाख १४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ करोड ५ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५८ लाख ९९ हजार, नियमित गर्नुपर्ने रू. ४ करोड ६४ लाख ८१ हजार र पेश्की रू. ६५ लाख ८७ हजार समेत रू. १२ करोड ९५ लाख ४१ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रू. ५७ करोड ८८ लाख ३४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. ६९ करोड २५ लाख २५ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र

छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# विर्तामोड नगरपालिका,

# झापा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| १०७ | ३०० | १३००५५ | ० | १ | ५१४ | ० | ० | १०७ | २९९ | १२९५४१ | ५०५७४ | ४६४८१ | २५८९९ | ० | ० | ७२३८० | ६५८७ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | ५७८८३४ | ० | १५८५० | ५६२९८४ | ० | १२९५४१ | ६९२५२५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ८४.२ | मूल्य अभिवृद्धि कर रकम सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश | ५१३६४५ |
| | **चालु वर्षको जम्मा** | | | **५१३६४५** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७८।७९ | - | - | - |
| | २०७७।७८ | ६२.३ | मुआब्जा रकम वितरण प्रमाण पेश | १५८५०००० |
| | **०७७।७८ को जम्मा** | | | **१५८५००००** |
| | २०७६।७७ | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | **१५८५००००** |
| | **कुल जम्मा** | | | **१६३६३६४५** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय :**

**(क) विर्तामोड नगरपालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या १०, सभा सदस्य ५५, क्षेत्रफल ७८.२४ वर्ग कि.मी. र जनसंख्या १ लाख ४६ हजार ७९५ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०२ देखि २०८०।१०।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालकिको आय — व्ययतर्फ रू. २,८५,१७,७४,७६७.५१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. २२८०९४०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा बढी तलब, बिल भरपाई भन्दा बढी, तालिममा कर कट्टी, विद्यालयबाट कर दाखिला, अनुगमन भत्ता, आन्तरिक लेखापरीक्षणको बेरुजु समेत रू. ४४८५१४।— असुल भएको छ । | ४४८५१४ |
| २ | लेखापरीक्षणको क्रममा बसपार्क ठेक्का बापतको मूल्य अभिवृद्धि कर रू. ५१३६४४.४३ र विज्ञापन करको मूल्य अभिवृद्धि कर रू. २६७१५०।— असुल भई सम्बन्धित शीर्षकमा दाखिला भएको छ । | ७८०७९४ |
| ३ | लेखापरीक्षणको क्रममा बाँडफाडँ बाट प्राप्त हुने मनोरञ्जन कर रू. २२९६३२।— र बाँडफाँड बाट प्राप्त हुने विज्ञापन कर रू. ८२२०००।— प्रदेश सञ्चितकोष दाखिला भएको छ । | १०५१६३२ |

२ **प्राप्ति भुक्तानी हिसाब-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम विर्तामोड नगरपालिका, झापाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८० मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | १,३३,३६,८१,५२१.५९ | १,१३,७९,५३,९९०.६६ | | १,१३,७९,५३,९९०.६६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १,३१,०३,६४,८४१.७३ | १,०८,१९,०५,४८६.८९ | ० | १,०८,१९,०५,४८६.८९ |
| ११००० कर | ११ | ३३,२४,३९,४९०.०० | २७,०२,८६,०४८.८४ | ० | २७,०२,८६,०४८.८४ |
| १३००० अनुदान | | ८४,२०,८५,०००.०० | ७१,४१,१८,५८७.०२ | ० | ७१,४१,१८,५८७.०२ |
| संघीय सरकार | १२ | ७६,७०,१५,०००.०० | ६४,२३,१०,३४०.०२ | ० | ६४,२३,१०,३४०.०२ |
| प्रदेश सरकार | १२ | ५,००,७०,०००.०० | ४,५७,३६,११४.०० | ० | ४,५७,३६,११४.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० |
| जनसहभागिता | | २,५०,००,०००.०० | २,६०,७२,१३३.०० | ० | २,६०,७२,१३३.०० |
| १४००० अन्य राजस्व | | ७,३६,७०,०००.०० | ९,७५,००,८५१.०३ | ० | ९,७५,००,८५१.०३ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ६,२१,७०,३५१.७३ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,३३,१६,६७९.८६ | ५,६०,४८,५०३.७७ | | ५,६०,४८,५०३.७७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ३५,३४,८२९.०० | ० | ३५,३४,८२९.०० |
| कोषहरु | | २,३३,१६,६७९.८६ | २,१७,३९,६०५.७७ | ० | २,१७,३९,६०५.७७ |
| धरौटी | | ० | ३,०७,७४,०६९.०० | ० | ३,०७,७४,०६९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,३३,३६,८१,५२१.५९ | १,०३,९८,३३,१२०.६४ | | १,०३,९८,३३,१२०.६४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३१,०३,६४,८४१.७३ | १,०१,५१,०४,०४५.२९ | | १,०१,५१,०४,०४५.२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३२,०७,७३,०००.०० | २८,३०,७६,२८०.०० | ० | २८,३०,७६,२८०.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३३,९७,७७,३७३.०० | २७,९१,४९,६९६.२९ | ० | २७,९१,४९,६९६.२९ |
| २५००० सहायता (Subsidy) | १८ | ६१,८८,०००.०० | ६०,७८,३१९.०० | ० | ६०,७८,३१९.०० |
| २६००० अनुदान | १८ | ३६,३१,०००.०० | ३४,८२,८९९.०० | ० | ३४,८२,८९९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,४१,३४,०००.०० | १,३१,२९,६७६.०० | ० | १,३१,२९,६७६.०० |
| २८००० अन्य खर्च | १८ | ७३,८७,३४५.०० | ३४,९८,२२१.०० | ० | ३४,९८,२२१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६०,३४,७४,१२३.७३ | ४१,६१,८८,९५४.०० | ० | ४१,६१,८८,९५४.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | १,५०,००,०००.०० | १,०५,००,०००.०० | ० | १,०५,००,०००.०० |
| घ. अन्य भूक्तानी | | २,३३,१६,६७९.८६ | २,४७,२९,०७५.३५ | | २,४७,२९,०७५.३५ |
| कोषहरु | | २,३३,१६,६७९.८६ | १,३९,१८,४८७.०० | ० | १,३९,१८,४८७.०० |
| धरौटी | | ० | १,०८,१०,५८८.३५ | ० | १,०८,१०,५८८.३५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ९,८१,२०,८७०.०२ | | ९,८१,२०,८७०.०२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १९,५८,५८,७६१.८४ | | १९,५८,५८,७६१.८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २९,३९,७९,६३१.८६ | | २९,३९,७९,६३१.८६ |
| बैंक तथा नगद बाकी | २४ | | ३०,८९,०४,९७०.०७ | | ३०,८९,०४,९७०.०७ |

३ **एकीकृत आ.वि.-** पालिकाले पेश गरेको आय व्ययको स्थिती देहाय अनुसार छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | २०,६१,९९,१६०.०९ | १ | **चालु खर्च** | | ५८,८४,१५,०९१.२९ |
| | क) संचित कोष | १७,२६,६९,२८३.४४ | | २ | **पूँजीगत खर्च** | | ४१,६१,८८,९५४.०० |
| | ख) धरौटी खाता | २,०८,४७,९०२.२० | | ३ | **वित्तीय खर्च** | | १,०५,००,०००.०० |
| | ग) विविध खर्च खाता/कोष | ९६,१३,२७४.७७ | | ४ | **विभाज्य कोष** | | ०.०० |
| | घ) प्रकोप व्यावस्थापन कोष | ३०,६८,६९९.६८ | | ५ | **विभिन्न कोषतर्फको खर्च** | | २,४७,२९,०७५.३५ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ३७,७३,०१,०३९.५८ | | क) विविध खर्च खाता/कोष | १,११,११,२७५.०० | |
| | क) आन्तरिक राजस्व | १८,८४,७४,१६४.२९ | | | ख) प्रकोप व्यवस्थापन कोष | २८,०७,२१२.०० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ९,७२,३५,५५२.५४ | | | ख) धरौटी फिर्ता | १,०८,१०,५८८.३५ | |
| | ग) प्रदेश सवारी साधन कर | १,११,६२,१००.१० | | ६ | **अनुदान फिर्ता** | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) अन्य आय (घरजग्गा रजिष्ट्रेशन दस्तुर) | ८,०४,२९,२२२.६५ | | | क) संघीय सरकारतर्फ फिर्ता | ०.०० | |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | ६५,०४,७५,२९२.७९ | | ख) प्रदेश सरकारतर्फ फिर्ता | ०.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | २१,८३,००,०००.०० | | ७ | **अन्तरस्थानीय तहबाट प्राप्त** | | ३२,९१,९४,२९०.०० |
| | ख) सशर्त अनुदान | ३९,९१,७५,४२३.७९ | | | क सामाजिक सुरक्षा | २९,८५,८४,२९०.०० | |
| | ग) समपूरक अनुदान | १,३०,००,०००.०० | | | ख) गरिवसंग विश्वेश्वर | ६,१०,०००.०० | |
| | घ) विशेष अनुदान | १,९९,९९,८६९.०० | | | ग) एकीकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३,००,००,०००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४,५७,३६,११४.०० | ८ | **मौज्दात** | | ३१,९९,१९,१०६.३२ |
| | क) वित्तीय समानीकरण अनुदान | १,१७,००,५००.०० | | | क) सञ्चित कोष खाता | २५,७१,४९,८१७.५२ | |
| | ख) सशर्त अनुदान | २,६२,२८,१५६.०० | | | ख) विभाज्य कोष | ३५,३४,८२९.०० | |
| | ग) समपुरक अनुदान | ७८,०७,४५८.०० | | | ग) धरौटी खाता | ४,०८,११,३८२.८५ | |
| | घ) विशेष अनुदान | ०.०० | | | घ) प्रकोप व्यवस्थापन कोष | ३३,७५,७३७.६८ | |
| ५ | **अन्तरस्थानीय तहबाट प्राप्त** | | ३२,९१,९४,२९०.०० | | ङ) विविध खर्च खाता/कोष | १,५०,४७,३३९.२७ | |
| | क सामाजिक सुरक्षा | २९,८५,८४,२९०.०० | | | | | |
| | ख) गरिवसंग विश्वेश्वर | ६,१०,०००.०० | | | | | |
| | ग) एकीकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३,००,००,०००.०० | | | | | |
| ६ | **अन्य** | | ०.०० | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ५,०४,३३,६५८.५० | | | | |
| | क) विविध खर्च खाता/कोष | १,६५,४५,३३९.५० | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | ३१,१४,२५०.०० | | | | | |
| | ग) धरौटी आय | ३,०७,७४,०६९.०० | | | | | |
| ९ | **विभाज्य कोष** | | ३५,३४,८२९.०० | | | | |
| १० | **जनसहभागिता (नगद)** | | २,६०,७२,१३३.०० | | | | |
| | | **जम्मा** | १६८,८९,४६,५१६.९६ | | | **जम्मा** | १६८,८९,४६,५१६.९६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. २९,८५,८४,२९०।-, गरिब सँग विश्वेशर कार्यक्रमको रू. ६,१०,०००।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. ३,००,००,०००।- समेत रू. ३२,९१,९४,२९०।- सुत्रमा लेखाङ्कन गरेको छैन । पालिका अन्तर्गत सञ्चालनमा रहेको नगर अस्पताल तर्फको आम्दानी खर्च समेत पालिकाले सुत्रमा समावेश गेरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू. १०३४०४८८।२५, यस वर्षको प्राप्ति रू. ३४४७९३३६६।२१, यस वर्षको भुक्तानी रू. ३२९१९४२८९।७० र यस वर्षको बैंक मौज्दातमा रू. ११०१४१३६।२५ फरक परेको छ । सुत्र तथा एकीकृत आर्थिक विवरणमा धरौटीमा रू. ६७३७३८।— घटी र सञ्चितकोषमा रू. ११०१४१३६।२५ बढी आम्दानी जनाएको कारण अल्या रकम फरक पर्न गएको देखिन्छ । त्यसै गरी सुत्रमा आन्तरिक आम्दानी रू. २०५०३२१५७।५८ रहेकोमा एकीकृत आर्थिक विवरणमा रू. २१४५४६२९७।२९ रहेको जनाइएकोमा उक्त फरक रकम सम्बन्धी पालिकाले हिसाब मिलान पेश नगरेकोले वास्तविक आन्तरिक आय एकिन गर्न सकिएन । उल्लेखित कारण बाहेक सामाजिक सुरक्षा तथा संरक्षण, गरिब सँग विश्वेशर तथा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको खर्च सुत्रमा समावेश नभएको हुँदा एकीकृत आर्थिक विवरण र सुत्रको प्राप्ति भुक्तानीमा फरक पर्न गएको देखिन्छ । साथै राजस्व तथा संचितकोष खाताको बैंक कारोबारको हिसाबमा रू. ११०१४१३६।२५ फरक पर्न गएकोले सुत्रबाट प्राप्त विवरण तथा एकीकृत आर्थिक विवरणबिचको बैंक मौज्दातमा फरक पर्न गएको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । साथै धरौटी, आन्तरिक आय र बैंक कारोबारमा भिन्नता रकम सम्बन्धी पालिकाले एकिन गरी हिसाब मिलान गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | १९५८५८७६१.८४ | ११३७९५३९९०.६६ | १०३९८३३१२०.६४ | ३०८९०४९७०.०७ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | २०६१९९१६०.०९ | १४८२७४७३५६.८७ | १३६९०२७४१०.३४ | ३१९९१९१०६.३२ |
| फरक | १०३४०४८८.२५ | ३४४७९३३६६.२१ | ३२९१९४२८९.७ | ११०१४१३६.२५ |

सैद्धान्तिक बेरुजु

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार श्रेस्ता अनुसार रू. १९,३९,०३,२७४.३४ र वैक रू. २०,००,२४,८७५.३४ मौज्दात रहेकोमा यो वर्ष रू. १९,५८,५८,७६१.८४ जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रको प्रतिवेदन अनुसार रू. १९,५५,४८७.५०।- बढी जिम्मेवारी सारेको र एकीकृत आर्थिक विवरण अनुसार रू. १,२२,९५,८८५.७५ बढी जिम्मेवारी सारेको देखिन्छ । पालिकाले गत आर्थिक वर्षको नसाटिएको चेक बापतको आम्दानी राजस्वमा जनाउनुपर्नेमा सञ्चितकोषमा अल्या जनाएकोले अल्या रकम फरक पर्न गएको देखिन्छ । पालिकाले बढी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब मिलान विवरण बनाई एकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार रू. ११०१९१३६।२५ बैंक बढीको फरक देखिन्छ । पालिकाले म.ले.फा.नं. २१२ तथा नसाटिकएको चेकको विवरण तयार गरी स्रेस्ता र बैकं मौज्दात बीच हिसाब मिलान गर्नु पर्दछ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ३९३०६१५१.४७ | ३९३०६१५१.४७ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ९३१०५६९ | ९३१०५६९ |
| ग २.६, वित्तीय खर्च खाता- जोर वर्ष | ० | ५००००० | ५००००० |
| ग २.७, विविध खर्च खाता | ७०९२७३९.८ | १००९२७३९.८ | ३०००००० |
| ग २.७, विविध खर्च खाता | ३०००००० | | -३०००००० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ४०८११३८२.८५ | ४०८११३८२.८५ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २५७१४९८१७.५२ | २०८०३३०९७.०५ | -४९११६७२०.४७ |

| | | | |
|---|---|---|---|
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ४९५४५९९.४७ | ४९५४५९९.४७ | ० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ३५३४८२९ | ३५३४८२९ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३३७५७३७.६८ | ३३८०७३७.६८ | ५००० |
| बैंक कारोबारमा भिन्नता | -११०१४१३६.२५ | | ११०१४१३६.२५ |
| जम्मा | ३०,८९ ,०४ ,९७०.०७ | ३१,९९ ,२४ ,१०६.३२ | ११०१९१३६.२५ |

सैद्धान्तिक बेरुजु

४.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रू. ३९३०६१५१.४७ र पुँजीगत खातामा रू. ९३१०५६९.००, वित्तीय खर्च खातामा रू. ५०००००.०० र विभाज्यकोष खातामा रू. ३५३४८२९.०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा विभिन्न खाताको रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **धरौटी समायोजन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७० मा कार्यालयले आफ्नो नाममा रहेको धरौटीको विवरण तयार गरी स्रेस्ता बाँकी रकमलाई बैंक मौज्दात संग मासिक रुपमा भिडाई हिसाब अद्यावधिक गर्नुपर्ने उल्लेख छ । गत विगतको लेखापरीक्षण प्रतिवेदनहरुमा कार्यालयको श्रेस्तामा भन्दा बैंकमा रू. ६७३७३८।— घटी भएकोले सोको कारण पत्ता लगाई असुल उपर गर्नुपर्ने व्यहोरा औंल्याइएको देखिन्छ । पालिकाले यो वर्ष उक्त रकमको अवस्था सम्बन्धमा छानविन नगरी धरौटीको गोश्वारा भौचर नम्बर ७४ बाट समायोजन खाता शिर्षकमा डेबिट गरी बिर्तामोड नगरपालिका झापाको समायोजन शिर्षकमा क्रेडिट गरी धरौटी मौज्दातबाट उक्त धरौटी रकम घटाएको देखियो । बैंकमा घटी भएको रकम सम्बन्धीत जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्नेमा बिना आधार खर्च घटाएको देखिएकोले खर्च घटाउने कर्मचारीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७३,७३८ |

४.७ **हिसाब मिलान** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने उल्लेख छ । पालिकाले खर्च लेखाङ्कनको क्रममा समायोजन तथा हिसाब मिलान गरेको कारोबारहरुको विस्तृत रुपमा हिसाब मिलानको श्रोत एकिन हुने गरी श्रेस्ता संलग्न गरेको पाइएन । तसर्ग पालिकाले पेश गरेको कारोबारको यथार्थता परीक्षण गर्न सकिएन । पालिकाले यस वर्ष नगरपालिका चालु शिर्षकबाट निकासा फिर्ता गरेको देहायका भौचरको श्रेस्ता परीक्षण गर्दा श्रेस्ताबाट निकासा फिर्ता गरेको रकम बैंकमार्फत घटी ट्रान्स्फर भएको देखिन्छ । उक्त फरक रकम सम्बन्धी कार्यालयले पुष्टयाई नगरेकोले फरक रकमको कारोबार सम्बन्धमा छानविन गरी हिसाब एकिन गर्नुपर्ने रू.

| भौ नं. | निकासा फिर्ता रकम | बैंक फिर्ता रकम | फरक रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७८ | १८१७७९३२.७ | १७०४६२५२.४८ | ११३१६८०.२२ |
| २०७९ | ३९६०५२५.६८ | २८२८८४५.४६ | ११३१६८०.२२ |
| | | जम्मा | २२६३३६०.४४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,६३,३६० |

५ **कोषहरुको अभिलेख-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका नगर अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँविकास समितिको खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकिको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस नगरपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

• भ्रमण अभिलेख खाता तयार नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,
• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन,
• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,
• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,
• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,
• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू. १ अर्ब ३८ करोड ३५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनी ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पादाधिकारीहरुको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले वडागत रुपमा संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रू. ४ करोड ७४ लाख ५० हजार अबण्डा बजेट व्यवस्था गरी पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरेर रू. २ करोड ७६ लाख ४८ हजार खर्च गरेको छ । पालिकाले शुरु बजेटको तुलनामा ३.४२ प्रतिशत रकम अबण्डा राखेको पाइयो । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| शीर्षक | बजेट रकम | खर्च रकम | पटक |
|---|---|---|---|
| मर्मत सम्भार कोष | १०००००० | ९३८९२७२ | ५८ |
| समपुरक कोष (क्षयरोग मुक्त नेपाल घोषण कार्यक्रम समेत) | ३०००००० | ११४५५०८६ | ११ |
| साना मझौला पूर्वाधारजन्य कार्यक्रम | ११५०००० | ११२३७४९ | ५ |
| सडक स्तरोन्नतीको लागि ग्राबेल तथा इन्धन खरिद वडा नं २ | २५००००० | २५००००० | १० |
| साना तिना योजना तथा कार्यक्रम सञ्चालन वडा नं ४ | १००००० | ५२४६१५ | ११ |

| | | | |
|---|---|---|---|
| वडाभरिका अत्यावश्यक बाटाहरु ग्राबेल स्तरोन्नती तथा इन्धन समेत वडा नं ९ | १८००००० | १७७०९९४ | ५ |
| साना तिना योजना मर्मत सम्भार तथा ग्राभेल वडा नं १० | १०००००० | ८८४५०० | १२ |
| जम्मा | ४७४५०००० | २७६४८२१६ | |

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३३३१२००. | ३८९९०६२१.०२ | ३.८५ |
| २ | सामाजिक विकास | ३८६६५९३८१. | ३५१७१७१६७.५६ | ३४.६५ |
| ३ | पूर्वाधार विकास | ५७२४३७३२७.७३ | ३९१२३२६३३. | ३८.५४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३३८०९४१५. | ३०४३९१०३. | २.९९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २७४१२७५१८. | २०२७२४५२०.७१ | १९.९७ |
| जम्मा | | १३१०३६४८४१.७३ | १०१५१०४०४५.२९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ३८.५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.९९ प्रतिशत रहेको छ । अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३६४ योजनामा रू. ४१ करोड ६१ लाख २६ हजार खर्च गरेको छ ।

| विवरण | योजना संख्या | रकम (रू. हजारमा) |
|---|---|---|
| १ लाख भन्दा कम | ५९ | १५७६ |
| १ लाख देखी २ लाख सम्म | ३४ | ५९२५ |
| २ लाख देखी ५ लाख सम्म | १०७ | ४२१०३ |

| | | |
|---|---|---|
| ५ लाख देखि १० लाख सम्म | ९१ | ७१८८५ |
| १० लाख भन्दा माथी | ७३ | २९४६३७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजना छनौट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन। उपलब्ध वजेट वडागत रूपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको सँख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ ।साना योजनामा पुजीगत खर्च भएको कारण दीर्घकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्वय समेत हनु सकेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १७ करोड ८९ लाख ६० हजार, गत आर्थिक वर्षको मौज्दात रू. १६ करोड १६ लाख ५५ हजार, राजस्व बाँडफाँटबाट रू. १८ करोड ८८ लाख २७ हजार र अनुदानबाट रू. ६४ करोड २३ लाख १० हजार समेत रू. १ अर्ब १७ करोड १७ लाख ५२ हजार आम्दानी भएकोमा चालु तर्फ रू. ५८ करोड ८४ लाख १५ हजार, पूँजीगत तर्फ रू. ४१ करोड ६१ लाख ८९ हजार र वित्तीय व्यवस्था तर्फ रू. १ करोड ५ लाख समेत रू. १ अर्ब १ करोड ५१ लाख ४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १७. ६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.९६ प्रतिशत चालु, ४१.०० प्रतिशतमात्र पूँजीगत निर्माण र १.०४ प्रतिशत वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रू. १ करोड २१ लाख ८९ हजार, स्थायी करार तथा नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकमा रू. १० करोड ४ लाख ९९ हजार, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रू. ८४ लाख ७ हजार समेत रू. १२ करोड १० लाख ९५ हजार तलब भत्तामा मात्र खर्च गरेको स्थिती छ । आन्तरिक आयबाट प्राप्त रकमको ६७.६७ प्रतिशत रकम पारिश्रमकिमा खर्च गरेको स्थिती छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ४१६१८९ | २५१६९ | ७२५१९ | १४९५४७ | १६८९५४ | १०४७३९ |
| प्रतिशत | १०० | ६.०५ | १७.४२ | ३५.९३ | ४०.६ | २५.१७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू. ४१ करोड ६१ लाख ८९ हजार पूँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. २ करोड ५१ लाख ६९ हजार (६.०५ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ७ करोड २५ लाख १९ हजार (१७.४२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. १४ करोड ९५ लाख ४७ हजार (३५.९३ प्रतिशत) र चौथो त्रैमासिकमा रू. १६ करोड ८९ लाख ५४ हजार (४०.६० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. १० करोड ४७ लाख ३९ हजार (२५.१७ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रू. ८ करोड ४६ लाख ५५ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा ६.१२ प्रतिशत हुन्छ । आर्थिक वर्ष ०७८।७९ का लागि विभिन्न कोष तथा योजना तर्फ स्वीकृत भएको रू. २ करोड ६७ लाख ८५ हजार बराबरको ३० योजनालाई घटाई नयाँ तथा भएका योजनामा ५९ योजना/कार्यक्रम थप गरी रू. ५ करोड ७८ लाख ७० हजार कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट भएको छ । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आयोजना बैंक-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले आयोजना बैंक बनाई

कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रगति प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरि सम्बन्धित निकायमा पेश गरेको देखिएन । चौमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **गत विगतको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरी बजेट तयार गर्ने व्यवस्था छ । पालिकाले गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू. ३२२६४४७३।- भुक्तानी दिएको छ । उक्त रकम शुरु बजेटको तुलनामा २.३३ प्रतिशत र यस वर्षको खर्चको ३.१७ प्रतिशत हुन जान्छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कानुन निर्माण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, ४ वटा नियमावली, ४२ वटा कार्यविधि, ५ वटा निर्देशिका तथा ४ नर्म्स लगायत ८४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानूनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ वटा विवादहरु ३ महिना अवधि नाघेकोले तामेलीमा राखेको र यो बर्ष दर्ता भएका १३२ विवाद गरी कुल १४७ वटा विवाद मध्ये १०९ वटा फछ्यौंट भई आर्थिक वर्षको अन्तिम समयमा दर्ता भई प्रक्रियामा रहेका, केही मुद्दामा प्रमाण जुटाउन समय लाग्ने लगायतका कारण जनाई ३८ वटा विवाद फछ्यौंट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सूचना प्रविधी सञ्चालन-** पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्युतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्युतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अतः विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई कार्यालयमा मौज्दात जिन्सी सामग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी प्रतिवेदन तयार गरि जिन्सी श्रेस्ता अध्यावधिक वनाउनु पर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । पालिकाले आर्थिक वर्षको मध्यान्तर तिरमात्र PAMS प्रयोग गरेको पाइयो । पालिकाको जिन्सी शाखाबाट मौज्दात रकम अल्या गरेको विवरण माग भएकोमा लेखापरीक्षणको क्रममा सोको विवरण प्राप्त नभएकोले जिन्सी मौज्दात सम्बन्धी एकिन गर्न सक्ने अवस्था देखिएन । त्यस अतिरिक्त विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सीहरु दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राखु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा नगरपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

• जिन्सी समानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवस्यक कारवाहि गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि उत्तम जिन्सी व्यवस्थापन गर्नुपर्नेमा पालिकाको जिन्सी प्रतिवेदन अनुसार लिलाम तथा मिन्हाको लागि सिफारिस भएका मालसामानको कारवाहि प्रक्रिया सुरु नभएकोले नियमको पालना गरि जिन्सी व्यवस्थापन दक्ष र प्रभावकारी बनाउनु पर्दछ ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औंल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हाल सम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

• पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । एकै व्यक्तिको नाममा २ वटा सम्म मोवाइल, २० वटा सम्म ल्यापटप एकै व्यक्तिको नाममा रहेको पाइएको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

• वडा कार्यालय, विषयगत शाखाहरु र कर्मचारीले प्राप्त गरेका खर्च नहुने प्रकृतिका सामानहरुको सहायक जिन्सी खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्नेमा पालिकाले सहायक जिन्सी खाता तयार गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ र १०४ मा बरबुझारथ सम्वन्धि व्यवस्था रहेको छ । पालिकाको जिन्सी अनुगमन प्रतिवेदन अनुसार पूर्व पदाधिकारी तथा कर्मचारीले बुझिलिएको देहायअनुसारको सामग्री लेखापरीक्षण अवधिसम्म पनि फिर्ता भएको नदेखिएकोले नियमको व्यवस्था कार्यान्वयन गरि जिन्सी प्रमुखलाई जिम्मेवार बनाई जिन्सी सामन फिर्ता गर्नुपर्दछ ।

| सि.नं. | पदाधिकारी / कर्मचारीको नाम | सामग्री विवरण | रकम |
|---|---|---|---|
| १ | देवराज कार्की | ल्यापटप i5 १० th gen | नखुलेको |
| २ | कृष्ण प्रसाद पाठक गरामनी स्कुल | ल्यापटप i5 १० th gen | नखुलेको |

| | | | |
|---|---|---|---|
| ३ | ओमबहादुर खड्का | ल्यापटप | नखुलेको |
| ४ | पूर्व प्रमुख प्रशासकिय अधिकृत | ल्यापटप Dell i5 | नखुलेको |
| ५ | पूर्व प्रेस संयोजक रमेश तिवारी | ल्यापटप i5 १० th gen | नखुलेको |
| ६ | पूर्व प्रमुख प्रशासकिय अधिकृत (नाम नखुलेको) | ल्यापटप | नखुलेको |
| ७ | पूर्व प्रेस संयोजक रमेश तिवारी | डिजिटल क्यामेरा | नखुलेको |
| ८ | पूर्व प्रमुख प्रशासकिय अधिकृत (नाम नखुलेको) | मोवाईल स्यामसंग A32 | नखुलेको |

सैद्धान्तिक बेरुजु

२५ **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रू. ४४९१५५१/- र मेशिनरी औजार मर्मतमा रू. २११६१७४/- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **हेभी ईक्युपमेण्ट आय-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ स्थानीय तहले आफ्नो आयको सबै श्रोत पहिचान गरी प्राप्त हुने आयलाई व्यवस्थित रुपमा सबै आय रकम चुहावट तथा हिनामिना नहुनेगरी आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्ने तोकिएको छ । पालिका कार्यालयमा रहेका हेभी मेशिनरी (ग्रेडर, रोलर, ट्यांकर, ट्रिपर, जेसिबी)हरु लाई उपयोग गर्ने कार्यमा मेशिन प्रयोगकर्ताले आ व २०७९।८० मा निम्नानुसारको प्रति घण्टाको दरबाट भाडा लिने गरी स्वीकृत गरेको छ ।

| हेभी मेशिन | परिमाण | सञ्चालन संख्या | प्रति घण्टा दर |
|---|---|---|---|
| ग्रेडर | १ | १ | २५०० |
| रोलर | १ | १ | २००० |
| ट्याँकर | १ | १ | २००० |
| ट्रिपर | ४ | ४ | २००० |
| जेसिबी | २ | १ | १५०० |
| ट्याक्टर | ५ | ५ | नखुलेको |

**आय उपकरण परिचालन-** पालिकामा उल्लेखित उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेतको खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग, आय र परिचालनको लगसिट, लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु पालिकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । पालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

**मेशिन भाडा** - लेखापरीक्षणमा प्राप्त विवरण अनुसार यो वर्ष मेशिन प्रयोग बापतको भाडा रू.१६,१०,६५०।- असुल गरेको छ । लेखापरीक्षणको क्रममा विवरण माग गर्दा रोलर २७८ घण्टा, ग्रेडर २६८ घण्टा, पानी ट्याङ्कर ८९ घण्टा भाडामा प्रयोग गरेको विवरण उपलब्ध गराएकोमा सो प्रमाणित गर्ने अधिकारीद्वारा प्रमाणित भएको देखिएन । पालिकाले जेसिबी तथा ट्रिपरको प्रयोगको विवरण पेश गरेको छैन जसकारण उक्त मेशिनले गरेको भाडा आम्दानी एकिन गर्न सक्ने अवस्था रहेन । दैनिक भाडामा समेत दिईने मेशिनहरुको लागि ईन्धन खरिद गरि भुक्तानी दिने गरेकोमा मेशिन प्रयोगकर्ताले बुझाउनुपर्ने शुल्क खुल्ने गरी उपयोगको अवधि तथा दररेट सहितको भाडा गणना तालिका प्रमाणित गरी राजश्व शाखामा पठाउने गरेको पाईएन । राजश्व शाखाले मौखिक रुपबाट प्रयोगकर्ताले बुझाएको रकममात्र बुझिलिने गरेको छ ।
घण्टाको दररेटबाट चलाउने मेशिनहरु ग्यारेजबाट निस्किएको अवधि, कार्य गरेको घण्टा तथा फर्किएको समय अवधि खुलेको लगसिट प्रमाणित गरी सोको आधारबाट बास्तविक लिनुपर्ने भाडा रकम यकिन गरी राख्ने नगरेकोले मेशिन उपयोगबाट प्राप्त देखाईएको आम्दानी यकिन गर्न सकिएन । तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुली चुहावट हुन नदिने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय स्वास्थ्य तर्फका कर्मचारीहरुको पारिश्रमिक रू. २२९८२९०७।— र पालिकाका कर्मचारीहरुको रू. ३३३०३४६५।- समेत रू. ५६२८६३७२।- तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **संगठन तथा व्यवस्थापन सर्वेक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी थप गरी २७१ जना कर्मचारीको दरबन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन र उक्त थप दरबन्दी प्रदेश निजामति किताबखानामा दर्ता समेत गरेको पाइएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४५ जना कर्मचारी पदपूर्ती भएको देखिन्छ । सो मध्ये ६३ जना कर्मचारी स्थायी तर्फ, १४ जना साविक स्थानीय तहमा कार्यरत कर्मचारी र १६८ जना करार सेवा मार्फत पदपूर्ति गरेको छ । पालिकाले नगर सभाबाट थप दरबन्दी स्वीकृत गरी देहाय अनुसार कर्मचारी सेवा करारमा नियुक्ती गरेको पाइयो ।

| क्र.सं. | पद / तह | संख्या | विवरण | भुक्तानी भएको श्रोत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | मेडिकल सुपरिटेण्डट | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २. | मेडिकल अधिकृत | ३ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ३. | रेडियोलोजिष्ट सातौ | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ४. | कार्यक्रम अधिकृत(अधिकृत छैठौ) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ५. | इन्जिनियर(अधिकृत छैठौ) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ६. | सूचना प्रविधि अधिकृत | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | PLGSP कार्यक्रम अन्तर्गत |
| ७. | अधिकृत छैठौ (शिक्षा) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ८. | अधिकृत छैठौ (न्याय) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ९. | अधिकृत छैठौ (कृषि सेवा) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १०. | रोजगार संयोजक (प्रधानमन्त्री रोजगार का.) | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | प्र.म रोजगार कार्यक्रम अन्तर्गत |
| ११. | हेल्थ असिस्टेण्ट | ४ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १२. | स्टाफ नर्स | २ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १३. | सब इन्जिनियर | ६ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १४. | एम.आई एस अपरेटर (सहायक पाँचौ) | २ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | पंजीकरण विभागको सशर्त तर्फ ५० % अनुदानमा अन्तर्गत |

| | | | | |
|---|---|---|---|---|
| १५. | नगर प्रमुख सचिवालय कर्मचारी (स.पाचौ) | १ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १६. | उद्यम विकास सहजकर्ता पाचौ | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | सशर्त तर्फ अनुदान अन्तर्गत |
| १७. | प्राविधिक सहायक (प्र.म.रो.का.) | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | प्र.म रोजगार कार्यक्रम अन्तर्गत |
| १८. | ल्याब असिस्टेण्ट | ४ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| १९. | असिस्टेण्ट सब इन्जिनियर | ४ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २०. | उद्यम विकास सहजकर्ता चौथो | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | सशर्त तर्फ अनुदान अन्तर्गत |
| २१. | एम आई एस फिल्ड सहायक | १ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | पंजीकरण विभागको सशर्त तर्फ ५० % अनुदानमा अन्तर्गत |
| २२. | सहायक कम्प्युटर अपरेटर+मुखिया (चौथो+ तेस्रो) | २१ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २३. | सामाजिक परिचालक | २ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २४. | अनमी | ६ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २५. | अहेब | ७ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २६. | अमिन | २ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २७. | ना.प्रा.स. | ३ | संघीय सरकार बाट सशर्त कार्यक्रम अन्तर्गत तलव भत्ता प्राप्त हुने गरि पदपूर्ति भएका पदहरु | सशर्त तर्फ अनुदान अन्तर्गत |

| | | | | |
|---|---|---|---|---|
| २८. | अग्नी नियन्त्रक | ५ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| २९. | सवारी चालक | १७ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ३०. | नगर प्रहरी | १५ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |
| ३१. | कार्यालय सहयोगी | ५१ | नगर सभाको निर्णय बमोजिम दरवन्दी स्वीकृत गरि कामकाज | नगरपालिका आन्तरिक श्रोत |

नगरपालिकाको आन्तरिक श्रोतबाट सेवा सुविधाबाट करार कर्मचारी पारिश्रमिकमा मात्र रू. ४ करोड ९७ लाख ७७ हजार खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रू. १७ करोड ८९ लाख ६० हजार को २७.८१ प्रतिशत रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामासमेत नगरपालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्चगर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

२९ **करार कर्मचारी व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा १६८ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू. ४९७७६५७३/- खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले शिक्षा अधिकृत १, राजस्व अधिकृत १, इन्जिनियर १, उजुरी प्रशासक १, सब इन्जिनियर ४, सहायक पाचौं १, सहायक कम्प्यूटर अपरेटर ४, असिस्टेन्ट सब इन्जिनियर ५, अमिन २, खानेपानी सहायक टेक्निसियन १, कार्यालय सहायक २, मुखिया (रा.प.तृतिय तह) १४ लगायत ३७ जना माथि उल्लेखित पद बाहेकका कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रू. १५४७३३६६/- भुक्तानी गरेको छ । यसरी सभाद्वारा दरबन्दी स्वीकृत गरेतापनी किताबखानामा स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,५४,७३,३६६ |

३० **कर्मचारी कल्याणकोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाको गत वर्षको मौज्दात रू. ३६,३६,१००।४७ र भौ नं. २७३४ चालुबाट रू. ११,३२,०००।०० ट्रान्सफर गरेको समेत कर्मचारी कल्याण कोषमा रू.

४७,६८,१००।४७ मौज्दात बाँकी देखिन्छ । पालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन । कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन । यस्तो कार्य कानुनद्वारा व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **कर्मचारी प्रोत्साहन भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले नगर सभाको निर्णय नं. १५ मा प्रदेश नं. १ सरकारले प्रदेश सरकारका कर्मचारीहरुलाई १ महिनाको शुरु तलब स्केल बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने सुविधा बमोजिम नगरपालिका अन्तर्गतका कर्मचारीहरुलाई शुरु तलब स्केलको १ महिना बराबरको प्रोत्साहन रकम उपलब्ध गराउने उल्लेख गरेको छ । पालिकाले सोही बमोजिम पालिकामा कार्यरत ७७ जना कर्मचारी तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन भत्ता बापत रू. २९७४४७७।— खर्च लेखेको छ । पालिकाले प्रोत्साहन भत्ता भुक्तानी सम्बन्धी थप कुनै मापन आधार बनाएको पाइएन । कानून तर्जुमा नगरी प्रचलित संघीय कानूनमा व्यवस्था भएको सेवा सुविधामा सभा द्वारा निर्णय गराई प्रदेश कानून बमोजिम सुविधा भुक्तानी गरेकोमा पालिकाले यस प्रकृतिका खर्च आन्तरिक आयको परिधीमा रहि नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **खरिद कारवाही अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राखु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राखुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **ठेक्का अभिलेख-** ठेक्काबाट भएको कामको अभिलेख कायम हुनेगरी सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सेवा प्रवाह-** कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता २१९९, नागरिक्ता सिफारिस ४५८७, घरवाटो सिफारिस २५१६, नाता प्रमाणित २०१७, सम्बन्ध विच्छेद १०३, अन्य सिफारिस २५२७९ लगायतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **वित्तीय जोखिम मूल्याङ्कन-** पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७८।७९ मा ६२ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७८।७९ मा ६२.७५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका तथा जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **पेस्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.५१८६९७३ बाँकी रहेको देखिन्छ । फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

| पेस्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| मेघराज बास्तोला | ०६/१३/२०७९ | विविध खर्च | १५०००० |
| प्रबिन पौडेल | ०८/०७/२०७९ | मसलन्द तथा कार्यालय सामाग्री | ३९० |
| राजेश अधिकारी | ११/२५/२०७९ | पशु बिमा कार्यक्रम (६० प्रतिशत अनुदान) | २००००० |
| बसन्त ढकाल | १२/०३/२०७९ | बिमा तथा नवीकरण खर्च | ५०००० |
| रेनुका खनाल | १२/०८/२०७९ | विविध खर्च | १०००० |
| राजेश अधिकारी | १२/१०/२०७९ | बर्षे घासको बिउ वितरण(साझेदारिमा ५० प्रतिशत ) | १२८००० |
| तेजकुमारी गौतम | ०१/२१/२०८० | बुधबारे हटियामा बहुतले पार्किङ्क सहितको सपिङ्मल निर्माण DPR समेत | ३००००० |
| नन्दलाल आचार्य | ०२/०३/२०८० | अति विपन्न गर्भवती महिलाहरु लाइ झुल वितरण | ५०००० |
| सुजित साह | ०२/१९/२०८० | कौशी खेती तालिम र सामाग्रीहरु सहयोग | ३२०००० |
| विमल पोखरेल | २०८०/०२/३० | टोल विकास संस्थाको क्षमता विकास तथा विभिन्न तालिम कार्यक्रम | ८०००० |
| अनिल बास्कोटा | ०३/१०/२०८० | बिमा तथा नवीकरण खर्च | १३००००० |
| भीम अधिकारी | ०३/२३/२०८० | मर्मत सम्भार कोष | १००००० |
| सूर्योदय टिभी. एण्ड मिडिया प्रा.लि. | १२/२०/२०७९ | लोककल्याणकारी सूचना-सन्देश/विज्ञापन/सचेतना कार्यक्रम | ५०००० |

| | | | |
|---|---|---|---|
| सुर्योदय टि भी एण्ड मिडीया प्रा लि | ०१/०७/२०८० | लोककल्याणकारी सूचना-सन्देश/विज्ञापन/सचेतना कार्यक्रम | १००००० |
| टाइम्स मिडिया नेटवर्क प्रा.लि. | ०१/०८/२०८० | लोककल्याणकारी सूचना-सन्देश/विज्ञापन/सचेतना कार्यक्रम | ७५००० |
| झापा फुटबल क्लब | ०२/१०/२०८० | झापा ११ फुटबल क्लबलाई संस्थागत अनुदान | १०००००० |
| नव ज्योती महिला कृषि समूह | ०९/०७/२०७९ | बाख्रा खोर सूधार | २६२५०० |
| नयांनगर कृषक समूह | ०९/२६/२०७९ | बाख्रा खोर सूधार | २६२५०० |
| शान्ती टोल बी डिल्ली सिटौलाको घर जाने बाटो पेवर्स निर्माण उपभोक्ता समिति | ०२/०२/२०८० | शान्ती टोल बि डिल्ली सिटौलाको घर जाने बाटो पेवर्स निर्माण | ४००००० |
| अदुवा खोला सरसफाइ तथा तटवन्धन उपभोक्ता समिति | ०२/१९/२०८० | मर्मत सम्भार कोष | १३०००० |
| पारिजात टोल रोड न ६ मा पेर्वस विछाउने उस | २०८०/०२/३० | जनसहभागिता | १९३५८३ |
| विचार मञ्च मिडिया सेन्टर | १२/३०/२०७९ | लोककल्याणकारी सूचना-सन्देश/विज्ञापन/सचेतना कार्यक्रम | २५००० |
| | | जम्मा | ५१८६९७३ |

| | |
|---|---|
| पेश्की | ५१,८६,९७३ |

३७ **म्याद ननाघेको पेस्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा पेस्की फस्यौंट सम्बन्धी व्यवस्था रहेको छ ।पालिकाले यस आर्थिक वर्षमा निकाय तथा निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेस्की रू.१०,६५,९०,१६६।– आर्थिक वर्षको अन्त्यसम्म पनि फस्यौंट नभई बाँकी रहेको देखिन्छ। पेस्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी सम्झौताको शर्त र नियमानुसार फस्यौंट गर्नुपर्ने देखिन्छ।

| पेस्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| आरपी—साप—समता जे.भी. | ०९/०५/२०७९ | Urban Development Grant अन्तर्गत बुट्टावारी देखि प्याकुरेलचोकसम्म सडक स्तरोउन्नति गर्ने कार्य | ३१२३२००० |

| | | | |
|---|---|---|---|
| आरपी—साप—समता जे.भी. | १०/१९/२०७९ | Urban Development Grant अन्तर्गत बुट्टावारी देखि प्याकुरेलचोकसम्म सडक स्तरोउन्नति गर्ने कार्य | ७२४१००० |
| एलेक्स / भिमेश्वर जे भी | १२/२६/२०७९ | सैनिकबजार-भुतेनी- नगर गौरव रोड-गोलधाप रोड , बिर्तामोड-१० | २२११००० |
| आरपी—साप—समता जे.भी. | १२/२८/२०७९ | Urban Development Grant अन्तर्गत बुट्टावारी देखि प्याकुरेलचोकसम्म सडक स्तरोउन्नति गर्ने कार्य | ३०००००० |
| नेपाल विद्युत प्राधिकरण | ०२/०८/२०८० | मर्मत सम्भार कोष | १३११६६ |
| विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २६०००००० |
| शिवालय-आर.एस.जेभी | ०१/०४/२०७९ | बिर्तबजार कृषि बजार तथा सामुदायिक भवन | ९१३५००० |
| हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ०१/०४/२०७९ | सुर्यनगर- गोकुल जोशी सडक निर्माण(कालोपत्रे सडक) | ६००००० |
| पृथ्वी निर्माण सेवा | ०१/०४/२०७९ | हर्चनाबाट मेथिबारी जोड्ने सडक कालोपत्रे | ४०००० |
| | | जम्मा | १०६५९०१६६ |

सैद्धान्तिक बेरुजु

३८ **गत विगतको पेस्की-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेस्की फस्यौंट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्यौंट गर्न बाँकी पेस्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमुख समक्ष पेश गरी ढिलो फस्यौंट गरिएका पेस्की फस्यौंट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सूत्र प्रणाली अनुसार गत विगतसम्मको पेस्की रकम रू.३७२०७५९०.२६ लेखापरीक्षण अवधिसम्म फस्यौंट नगरेको र ताकेता समेत भए गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेस्की रकम फस्यौंट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **अनुत्पादक खर्च-** स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालनमा रू. ५६९५०५४/-, धार्मिक तथा साँस्कृतिक सहयोग बापत विभिन्न संघ संस्थालाई आर्थिक सहयोग बापत रू. ३६४६९२१/-, विभिन्न जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन

गरी रू. ९६३०००/-, मृत्यू दाहसंस्कार सहयोग बापत रू. ६७५०००।- खर्च गरेको छ । पालिकाले आन्तरिक आय समेतको विश्लेषण गरी यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले विभिन्न खर्च शिर्षकमा बजेट विनियोजन गरी नगरपालिका अध्यक्षको तोक आदेश बमोजिम विभिन्न व्यक्तिहरुलाई रू. ५४९२३२/- राहत स्वरुप आर्थिक सहायता वितरण गरेको छ । पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड तयार गरेको पाइएन । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बिमामा समेत यस वर्ष रू. ३५०००००/- खर्च गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **स्वास्थ्य बिमा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रति वडा १०० जनाका दरले विपन्न नागरिकलाई स्वास्थ्य बिमा गरिदिए वापतको रकम स्वास्थ्य बिमा बोर्डलाई रू. ३५०००००।- उपलब्ध गराएको देखिन्छ । वर्षेनी सञ्चालन हुने स्वास्थ्य बिमा कार्यक्रमको लाभान्वितहरुको एकीकृत विवरण तयार गरी दोहोरो सुविधा पाए नपाएको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. ४१ करोड ६१ लाख ८९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **सहकारी नियमन-** बिर्तामोड नगरपालिकाको सहकारी ऐनको दफा ७४ अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु

पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकाभित्र कुल ३४ सहकारी संस्था दर्ता रहेकोमा पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट उक्त सहकारी संस्थाहरु मध्ये ६ वटा सहकारीहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन पेश भएकोमा सहकारी कर्जा असुलीमा समस्या, तरलताको कमी COPOMIS मा आवद्ध हुन नसक्नु, सक्षम कर्मचारीको अभाव लगायतका समस्या देखिन आएको छ । सहकारी सुशासनको कमजोर अवस्था भएकोमा संस्थागत सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको बर्तमान अवस्थामा आएको कार्य सन्चालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेशयप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारीको पर्याप्त नियमन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **सार्वजनिक सुनुवाई-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने, सुशासन व्यवस्थापन नियमावली २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक ४ महिनामा कम्तिमा १ पटक गराउनुपर्ने र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिवद्धता जनाएका कुराहरु पुरा गर्न कार्यालयले गरेका प्रयासहरु बारे जानकारी दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा यस सम्बन्धि विवरण प्राप्त नभएकोले उल्लेख गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

४५ **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) बमोजिम योजनाको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशत गरी जम्मा ४ प्रतिशत कन्टिन्जेन्सी वापत रकम छुट्याउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न शिर्षकबाट योजनाको लागतको ४ प्रतिशत रकम कट्टा गर्ने गरेको पाइयो । पालिकाले यस वर्ष कार्यविधि समेत नबनाई कन्टिन्जेन्सीबाट रू. १३१०८१७।- खर्च लेखेको पाइयो । पालिकाले आयोजनागत कन्टिन्जेन्सी खर्च विवरण राखेको छैन । पालिकाले यसरी कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि स्वीकृत गरी सोही व्यवस्थाको आधारमा अभिलेख राखि खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **फोहरमैला व्यवस्थापन-** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **योजना छनौट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, कल्भर्ट निर्माण, औषधि खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरे तापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता

जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **आयोजना हस्तान्तरण-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१२) मा निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४९ **निर्माण सामाग्रीको बिल भरपाई-** पालिका र विभिन्न निर्माण कार्यको उपभोक्ता समितिहरु बिच भएको सम्झौतामा रू. २० हजार भन्दा बढीको निर्माण सामाग्री खरिद गर्दा अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने र १.५% अग्रीम कर समेत कट्टा गरी भौचर सहितका बिलभरपाई पालिकाको कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिहरुले सिमेन्ट र फलामे छड खरिद गर्दा प्रायजसो मु.अ.कर बिजक पेश गरेता पनि ढुङ्गा,गिट्टी, बालुवा र काठ खरिद गर्दा मु.अ.कर बिजक पेश नगरी विभिन्न व्यक्तिले रकम बुझिलिएको भरपाई पेश गर्ने गरेको पाइयो । निर्माण कार्यमा प्रयोग हुने र मु.अ.कर लाग्ने निर्माण सामाग्रीहरु ढुङ्गा,गिट्टी, बालुवा र काठ खरिद गर्दा नेपाल सरकारले सम्झौतामा उल्लेख भए अनुसार अनिवार्य रुपमा मु.अ.कर विजक पेश हुनुपर्दछ । मु.अ.कर बिजक पेश नभएको अवस्थामा तथा व्यक्तिको भरपाईबाट लाखौं रकम खर्च गरेको अवस्थामा त्यस्ता व्यक्तिको आयबाट आयकर ऐन, २०५८ बमोजिम १५% अग्रीम करकट्टा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **प्राविधिक बिल र कार्य सम्पन्न-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **लागत साझेदारी-** पालिकाले उपभोक्ता समिति मार्फत वडा नं १,३,४ र ५ मा नाला निर्माण कार्यको लागि ४०% र अन्य निर्माण कार्य तथा अन्य वडाहरुमा गरिने सम्पूर्ण कार्यको लागि २०% लागत सहभागिता गर्नुपर्ने व्यवस्था गरेको छ । उपभोक्ता समितिले

एउटै योजनामा नाला तथा प्लम निर्माण कार्य गर्दा २० प्रतिशत लागत साझेदारी गर्ने गरेको पाइयो । पालिकाले गरेको व्यवस्था बमोजिम आनुपातिक रुपमा लागत साझेदारी गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **वितरणमुखि खर्च-** स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा प्रस्तावनाका आधारमा नगरप्रमुखको तोकआदेशले वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

| भौ नं. | विवरण | रकम |
|---|---|---|
| | नगरपालिका चालु तर्फ | |
| २६८५ | सुगम महिला नौमती बाजा सास्कृतिक समुहलाई नौमती बाजा खरिद सहयोग | १००००० |
| ४७२ | झापा फुटबल क्लबलाई बि-डिभिजन फुटबल आयोजना आर्थिक सहायता | ३००००० |
| १७९८ | आर्ट अफ लिभिङलाई साउण्ड सिस्टम खरिद सहयोग | ५०००० |
| २००५ | मानव सेवा आश्रमलाई खाद्यान्न सामग्री वितरण सहयोग | २००००० |
| ६७५ | बिर्तामोड युनाइटेड फुटबल क्लबलाई फुटबल प्रतियोगिता सहयोग | २००००० |
| २०२१ | नेपाल अलैंची व्यवसायी महासंघलाई अवलोकन भ्रमण खर्च सहयोग | ५००००० |
| २०६९ | जय पाथिभरा महिला नैमती बाजा समितिलाई नौमती बाजा खरिद सहयोग | २००००० |
| २०७२ | अन्तराष्ट्रिय झापा समाजको कार्यक्रमको खाजा खर्च भुक्तानी | ४६३५० |
| २१०१ | नारायण गोपाल स्मृती प्रतिष्ठानलाई गितार खरिद सहयोग | ७०००० |
| २२०२ | आर स्टुडियोलाई नाटक मञ्चन खर्च सहयोग | ८०००० |
| विभिन्न | बडी ग्यारेजलाई बडि बिल्डिङ्ग च्याम्पिसियन प्रतियोगिता सञ्चालन सहयोग विभिन्न वडा तथा नगरपालिका | ३३८५३२ |
| विभिन्न | मदन भण्डारी स्पोर्टस एकेडमीलाई कराँटे प्रतियोगिता सञ्चालन सहयोग विभिन्न वडा तथा नगरपालिका | ३००००० |
| २४२८ | अनेरास्ववियु लाई कार्यक्रममा खाना खाजा सहयोग | २१४७० |
| २६४५ | होटल व्यवसायी संघलाई कार्यक्रम खर्च सहयोग | १८०००० |
| २६९७ | प्रविधिमैत्री शिक्षक समाजलाई ICTMToT तालिम सहयोग खर्च | १००००० |

| | | |
|---|---|---|
| २१८२ | जिवन विज्ञानका प्रशिक्षकलाई योग म्याट खरिद | ५३९६८ |
| नगरपालिका पूँजीगत तर्फ | | |
| २५५ | क्षितिज नाट्य समूह झापा निर्माण तथा लाईट खरिदको लागि | १५८९२५० |

सैद्धान्तिक बेरुजु

५३ **अन्य निकायको खर्च-** पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायको मन्त्रालयको स्वीकृति बिना पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालयहरुलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं | निकायको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ७८१-२०८०।०३।२० | प्रहरी कार्यालय | किचन निर्माण तथा मर्मत कार्य | ६३०१७१ |
| ५८८-२०८०।०२।१८ | इलाका प्रहरी कार्यालय | फर्निचर खरिद | २००००० |

सैद्धान्तिक बेरुजु

५४ **संघसंस्था अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको संस्थालाई प्रशासनिक तथा निर्माण कार्यको लागि रकम अनुदान दिएको पाइयो । यसरी निजी उद्देश्यले स्थापना भएका संस्थालाई रकम भुक्तानी कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | भौचर नं र मिति | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | ४६२-२०८०।०१।१५ | होटल व्यवसायी संघको भवन निर्माण | ५००००० |
| २ | ५२२-२०८०।०२।१ | नेवा पासामुना पुचालाई भवन निर्माण | ५००००० |
| ३ | ७०३-२०८०।०३।०७ | किराँत कल्याण संघ घेराबार | ५००००० |

सैद्धान्तिक बेरुजु

५५ **क्याम्पसलाई अनुदान-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस वर्ष अनारमनी पब्लिक क्याम्पसलाई चमेना गृह निर्माण कार्यको लागि रू.८००००० भुक्तानी दिएको देखियो। उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको

देखिएन । अनुदान उपयोग सम्बन्धी कानुनी व्यवस्थाका नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमित नदेखिएको रू.

| अनियमित भएको | ८,००,००० |
|---|---|

**५६ कन्काई-विर्ता-अर्जुन नविकरणीय उर्जा तथा फोहर मैला व्यवस्थापन-**

५६.१ स्थानीय सरकार संचालन ऐन २०६४ को दफा २४ (६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडको दिगो सञ्चालन व्यवस्थापनका लागि तयार गरेको फोहोरमैला व्यवस्थापन संयुक्त लगानी परियोजना प्रस्ताव, २०७९ बमोजिम उक्त संस्थामा रू. १५००००००।— (१५ प्रतिशत) सेयर लगानी गर्न यस वर्ष वित्तीय खर्च शिर्षकबाट विभिन्न मितिको कार्यपालिका निर्णय गरी रू. १०५०००००।- उक्त कम्पनीलाई शेयर लगानी रकम भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार छः

• यस पालिकामार्फत लगानी भएको रू. १०५०००००।— को शेयर रकमको प्रमाण पत्र लेखापरीक्षणमा प्राप्त भएन । पालिकाले संस्थापक वा साधारण कुन शेयरमा लगानी गरेको हो सो समेत खुल्ने अभिलेख राखेको छैन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्र बमोजिम उक्त कम्पनीले २०७९ पौष महिना भित्र परियोजना सञ्चालन व्यवस्थापन गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०८० माघसम्म सोको कार्य सञ्चालन सुचारु भएको पाइएन । जैविक फोहोरमैलाबाट बायो ग्यास तथा कम्पोष्ट मलको परीक्षण उत्पादन भएको व्यहोरा पालिकाले जनाएको भएतापनी अजैविक फोहोर व्यवस्थापन गरी सो बाट प्लाष्टिक पेभमेण्ट ब्लक उत्पादन सम्बन्धी कार्य सुचारु भएको छैन । उक्त कम्पनीले बायो ग्यास तथा कम्पोष्ट मलको नियमित उत्पादन गरी उत्पादित वस्तुको बजारीकरणकालागि कार्ययोजना समेत तयार गरेको छैन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्रमा प्रत्येक १५ दिनमा कम्पनीले गरेको कार्य प्रगति विवरण नगरपालिकालाई पठाउनुपर्ने उल्लेख गरेकोमा सोको पालना भएको छैन ।

• फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको समझदारी पत्रमा कम्पनीले कर चुक्ता प्रमाण पत्र सहितका आवश्यक कागजात समय सिमा भित्र सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म उक्त कम्पनीले कर चुक्ता नबुझाई नन्- फाइलर रहेको देखिन्छ ।

अतः निजी कम्पनीको शेयर खरिद गर्ने सम्बन्धमा स्पष्ट कानूनी आधार तथा प्रतिफलको सुनिश्चितता बेगर पालिकाले गरेको लगानी नियमसम्मत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६.२ **गत वर्षको लगानी-** पालिकाको मिति २०७९ भाद्र २५ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार नगरपालिकाले गत वर्ष लगानी गरेको रू. १५०००००।— समेत लाइ परियोजनाको कुल स्थिर पूँजीमा समावेश गर्ने निर्णय भएकोमा पालिकाले उक्त लगानीलाई शेयर लगानीको रुपमा समावेश गरी नगरपालिकाको आर्थिक विवरणमा समेत समावेश गरेको देखिएन । अतः पालिकाले कार्यपालिका निर्णय बमोजिम सो रकम समेत शेयर पूँजीमा समावेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **फोहोरमैला व्यवस्थापन-** विर्तामोड नगरपालिका (पहिलो पक्ष) र निराकार सरसफाई सेवा प्रालि काठमाडौं (दोस्रो पक्ष) बीच मिति २०७८।१।१५ गते नगरक्षेत्रको फोहोरमैला व्यवस्थापन तथा सरसफाइ कार्यविधि २०७७ बमोजिम फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्झौता भएकोमा लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरु निम्नानुसार छः

५७.१ **भाडा भुक्तानी** – सम्झौताको बुँदा १.४ मेशिन तथा ट्याङ्क्टरहरुको भाडा हरेक ३।३ महिनामा नगरपालिकामा बुझाउनुपर्ने । त्यसैगरी बुँदा ३.१३ मा दोस्रो पक्षले प्रति ट्याक्टर प्रति महिना रू. १५ हजार भाडा पहिलो पक्षलाई बुझाउनुपर्ने उल्लेख छ । नगरपालिकाले ४ वटा ट्याक्टर उक्त संस्थालाई उपलब्ध गराएकोमा उक्त संस्थाले नगरपालिकालाई ट्याक्टर भाडा बापत बुझाउनुपर्ने शुल्क ४ वटा ट्याक्टरको वार्षिक रुपमा रू. ७२००००।— जम्मा गरेको पाइएन । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा मिति २०८००।७।२२ मा पेश्की जमानत बापत रू. १०००००।— असुल गरी आन्तरिक राजस्व खातामा दाखिला गरेको छ । पालिकाले गत विगत समेतको उठ्नुपर्ने राजस्व एकिन गरी बाँकी रकम समेत असुल गरी हिसाब फरफारक गर्नुपर्दछ ।

**अनुगमन-** सम्झौताको बुँदा ३.१ मा शहरी क्षेत्रमा कम्तिमा हप्ताको ३ पटक र ग्रामीण क्षेत्रमा कम्तिमा हप्ताको २ पटक फोहोर संकलन गरी विषर्जन गर्नुपर्ने उल्लेख छ । उक्त संस्थाले सो बमोजिम कार्य गरे नगरेको सम्बन्धमा नगरपालिकाले आवश्यक अनुगमन गरेको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.२ **शुल्क व्यवस्थापन-** सम्झौताको बुँदा १.६ मा संस्थाद्वारा सेवा शुल्क संकलन गर्दा नगरपालिकाले तोकिएको दरमा नबढ्ने गरी संकलन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको आर्थिक ऐनमा फोहोरमैला व्यवस्थापन शुल्क तोके बमोजिम संस्थाले सेवा शुल्क उठाउने गरे नगरेको सो सम्बन्धी अनुगमन संयन्त्रण तयार गरेको पाइएन । सम्झौतामा निजी क्षेत्रले ट्याकटर भाडाको शुल्क बाहेक अन्य कुनैपनि शुल्क तिर्ने सम्बन्धी व्यवस्था छैन । अतः पालिकाले फोहोर व्यवस्थापनमा साझेदारी गर्दा संकलित शुल्क पालिकाको नियन्त्रण हुने गरी निश्चित प्रतिशत राजस्व जम्मा हुने गरी सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.३ **पारिश्रमिक भुक्तानी** - सम्झौताको बुँदा २.१ मा ल्याण्डफिल साइट वा फोहोर विसर्जन गर्ने स्थलको व्यवस्था पालिकाको दायित्व रहेको छ । त्यसैगरी सम्झौताको बुँदा ३.१४ मा फोहोरमैला व्यवस्थापनमा कार्यरत जनशक्तिहरुको पारिश्रमिक संस्थाले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइट उपलब्ध नगरेको कारण फोहोर उठाउन नसकेको भनी उक्त संस्थाले मिति २०७९।६।२ मा निवेदन दिएको छ । पालिकाले उक्त निवेदनका आधारमा उक्त संस्थाले व्यहोर्नुपर्ने जनशक्तिहरुको श्रावण महिनाको पारीश्रमिकबापत रू. ६४२०००।— भुक्तानी गरेको छ । नगरपालिकाले उचित डम्पिङ व्यवस्थापन साइट उपलब्ध नगराई सम्झौता गरेकोले पालिकालाई उक्त रकम थप व्ययभार पर्न गएको रू.

| असुल गर्नुपर्ने | ६,४२,००० |
|---|---|

५८ **वडाअध्यक्ष स्वास्थ्य सहायता कार्यक्रम-** नगरपालिकाको वडा नं. १ र रेडक्रस सोसाइटी झापा जिल्ला शाखा बिच वडाअध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तर्गत निःशुलक रक्त आपूर्तिकालागि रू. १०००००।— को सम्झौता मिति २०८०।३।१८ मा भएको छ । विपन्न वर्गका नागरिकलाई ब्लड बैंक मार्फत ब्लड उपलब्ध गराउने गरी सम्झौता भएकोमा रेडक्रस सोसाइटीले १०० युनिट रगत आपूर्ति गर्नुपर्ने र सम्झौता अनुसार कार्य सम्पादन गरेको सेवाको त्रैमासिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने सम्झौतामा उल्लेख छ । पालिकाले भौ नं. २५५४ बाट रेडक्रस सोसाइटीलाई कार्यक्रमको सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म उक्त संस्थाले सो कार्यक्रमको त्रैमासिक प्रतिवेदन पेश गरेको पाइएन । सम्झौता अनुसारको कार्य नभएको पालिकाले अनुगमन गरी सोको प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५९ **बिल भरपाई पेश नगरी बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायबमोजिमको कार्यक्रममा संलग्न बिल भरपाई भन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

| भौचर नं | कार्यक्रमको नाम | भुक्तानी लानेको नाम | भुक्तानी रकम | बिल भरपाई | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २६९५ | विर्तामोड विकास पुस्तक प्रकाशन | मिडिया रिसर्च सेन्टर | २००००० | १६०४६० | ३९५४० |
| जम्मा | | | | | ३९५४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,५४० |

६० **खर्चको पुष्टयाई-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| भौ नं. | खर्चको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २७०० | विविध खर्च | म्याजिक खाजा घर | ४६३२० | कुन कार्यक्रमको खर्च हो प्रयोजन नखुलेको |
| २६६८ | परामर्श खर्च | भिजन भण्डारी | ४५००० | परामर्शको सम्झौता कार्यदेश पेश नभएको |
| २६५७ | विविध खर्च | सोमराज थापा | ३९८५० | खाजा खाना खर्च मासिक रुपमा भुक्तानी भएको अवस्थामा दोहोरो खर्च लेखेको |
| २६१४ | वडा मेलमिलाप खर्च | विभिन्न १० वडा | ५९९५६० | वडा मेलमिलाप केन्द्रको सञ्चालन खर्च भुक्तानी भएकोमा कार्यक्रम प्रगति विवरण पेश नभएको |
| २५८६ | संचार महशुल | सुवास कुमार वि.क. | १९००० | टोल विकास अध्यक्षलाई रिचार्ज गर्नुपर्ने आधार पेश हुनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| २५७२ | विभिन्न सामग्री खरिद | इन्द्रेणी महिला समाज | ११०००० | ल्यापटप, कुर्सी, टेबल, चेयर लगायतका सामग्री जिन्सी दाखिला नभएको |
| २५०१ | काठमाण्डु मेयर कप | नगर खेलकुद विकास समिति | १२०००० | कार्यक्रममा भएको खर्च सार्वजनिकिरण तथा प्रमाणिकरण नभएको खर्चको प्रतिवेदन प्रमाणित नभएको |
| २४७४ | संचार खर्च | नन्दलाल आचार्य | २३००० | प्रयोजन नखुलेको |
| २३४२ | कार्यक्रम निर्माण | इजलास मिडिया प्रा लि | ३००००० | कार्य क्षेत्रगत शर्त, लागत अनुमान स्वीकृत नभएको |
| १२६८ | वडाअध्यक्ष फुटबल प्रतियोगिता सञ्चालन | वडास्तरिय फुटबल प्रतियोगिता सञ्चालन उ स | ४००००० | फुटबल कार्यक्रममा भएको खर्च सार्वजनिकिरण तथा प्रमाणिकरण नभएको कार्यक्रमको प्रस्तावना तथा प्रगती प्रतिवेदन पेश नभएको |
| २१७ | आवधिक विकास योजना तयारी | पाथवे नेपाल प्रा.ली. | ४९३००० | गत वर्षको भुक्तानी बाँकी प्रमाणित नभएको, सम्झौता पेश नभएको |
| १४८९ | उपचार खर्च | पूर्ण टुङ्गा बिर्ता सिटी हस्पिटल एण्ड रिसर्च सेन्टर | १७१४१३ | डम्बर बहादुर बस्नेत र गोमादेवी बस्नेतको उपचार खर्चको सक्कल बिजक पेश नभएकोले दोहोरो दावी हुनसक्ने |
| १९५२ | कर्पोरेट सुपर सिक्स प्रतियोगिता | नगर खेलकुद विकास समिति | ७०९४१० | कार्यक्रममा भएको खर्च सार्वजनिकिरण तथा प्रमाणिकरण नभएको कार्यक्रमको प्रस्तावना तथा प्रगती प्रतिवेदन पेश नभएको |
| १६२० | कार्यक्रम खर्च | बिर्तामोड नगरपालिका खेलकुद विकास समिति | ४०००० | कार्यक्रममा भएको खर्च सार्वजनिकिरण तथा प्रमाणिकरण नभएको कार्यक्रमको प्रस्तावना तथा प्रगती प्रतिवेदन पेश नभएको |
| २७१३ | आरबिपिआर स्ट्रेप्ट्रो फोटोमिटर खरिद गरी हस्तान्तरण | प्यासिफिक कमर्सियल कम्पनी | १३६७३०० | खरिद गरी विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला इकाइलाई हस्तान्तरण गरेकोमा उक्त संस्थाको PAMS मा दाखिला भएको प्रमाण |

| | | | | |
|---|---|---|---|---|
| | | | | पेश नभएको, साथै उक्त मेशिनको वारेण्टी प्रमाण संलग्न नभएको |
| प्रकोप व्यवस्थापन तर्फ | | | | |
| ६३ | मोटर साइकल दुर्घटना उपचार खर्च | गोविन्द पौडेल | ६३९६२० | गोविन्द पौडेल को उपचार खर्च मध्ये बिर्ता पूर्ण टुंङ्ग बिरता सिटी हस्पिटल एण्ड रिसर्च सेण्टरलाई रू. ३३५०९०।-, बिर्ता सिटी हस्पिटल फार्मेसीलाई रू. २५४५३०।— र गोविन्द पौडेलाई रू.५००००।— भुक्तानी भएकोमा बिल भरपाई पेश नभएको तथा खर्च व्यहोर्ने आधार पेश नभएको |
| जम्मा | | | ५१२३४७३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,२३,४७३ |

६१ **उपभोक्ता समितिमार्फत खरिद तथा कार्यक्रम सञ्चालन-** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, तालिम सञ्चालन, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायबमोजिमको खरिद कार्य तथा कार्यक्रम सञ्चालन उपभोक्ता समिति मार्फत गराई रू. ३५५९०००।- भुक्तानी दिएको छ । उपभोक्ता समितिमार्फत कार्यक्रम तथा तालिम सञ्चालनमा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी समितिले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । उपभोक्ता समिति मार्फत खरिद गर्ने कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । साथै उपभोक्ता समितिमार्फत गरेको खरिद नियमसम्मत नदेखिएको रू.

| भौचर नं | कार्यक्रमको नाम | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| नगरपालिका चालु तर्फ | | | |
| २४४० | आर्थिक बृद्धिका लागि लक्षित सामुदायलाई बंगुरको पाठा बितरण कार्यक्रम | लक्षित सामुदायको लागि वंगुर को पाठा खरिद तथा वितरण उ स | १००००० |
| २४८० | झोला बनाउने तालिम | समृद्ध टोल विकास संस्था | १००००० |
| २४३८ | उद्योषण तालिम | नारायण कृष्ण टोल विकास संस्था | १००००० |

| | | | |
|---|---|---|---|
| २३०२ | आदिवासी, जनजातीलाई कम्प्युटर तालिम | आदिवासी जनजाती उत्थान विकास कार्यक्रम उ स | ८०००० |
| २२७६ | कपुर धुप बनाउने तालिम | बुद्धनगर महिला समूहको अर्गानीक कपुर धुप वनाउने उपभोक्ता समिति | ५०००० |
| २२४७ | दलित समुदायलाई कम्प्युटर तालिम | दलित उत्थान तथा क्षमता विकास उ स | १५०००० |
| २२४६ | खेल प्रशिक्षण कार्यक्रम | नव सूर्यदय महिला समुह | ५५००० |
| २२१८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | विशाल कृषि सहकारी सस्था लि | १००००० |
| २१०९ | महिला नेतृत्व क्षमता विकास तालिम | उर्जाशिल रामधुनी आमा समुह | ६०००० |
| २०५० | अचार बनाउने तालिम | मेचि महाकाली बुहारी संयुक्त आवाज | ५०००० |
| २०२० | अनुदानमा धानको बिउ वितरण कार्यक्रम | धानको बिउ खरिद तथा वितरण उ स | ५००००० |
| २५७२ | ब्याग बनाउने तालिम | इन्द्रेणी महिला समाज | ११०००० |
| २४३८ | शसक्तिकरण तालिम | उत्पिडित उ स | १००००० |
| १८९६ | ट्युबवेल खरिद तथा जडान | अति विपन्न परिवारलाई खानेपानी ट्युबवेल जडान उ स | १९६००० |
| १६४२ | स्वास्थ्य शिविर सञ्चालन | विशाल कृषि सहकारी सस्था लि | २००००० |
| १४०३ | ट्युबवेल खरिद तथा जडान | विपन्न परिवारलाई ट्युबवेल जडान उ स | १९६००० |
| १९२३ | टिन खरिद तथा जडान | विपन्न नागरिकका लागि टीन खरिद उ स | १९६००० |
| १७५५ | बंगुर पाठा खरिद तथा वितरण | दलित समुदाय बंगुर पाठा साटासाट उ स | २००००० |
| २१६० | हार्मोनियम खरिद | हार्मोनियम खरिद उ स | २०००० |
| १६०३ | विद्युत विस्तार कार्य | विद्युत विस्तार उ स | १९६००० |
| वडा ७ | विद्युत महशुल भुक्तानी | विद्युत महशुल भुक्तानी उ.स. | ३००००० |
| नगरपालिका पूँजीगततर्फ | | | |
| ४८२ | हात्ती प्रभावित क्षेत्रमा सडक बत्ति जडान (टर्च लाइट खरिद तथा वितरण) | हात्ती प्रभावित क्षेत्रमा टर्च लाईट खरिद तथा वितरण समिति | ५००००० |
| | | जम्मा | ३५५९००० |

| | |
|---|---|
| अनियमित भएको | ३५,५९,००० |

६२ **पदोन्नती र ग्रेड थप सम्वन्धमा-** नेपालको संबिधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने गरी स्थानीय तहले बनाएको कानुन बमोजिम हुने उल्लेख छ । प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ५(ग) मा स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने उल्लेख छ । नगरपालिकाले कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बनाई मिति २०७८/०५/१६ को निर्णयअनुसार ११ जना कर्मचारीलाई पदोन्नति हुने गरी तह वृद्धि तथा ग्रेड बृद्धि गरेको छ । कानून नभएकोले तह वृद्धि हुने कर्मचारी माथिल्लो तहको लागि चाहिने योग्यता र सेवा अवधि पुरा भए नभएको, समान योग्यता भएका कर्मचारी सवैले पदोन्नतिको समान अवसर पाए नपाएको तथा समन्यायिक तरिकाले कर्मचारीको तह वृद्धि भए नभएको सम्वन्धमा परीक्षण गर्न सकिएन । प्रदेश लोक सेवाको परामर्श बेगर भएको र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम मान्यता प्रदान नहुने गरी बढुवा भएको कारणजनाई पालिकाले गरेको उक्त बढुवा २०८०।१।१४ बाट बदर गरेका छ । अतः तह वृद्धि तथा ग्रेड वृद्धि गरेका ११ कर्मचारीलाई २०७९।०४।०१ देखि २०८०।१।१३ सम्मको बढेको तलब भत्ता भुक्तानी गर्दा पालिकालाई रू. २५०९९२/- थप व्ययभार परेको छ । छलफलका क्रममा प्रदेश सरकारद्वारा स्थानीय सेवा तथा सञ्चालन ऐन, २०८०।९।२२ मा लागु गरेको छ । सो ऐनको दफा १५४ मा यस ऐन पूर्व स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको भनी कार्यालयको भनाई रहेको छ ।

| कर्मचारीको नाम थर | साविकको पद | बढुवा भएको पद | साविकको तलब | बढेको तलब | व्ययभार रकम |
|---|---|---|---|---|---|
| सोमराज थापा | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | ५६५४७ | ५८४८७ | २२०७० |
| जय तिम्सिना | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | ५६५४७ | ५८४८७ | २२०७० |
| डिल्लीराम गौतम | अधिकृतस्तर छैटौ | अधिकृतस्तर सातौ | ५२४२५ | ५५०१९ | २९५११ |
| मेघराज वास्तोला | सहायक स्तर पाँचौ | अधिकृतस्तर छैटौ | ३८२०४ | ४५१४५ | ७८९६६ |
| रामबहादुर वुढाथोकी | सहायक स्तर पाँचौ | अधिकृतस्तर छैटौ | ४३९९४ | ४५१४५ | १३०९५ |
| कृष्णचन्द्र नेपाल | सहायक स्तर पाँचौ | अधिकृतस्तर छैटौ | ४३९९४ | ४५१४५ | १३०९५ |
| हेमराज गौतम | सहायक स्तर चौथौ | सहायक स्तर पाँचौ | ४०५८१ | ४२८३६ | २५६५४ |
| रेनुका मिश्र | सहायक स्तर तेस्रो | सहायक स्तर चौथौ | ३३१३२ | ३३९९९ | ९८६४ |
| नन्दलाल आचार्य | सहायक स्तर पाँचौ | अधिकृतस्तर छैटौ | ४३९९४ | ४५१४५ | १३०९५ |
| शोभा दाहाल | सहायक स्तर चौथौ | सहायक स्तर पाँचौ | ३९४८४ | ४०५२० | ११७८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| सुजाता तामाङ | सहायक स्तर चौथौ | सहायक स्तर पाँचौ | ३९४८४ | ४०५२० | ११७८६ |
| | | | | जम्मा | २५०९९२ |

सैद्धान्तिक बेरुजु

६३ **करार कर्मचारी सञ्चयकोष-** नेपालको संविधान २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने उल्लेख छ । नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले विर्तामोड नगरपालिकाको कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ निर्माण गरी लागु गरेको छ । उक्त ऐनको दफा ८(३) मा बिर्तामोड नगरपालिकामा कार्यरत सबै अस्थायी एवं करार कर्मचारीहरुको संचय कोष कट्टा गरिने व्यवस्था गरेको छ । सम्बन्धित कर्मचारीहरुको शुरु मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सोही बराबरको रकम नगरपालिकाबाट थप गरी सञ्चयकोषमा रकम जम्मा गर्ने व्यवस्था बमोजिम पालिकाले शर्शत तर्फबाट तलब खाने कर्मचारी समेत १३० जना अस्थाई तथा करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सञ्चयकोष थप १० प्रतिशत बापत वार्षिक रू. ४२०९४२६।- खर्च गरेको छ । यसरी संघीय तथा प्रदेश ऐन कानुनमा व्यवस्था नभएको सेवा सुविधा रकम थप व्ययभार पर्ने गरी ऐन बनाएर खर्च गरेको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,०९,४२६ |

६४ **कर्मचारी खाजा भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । मिति २०७९।९।२५ को कार्यापलिकाको निर्णय नम्बर १५ मा पौष १ गतेबाट लागु हुने गरी प्रति कर्मचारी प्रति महिना रू. २५००।— का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको पाइयो । पालिकाले सोही निर्णयको आधारमा पालिका अन्तर्गतका २३७ जना कर्मचारीहरुलाई मासिक रू. २५००।— का दरले ६ महिनाको खाजा खर्च बापत पारीश्रमिक तथा करार सेवा शुल्क शिर्षकबाट रू. ३५५५०००।- भुक्तानी गरेको छ । पालिकाले कानून तर्जुमा नगरी प्रचलित संघीय कानूनमा व्यवस्था भएको सेवा सुविधामा कार्यपालिकाद्वारा निर्णय गराई प्रदेश कानून बमोजिम खाजा भत्ता बापत खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

६५ **बैठक भत्ता-** कार्य सञ्चालन निर्देशिका, २०७७ मा कानुन बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउनुपर्ने र एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारीमात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध गराउने छैन भनी उल्लेख छ । त्यसैगरी समितिको बैठकमा विषयविज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन भनी उल्लेख छ । पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रू. ३३ लाख ८१ हजार खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

• पालिकाले अधिकांश क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गर्ने गरेको पाइयो ।
• बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छैन।
• बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत बैठक बसी खर्च गरेको पाइयो ।
• विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकीकृत अभिलेख तयार गर्नु पर्दछ । तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **कर कट्टी-** आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

| भौ.नं. | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| नगरपालिका चालुतर्फ | | | | | |
| २७३० | पशु बिमा कार्यक्रम | राजेश अधिकारी | ४५००० | २६३३ | रू. २१७५।— पारिश्रमिक कर र रू. ४५८।— अग्रीम कर कट्टी नभएको |
| १३ | सुचना प्रकाशन | रिपोर्टर्स क्लब नेपाल | ५०००० | ६७५० | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ७५०।— मात्र कर कट्टी भएको |
| २५९२ | बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन | समय संजाल मिडिया | ३००००० | १५८५१ | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. २९१४९।— मात्र कर कट्टी भएको |
| २५९१ | वित्तीय साक्षरता क्षमता विकास तालिम | युवा केन्द्र नेपाल | १००००० | ८१०७ | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ६८९३।— मात्र कर कट्टी भएको |
| २३९६ | ब्युटिपार्लर तालिम | सौन्दर्य ब्युटिपार्लर एण्ड ट्रेनिङ सेन्टर | ६०००० | ४८०० | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ४२००।— मात्र कर कट्टी भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९ | कम्प्यूटर तालिम | निसानी कम्प्यूटर एण्ड सर्भिसेस | ६०००० | ८१२५ | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ८७५।— मात्र कर कट्टी भएको |
| २०१९ | ड्राइभिङ तालिम | न्यू विश्वकर्मा मोटर ड्राइभिङ सेन्टर | २००००० | २७००० | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ३०००।— मात्र कर कट्टी भएको |
| शर्शत तर्फ | | | | | |
| ११४ | लागत सहभागिता रकममा कर कट्टी नगरेको | हरियाली अर्गानिक तरकारी उत्पादन समुह | १२००००० | ९००० | रू. १८०००।— कट्टी गर्नपर्नेमा रू. ९०००।— मात्र कट्टा गरेको |
| ११५ | लागत सहभागिता रकममा कर कट्टी नगरेको | विशाल कृषि सहकारी समुह | १२००००० | ९००० | रू. १८०००।— कट्टी गर्नपर्नेमा रू. ९०००।— मात्र कट्टा गरेको |
| २१२ | लागत सहभागिता रकममा कर कट्टी नगरेको | कामधेनु कृषि सघन | ८००००० | ६००० | रू. १२०००।— कट्टी गर्नपर्नेमा रू. ६०००।— मात्र कट्टा गरेको |
| २२७ | लागत सहभागिता रकममा कर कट्टी नगरेको | पूर्व कृषि फर्म | ८००००० | ६००० | रू. १२०००।— कट्टी गर्नपर्नेमा रू. ६०००।— मात्र कट्टा गरेको |
| २२८ | लागत सहभागिता रकममा कर कट्टी नगरेको | चेसुङ कृषि फर्म | ८००००० | ६००० | रू. १२०००।— कट्टी गर्नपर्नेमा रू. ६०००।— मात्र कट्टा गरेको |
| | विज्ञान प्रयोगशाला सामग्री खरिद | विर अमरसिंह आ वि | ६५०००० | ९७५० | कर कट्टी नगरेको |
| | विज्ञान प्रयोगशाला सामग्री खरिद | शुक्रराज आ वि | ६५०००० | ९७५० | कर कट्टी नगरेको |
| | पुस्तकालय व्यवस्थापन | सरस्वती मा वि | ६५०००० | ९७५० | कर कट्टी नगरेको |
| | पुस्तकालय व्यवस्थापन | लक्ष्मी नारायण प्रा.वि. | ६५०००० | ९७५० | कर कट्टी नगरेको |
| ३६८ | किसान सुचिकरण कार्यक्रम | लक्ष्मी प्रसाई | २६४१५० | ३९६२२ | कर कट्टी नगरेको |

| प्रदेश चालु | | | | | |
|---|---|---|---|---|---|
| ७ | ढाका बुनाई तालिम | विष्णु कुमारी राई | ७०००० | ९८०० | रू. १०५००।— कट्टी गर्नपर्नेमा रू. ७००।— मात्र कट्टा गरेको |
| | | | जम्मा | १९७६८८ | |

| असुल गर्नुपर्ने | १,९७,६८८ |
|---|---|

६७ **मसलन्द तथा कार्यालय सामग्री खरिद-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रू. २७६१८३२/- र वडातर्फ रू. ९७५५२०।— समेत रू. ३७३७३५२।- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **सूचना प्रकाशन खर्च-** विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रू. ४२७०६२०/- खर्च गरेकोमा उक्त मिडिया फर्महरुले न्यून छुट उपलब्ध गराएको पाइयो । पालिकाले एकै आर्थिक वर्षमा विज्ञापन एजेन्सीलाई अलग अलग दररेटमा विज्ञापन सेवा शुल्क भुक्तानी गरेको छ। सूचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सूचना प्रदायक छनौट गर्नुपर्नेमा सो अनुसार नगरी सोझै बिना प्रतिस्पर्धा खर्च गरेको नियमसम्मत देखिएन । साथै शुभकामना तथा सन्देशमुलक सूचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्मलाइ रू. ४३६६२६७/- भुक्तानी दिई खर्च लेखेको छ । पालिकाले यस प्रकारको खर्चलाई निरुत्साहित गर्दै सूचना प्रकाशनको खर्चलाई मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **इन्धन खर्चको मापदण्ड-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पालिका र अन्तर्गतका शाखाहरुको विभिन्न शिर्षकमा बजेट विनियोजन गरी रू. ७५४३८२३/- इन्धन खर्च गरेको छ । त्यस अतिरिक्त वडाहरुमा समेत रू. ४८४७२०।— सहित कुल रू. ८०२८५४३।— इन्धन खर्च लेखेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकासँग इन्धन खर्चको विवरण माग गरिएकोमा सो उपलब्ध हुन नआएकोले इन्धन खर्चको उपयोगको परीक्षण गर्न सकिएन। इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी तथा कर्मचारीको नमुना कार्यसञ्चालन

निर्देशिकालाई आधारमानी इन्धनको कोटा निर्धारण गरी इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

७० **भ्रमण खर्च-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ । यस पालिकाले वार्षिक भ्रमणमा रू. २७५०१९८।— खर्च लेखेको छ । यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा कतिपय भ्रमण आदेश स्वीकृत नभएको, भ्रमण अभिलेख खाता प्रयोग नगरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन । नगरपालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । प्रमुख प्रशासकिय अधिकृतले समेत आआफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेको पाइयो । पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरुको पालना गर्दै भ्रमण खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७१ **अनुगमन भत्ता-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसार मासिक प्रतिवेदन पेश गर्ने गरी अनुगमन भत्ता सहितको अनुसुची १ बमोजिम सुबिधालाइ अधित्तम मानि कार्यपालिकाबाट निर्णय गरी सुबिधा मासिक पाउने ब्यवस्था रहेको र दफा ८(१) बमोजिम पालिकाको आफ्नो क्षेत्रभित्र भ्रमण तथा अनुगमन कार्यका लागि थप कुनै सुविधा नपाउने व्यवस्था छ । कर्मचारीहरुको लागि अनुगमन भत्ता सम्बन्धी व्यवस्था भएको छैन । त्यसतै पालिकाले आफ्नो क्षेत्रभित्र अनुगमन सम्बन्धि कार्यका लागि स्थानीय ऐन बमोजिम नगर सभाबाट अनुगमन समिति गठन गरी बिधिवत रुपमा योजनाहरुको अनुगमन गरी प्रतिवेदनको अभिलेख राख्नुपदर्छ । तर पालिकाले आफ्नो क्षेत्रभित्र कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी देहायअनुसार भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रू.

| क्र.स. | कर्मचारीको नाम | वार्षिक अनुगमन संख्या | दर | अनुगमन खर्च |
|---|---|---|---|---|
| १ | प्रेम प्रसाद दाहाल | ३० | १५०० | ४५००० |
| २ | विनोद भट्टराई | २३ | १५०० | ३४५०० |
| | | | जम्मा | ७९५०० |

| असुल गर्नुपर्ने | ७९,५०० |
|---|---|

७२ **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रू. २५१३३१४/- खर्च गरेको छ । पालिकाले सभा सञ्चालन, कार्यपालिका बैठक लगायतमा खाना खाजाबापत रू. ४५५२०६।— खर्च लेखेको छ । वडागत तथा शाखागत रुपमा पालिकाले विविध खर्च बापत रू. २०४३४१२।— समेत कुल रू. ५०११९३२।— विविध खर्च गरेको छ । पालिकाले के कुन कार्यक्रमा, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा

रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. १७ करोड ८९ लाख ६० हजार को २.८० प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **बिधुत महशुल-** प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को बुँदा नं २१ मा बिजुलि पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले यस वर्ष निम्नानुसार बिधुत महशुल भुक्तानी गर्दा जरिवाना रू. ६८६३५/- भुक्तानी गरेको छ। बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी महशुल भुक्तानी गर्नाको कारण खुलाई जरीवाना बापतको रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

| भौ नं. | विलको विवरण | जरीवाना रकम |
|---|---|---|
| | नगरपालिका चालु तर्फ | |
| २४६४ | नगर अस्पतालको खानेपानी महशुल भुक्तानी | ६०१४ |
| २३०७ | नगरपालिकाको विद्युत महशुल भुक्तानी | १५१५ |
| २३०७ | नगरपालिकाको खानेपानी महशुल भुक्तानी | ७३० |
| २२३५ | नगर अस्पतालको विद्युत महशुल भुक्तानी | ५१६२ |
| २१५८ | शहरी स्वास्थ्य केन्द्रको विद्युत महशुल भुक्तानी | ७५११ |
| वडा ७ | विद्युत महशुल भुक्तानी उ.स. लाई हात्ति प्रभावित क्षेत्रको विद्युत महशुल भुक्तानी | ४७७०३ |
| | जम्मा | ६८६३५ |

| अनियमित भएको | ६८,६३५ |
|---|---|

७४ **अनुगमन भत्ता-** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसार मासिक प्रतिवेदन पेश गर्ने गरी अनुगमन भत्ता सहितको अनुसुची १ बमोजिम सुबिधालाइ अधित्तम मानि कार्यपालिकाबाट निर्णय गरी सुबिधा मासिक पाउने व्यवस्था रहेको र दफा ८(१) बमोजिम पालिकाको आफ्नो क्षेत्रभित्र भ्रमण तथा अनुगमन कार्यका लागि थप कुनै सुविधा नपाउने व्यवस्था छ । त्यसतै पालिकाले आफ्नो क्षेत्रभित्र अनुगमन सम्बन्धि कार्यका लागि स्थानीय ऐन बमोजिम नगर सभाबाट अनुगमन समिति गठन गरी बिधिवत रुपमा योजनाहरुको अनुगमन गरी प्रतिवेदनको अभिलेख राख्नुपदर्छ । नमुना छनौट गरी प्ररिक्षण गर्दा पालिकाले आफ्नो क्षेत्रभित्र पदाधिकारीहरु तथा कर्मचारीहरुसमेत विभिन्न कार्यक्रम तथा तालिमहरु अनुगमन गरेको भनी देहायअनुसार भुक्तानी लिएकोमा दोहोरो सुविधा असुल गर्नुपर्ने रू.

| भौ नं. | कर्मचारी तथा पदाधिकारीको नाम | कार्यक्रमको नाम | अनुगमन खर्च |
|---|---|---|---|
| २७१४ | तिलचन भण्डारी | तरकारी उत्पादन सम्बन्धी तालिम | १५०० |

| | | | |
|---|---|---|---|
| २७१४ | जयराम चौलागाई | तरकारी उत्पादन सम्बन्धी तालिम | १५०० |
| २७१४ | सोमराज थापा | तरकारी उत्पादन सम्बन्धी तालिम | १५०० |
| २७१४ | तेजिन्द्र तामाङ | तरकारी उत्पादन सम्बन्धी तालिम | १५०० |
| २५४५ | जय तिम्सिना | बंगुर पालन तालिम | २००० |
| २४८० | दिपक कुमार न्यौपाने | झोला बनाउने तालिम | ३३३३ |
| २७३८ | तिलचन भण्डारी | मल तथा बिउ वितरण कार्यक्रम | १५०० |
| २७३८ | सोमराज थापा | मल तथा बिउ वितरण कार्यक्रम | १५०० |
| २७३८ | तेजिन्द्र तामाङ | मल तथा बिउ वितरण कार्यक्रम | १५०० |
| २७३८ | प्रकाश न्यौपाने | मल तथा बिउ वितरण कार्यक्रम | १५०० |
| २७३८ | तेज कुमार बराल | मल तथा बिउ वितरण कार्यक्रम | १५०० |
| २७२८ | नगेन्द्र प्रसाद संग्रौला | क्षमता अभिवृद्धि तालिम | १५०० |
| २७२८ | यमुना आचार्य | क्षमता अभिवृद्धि तालिम | १५०० |
| २७२८ | डिल्ली दाहाल | क्षमता अभिवृद्धि तालिम | १५०० |
| २७२८ | तिलचन भण्डारी | क्षमता अभिवृद्धि तालिम | १५०० |
| २७२४ | पवित्रा देवी महतरा प्रसाई | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | १५०० |
| २७२४ | नगेन्द्र प्रसाद संग्रौला | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | १५०० |
| २७२४ | यमुना आचार्य | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | ४५०० |
| २७२४ | डिल्ली दाहाल | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | ३००० |
| २३३६ | जय तिम्सिना | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ६००० |
| २३३६ | सोमराज थापा | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ६००० |
| २३३६ | तेजेन्द्र तामाङ | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ६००० |
| २३३६ | राम बुढाथोकी | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ४५०० |
| २३३६ | प्रकाश न्यौपाने | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ४५०० |

| | | | |
|---|---|---|---|
| २३३६ | तेज कुमारी बराल | मेड्पा सम्बन्धी विभिन्न तालिम सञ्चालन | ४५०० |
| २३२५ | तेजेन्द्र तामाङ | व्यवसायीक तरकारी खेती तालिम | १५०० |
| २३२२ | जय तिम्सिना | अचार बनाउने तालिम | १५०० |
| २३२२ | सोमराज थापा | अचार बनाउने तालिम | १५०० |
| २३२२ | तेजेन्द्र तामाङ | अचार बनाउने तालिम | १५०० |
| २३२२ | राम बुढाथोकी | अचार बनाउने तालिम | १५०० |
| २३२२ | प्रकाश न्यौपाने | अचार बनाउने तालिम | १५०० |
| २३२२ | तेज कुमारी बराल | अचार बनाउने तालिम | १५०० |
| २७२४ | पवित्रा देवि महतरा प्रसाई | महिला बालबालिका क्षमता विकास तालिम | १५०० |
| २७२४ | नगेन्द्र प्रसाद संग्रौला | महिला बालबालिका क्षमता विकास तालिम | १५०० |
| २७२४ | यमुना आचार्य | महिला बालबालिका क्षमता विकास तालिम | ४५०० |
| २७२४ | डिल्ली दाहाल | महिला बालबालिका क्षमता विकास तालिम | ३००० |
| २०५८ | पवित्रा देवि महतरा प्रसाई | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | १५०० |
| २०५८ | यमुना आचार्य | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | ३००० |
| २०५८ | डिल्ली दाहाल | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | १५०० |
| २०५८ | प्रकाश न्यौपाने | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | १५०० |
| १८२० | मदन बुढाथोकी | टोल विकास संस्था प्रस्ताव लेखन तालिम | ४५०० |
| १८२० | यमुना आचार्य | टोल विकास संस्था प्रस्ताव लेखन तालिम | ४५०० |
| १८२० | सोमराज थापा | टोल विकास संस्था प्रस्ताव लेखन तालिम | ४५०० |
| १८२० | सुर्य प्रसाद कन्दङवा | महिला हिंसा न्यूनिकरण तालिम | १५०० |
| १८२० | यमुना आचार्य | महिला हिंसा न्यूनिकरण तालिम | ७५०० |
| १८२० | डिल्ली दाहाल | महिला हिंसा न्यूनिकरण तालिम | ६००० |
| १८२० | दुर्योधन गुरुङ | महिला हिंसा न्यूनिकरण तालिम | १५०० |

| | | | |
|---|---|---|---|
| १८२० | तेज कुमारी गौतम | महिला हिंसा न्यूनिकरण तालिम | १५०० |
| १८२० | राम बुढाथोकी | महिला हिंसा न्यूनिकरण तालिम | १५०० |
| १८२० | प्रकाश न्यौपाने | महिला हिंसा न्यूनिकरण तालिम | १५०० |
| १८४३ | पवित्रा देवी महत्तरा प्रसाई | न्यायीक समिति तालिम | ३००० |
| १८४३ | जय तिम्सिना | न्यायीक समिति तालिम | ३००० |
| १८४३ | तेजेन्द्र तामाङ | न्यायीक समिति तालिम | १५०० |
| ७७६ | नगेन्द्र प्रसाद संग्रौला | यौन दुर्व्यहार लाघु औषधी सम्बन्धी सचेतनामुलक गोष्ठी | १५०० |
| ७७६ | डिल्ली दाहाल | यौन दुर्व्यहार लाघु औषधी सम्बन्धी सचेतनामुलक गोष्ठी | ४५०० |
| ७७६ | सोमराज थापा | यौन दुर्व्यहार लाघु औषधी सम्बन्धी सचेतनामुलक गोष्ठी | १५०० |
| | | जम्मा | १४४८३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,८३३ |

७५ **शीर्षक फरक पारी खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रू.

| भौचर नं र मिति | कार्यक्रमको नाम | खर्च गरेको कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ७९९-२०८०।०३।२१ | देउनिया खोला, हर्चना खोला, भर्चुली खोला, रेखा खोलामा तटबन्धन तथा प्याकुरेल चोकबाट भेलागुडी सडक र भिर्चुली सिंचाई योजनाको डिपिआर निर्माण | गरामनी बजार क्षेत्रमा गरामनी बजार भवन निर्माण डिपिआर | ३९६६३० | वडा नं ८ को वडा समितिको २०७९।११।०८ को निर्णयानुसार कार्यक्रम संशोधन |

| | | | | |
|---|---|---|---|---|
| ४५१-२०७९।१२।३० | मर्मत सम्भार कोष | गरामनी बजार गुवाबारी हल्दीबारी रोड इन्टरलक कंक्रिट ब्लक विथ RCC | ८३०१७४ | |
| ५४६ | बासु बरालको घर पश्चिम रेखा पैनीमा कल्भर्ट निर्माण | बाटो ग्राभेल | ३३९८०० | वडा नं ६ को वडा समितिको २०८०।०१।१० को निर्णय बमोजिम शीर्षक परिवर्तन |
| १०४ | विपन्न आवास कार्यक्रम | विर्तामोड नगरपालिका र प्रहरी चौकी विर्ताबजारमा पेवर्स निर्माण ३ नं वडा कार्यक्रम | ७९२११७ | |
| २९-२०७९।०६।०४ | विपन्न आवास कार्यक्रम | वडा नं ३ बाट हनुमन्ते खोला हुँदै सगरमाथा मार्ग प्लम निर्माण | ४१८५७७ | |
| | | जम्मा | २७७७२९८ | |

| | |
|---|---|
| अनियमित भएको | २७,७७,२९८ |

७६ **वडा समिति मार्फत रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । कार्यपालिका बाहेक वडा समितिमा सभाद्वारा विनियोजित बजेट रकमान्तर गर्ने अधिकार सम्बन्धी कानूनी व्यवस्था रहेको पाइएन । पालिकाले आर्थिक वर्षको अन्तयमा वडा समितिको निर्णय अनुसार सभा द्वारा विनियोजित बजेटलाई रकमान्तर गरी खर्च गरेको पाइयो । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विभिन्न शीर्षकमा विनियोजित बजेटलाई देहायबमोजिम वडा समितिको निर्णय गरी खर्च लखेको नियमसम्मत नदेखिएको रू.

| भौ नं. | वडा नम्बर | विनियोजित शीर्षक | खर्च गरेको शीर्षक | खर्च रकम |
|---|---|---|---|---|
| २१४१ | ७ | कृषकहरु लाइ उन्नत जातको धानको विउ वितरण | विद्युत महशुल भुक्तानी | ३००००० |
| २१७६ | १ | वालक्लव गठन तथा सञ्चालन सहयोग | वडाको लागि ल्यापटप खरिद | ९९५०० |
| २१८० | ५ | अध्ययन अवलोकन भ्रमण कार्यक्रम | वडाको लागि ल्यापटप खरिद | ९०००० |
| २२०८ | १ | कला तथा साहित्य प्रतिष्ठान प्रवर्द्धन तथा सहयोग | वडा भवन मर्मत कार्य | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २२०८ | १ | गर्भवती महिलाहरुको लागि स्वास्थ्य तथा सुत्केरी पोषण कार्यक्रम | वडा भवन मर्मत कार्य | १५०००० |
| २२११ | ८ | युवा उद्यमविकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | फुटबल वितरण | २५००० |
| २२४० | १० | करदता अभिलेखिकरण कार्यक्रम | ग्राभेल खरिद | ९९८८९ |
| २४८४ | ४ | टोल विकास संस्थाहरुमा स्वास्थ्य कार्यक्रम साझेदारीमा संचालन | वडको लागि फिल्टर फ्रिज खरिद | ४९५८८ |
| २५३२ | ५ | युवा तथा खेलकुद विकास कार्यक्रम | रेनकोट ब्याग खरिद | २२००० |
| २५६९ | ५ | युवा तथा खेलकुद विकास कार्यक्रम | नाला मर्मत | १६१७०० |
| २६०० | ५ | शिक्षा, स्वास्थ्य तथा पोषण कार्यक्रम | रेनकोट ब्याग खरिद | २०००० |
| २६४४ | ४ | अवलोकन भ्रमण तथा क्षमता अभिवृद्धि कार्यक्रम (कर्मचारी तथा जनप्रतिनिधी ) | २ टन एसी खरिद | १९९६०० |
| २५५० | १ | कृषकहरुलाई गाई भैंसी सुत्केरी पोषण कार्यक्रम | ग्राभेल खरिद | १००००० |
| २५५० | १ | सार्वजनिक क्षेत्र सौन्दर्यीकरण कार्यक्रम | ग्राभेल खरिद | १००००० |
| | | | जम्मा | १५१७२७७ |

| | |
|---|---|
| अनियमित भएको | १५,१७,२७७ |

७७ **लोक सेवा तयारी कक्षा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले ५० जना विपन्न युवा महिलाहरुका लागि लोक सेवा आयोग तयारी कक्षा तालिम सञ्चालन गर्न फाउण्डेशन अफ नोभा एजुकेशन प्रा. लि.सँग रू. ३०००००।— को सम्झौता सोझै गरेको छ । पालिकाले कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार नगरी उक्त संस्थालाई छनौट गरेको तथा लाभान्वित सहभागीको छनौटको आधार समेत पेश गरेको पाइएन । उक्त संस्थाको पान नम्बर ६०२४६१३६४ आन्तरिक राजस्व कार्यालयको वेभसाइटमा हेर्दा उक्त संस्था मूल्य अभिवृद्धि करमा दर्ता भएको पाइएन । अतः मुल्य अभिवृद्धि करमा दर्ता नभएको अवस्थामा मुल्य अभिवृद्धि कर बिजक जारी गरेको सन्दर्भमा पालिकाले आन्तरिक राजस्व कार्यालयमार्फत छानविन गर्नुपर्ने देखिन्छ । साथै मुल्य अभिवृद्धि कर बापत भुक्तानी भएको रकम रू. ३९०००।— उक्त संस्थाबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,००० |

७८ **कार्यक्रम सञ्चालनमा बढी दर-** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को बुँदा नं ७.१.१५(४) मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित नगरपालिकास्तरीय सहायकस्तर/अन्य तालिममा प्रशिक्षक, संयोजक, सहयोगि, स्टेश्नरी, खाजा खर्च लगायतका खर्चको मापदण्ड सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार विभिन्न कार्यक्रममा नियमविपरीत बढी दरले खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| भौचर नं | कार्यक्रमको नाम | खर्च विवरण | भुक्तानी पाउने व्यक्तिको नाम | कक्षा / जना | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका चालु तर्फ | | | | | | | |
| १६९५ | सहकारी लेखापालन तालिम | प्रशिक्षक भत्ता | तेजिन्द्र तामाङ | ३ | १५०० | ८०० | २१०० |
| | | प्रशिक्षक भत्ता | डिल्ली दाहाल | १२ | १५०० | ८०० | ८४०० |
| १८४३ | न्यायीक समिति तालिम | संयोजक भत्ता | टिकामाया लामिछाने | ७ दिन | १५०० | ५०० | ७००० |
| | | प्रतिवेदन | गोमा पोखरेल | १ | ५००० | ३००० | २००० |
| ७७६ | यौन दुर्व्यहार लाघु औषधी सम्बन्धी सचेतनामुलक गोष्ठी | प्रतिवेदन | युग कुमारी भट्टराई | ३ | ९००० | ३००० | ६००० |
| | | प्रशिक्षक | युग कुमारी भट्टराई | ३ | १५०० | ८०० | २१०० |
| १२४५ | सहकारी लेखापालन तालिम | प्रशिक्षक भत्ता | तेजिन्द्र तामाङ | ३ | १५०० | ८०० | २१०० |
| | | प्रशिक्षक भत्ता | डिल्ली दाहाल | २६ | १५०० | ८०० | १८२०० |
| | | प्रशिक्षक भत्ता | जयराम चौलागाई | १६ | १५०० | ८०० | ११२०० |
| १८२० | महिला हिसां न्यूनिकरण तालिम | प्रशिक्षक भत्ता | उद्धव विष्ट | २३ | १५०० | ८०० | १६१०० |
| | | प्रशिक्षक भत्ता | पुष्पा कार्की | १२ | १५०० | ८०० | ८४०० |
| | | प्रशिक्षक भत्ता | टीका अधिकारी | १ | १५०० | ८०० | ७०० |
| | | प्रतिवेदन | पुष्पा कार्की | ६ | ३००० | १००० | १२००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८२० | टोल विकास संस्था प्रस्तावना लेखन तालिम | प्रशिक्षक भत्ता | जय तिम्सिना | ३ | १५०० | ८०० | २१०० |
| | | प्रशिक्षक भत्ता | डिल्ली दाहाल | २ | १५०० | ८०० | १४०० |
| | | प्रशिक्षक भत्ता | पुष्पा कार्की | १ | १५०० | ८०० | ७०० |
| | | प्रतिवेदन | युग कुमारी भट्टराई | १ | ३००० | १००० | २००० |
| २०५८ | विद्यालय बालक्लबका पदाधिकारीको क्षमता विकास तालिम | प्रशिक्षक भत्ता | पुष्पा कार्की | १२ | १५०० | ८०० | ८४०० |
| | | प्रशिक्षक भत्ता | युग कुमारी भट्टराई | २ | १५०० | ८०० | १४०० |
| | | प्रशिक्षक भत्ता | जानुका रेग्मी | १ | १५०० | ८०० | ७०० |
| | | प्रतिवेदन | पुष्पा कार्की | ३ | ३००० | १००० | ६००० |
| २७२४ | महिला बालबालिका क्षमता विकास तालिम | प्रशिक्षक भत्ता | जानुका रेग्मी | २ | १५०० | ८०० | १४०० |
| | | प्रशिक्षक भत्ता | पुष्पा कार्की | १२ | १५०० | ८०० | ८४०० |
| | | प्रशिक्षक भत्ता | उद्धव विष्ट | २ | १५०० | ८०० | १४०० |
| | | प्रशिक्षक भत्ता | युग कुमारी भट्टराई | २ | १५०० | ८०० | १४०० |
| | | प्रतिवेदन | पुष्पा कार्की | ३ | ३००० | १००० | ६००० |
| | | | शर्शत तर्फ | | | | |
| २५१ | ग्रामिण लेखाजोखा अभिमुखिकरण कार्यक्रम | प्रशिक्षक भत्ता | चनिमाया तामाङ | १० | १५०० | ८०० | ७००० |
| | | प्रशिक्षक भत्ता | कल्पना शिवाकोटी | १० | १५०० | ८०० | ७००० |
| | | | | | | जम्मा | १५१६०० |

| असुल गर्नुपर्ने | १,५१,६०० |
|---|---|

७९ **कार्यक्रम सञ्चालन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायका संस्थालाई वडा अन्तर्गतका विभिन्न कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी कार्यदिश दिएकोमा उक्त संस्थाले अन्य गैर सरकारी संस्था सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| भौ नं. | कार्यक्रम विवरण | सम्झौता गरेको संस्था | कार्य गरेको संस्था | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७०१ | ड्राइभिङ्ग तालिम | नेपाल आदिवासी जनजाती महासंघ वडा समन्वय परिषद | न्यू विश्वकर्मा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टर | ९९९५० |
| २४३८ | कम्प्यूटर प्रशिक्षण तालिम | उत्पीडित उपभोक्ता समिति | फाउण्डेशन अफ नोभा एजुकेशन प्रा. लि. | १००००० |
| | | | जम्मा | १९९९५० |

| अनियमित भएको | १,९९,९५० |
|---|---|

८० **रसिद नियन्त्रण खाता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद जारी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । लेखापरीक्षणको क्रममा पालिकाको पशुसेवा शाखामा नगदी रसिद प्रयोग गरेको देखिए देखियो । अन्य शाखामा नगदी रसिदको प्रयोग भए नभएको जानकारी प्राप्त हुन सकेन । पालिकाले छपाई गरेको वा मौज्दातमा रहेको रसिद र यो वर्ष प्रयोग भएको रसिदको अवस्था खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **आन्तरिक राजस्व अनुमान तथा असुली-** यो वर्ष नगरपालिकाले जम्मा रू. १५६४७००००।- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रू. १७८९६००२४.५८ आम्दानी गरेकोले लक्ष्यको तुलनामा रू. २२४९००२४.५८ (११४.३८ प्रतिशत) बढी आम्दानी गरेको देखियो । नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय तथा बक्यौता असुलीको प्रभाव विश्लेषण नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । बक्यौता असुलीको कारण आम्दानी पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

| शीर्षक | अनुमान | असुली | प्रतिशत | थप/घट |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११३१३ सम्पती कर | ४७०००००० | ४६६४५४१७.६६ | ९९.२५ | ३५४५८२.३४ |
| ११३१४ भुमिकर/मालपोत | १००००० | १७९१२६.५ | १७९.१३ | -७९,१२६.५० |
| ११३२१ वहाल कर | २८४००००० | ३२५२४०४८.८१ | ११४.५२ | -४१२४०४८.८१ |
| ११३२२ वहाल विटौरी कर | २७००००० | ७३६११४ | २७.२६ | १९६३८८६ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १००००० | १,९७०.०० | १.९७ | ९८,०३०.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४५००००० | १००००० | २.२२ | ४४००००० |
| ११४७९ अन्य मनोरञ्जन कर | ० | ० | ० | ० |
| ११६९१ अन्य कर | १००००० | १४००८०० | १४००.८ | -१३००८०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०००००० | १९६३४३९ | ३९.२७ | ३०३६५६१ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ० | १५०७६५ | १५०७६५०० | -१५०७६५ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ० | ४९,३३६.०० | ४९३३६०० | -४९,३३६.०० |
| १४२२१ न्यायिक दस्तूर | १०,०००.०० | ३०,२२०.०० | ३०२.२ | -२०,२२०.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ० | २०८००० | २०८००००० | -२०८००० |
| १४२२४ परीक्षा शुल्क | ० | ४७,७००.०० | ४७७०००० | -४७,७००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | २३४९८८२.५ | ४६९.९८ | -१८४९८८२.५ |
| १४२४१ पार्किङ्ग शुल्क | २०००००० | २९१७३६० | १४५.८७ | -९१७३६० |
| १४२४२ नक्सापास दस्तुर | २०००००००  | ५०५४४३३३.६८ | २५२.७२ | -३०५४४३३३.६८ |
| १४२४३ सिफारिश दस्तुर | १६०००००० | १२०३५३३२ | ७५.२२ | ३९६४६६८ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | १२४७९०५ | १५५.९९ | -४४७९०५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०००००० | ११७०४४९ | ११७.०४ | -१७०४४९ |
| १४२४९ अन्य दस्तुर | १०००००० | २७२३५९६.४३ | २७२.३६ | -१७२३५९६.४३ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | १२० | ०.०२ | ४९९८८० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ५००००० | ६४,७२०.०० | १२.९४ | ४३५२८० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १०,०००.०० | ० | ० | १०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० | १२०६०० | ६०.३ | ७९,४००.०० |
| १४३१३ धरौटी सदरस्याहा | ० | १६८००० | १६८००००० | -१६८००० |
| १४५११ बीमा दावी प्राप्ति | ० | ३४३१९४ | ३४३१९४०० | -३४३१९४ |
| १४५२९ अन्य राजस्व | १०००००० | ९२,७७०.०० | ९.२७ | ९०७२३० |
| १४६११ व्यवसाय कर | २५०००००० | २११४४८२५ | ८४.५८ | ३८५५१७५ |
| जम्मा | १५६४७०००० | १७८९६००२४.५८ | ११४.३८ | -२२४९००२४.५८ |

सैद्धान्तिक बेरुजु

८२ **बिज्ञापन कर (BTMMUN।REVENUE।NCB।41।078।79) -** पालिकाले यो वर्ष रू. २०५५००० विज्ञापन कर असुल गरेको छ । विज्ञापन कर सम्वन्धा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

कारवाही : पालिकाले बिज्ञापन शुल्क वापत रू. २०,००,५०० संकलन हुने अनुमान गरी २०७९।३।०० मा सूचना प्रकाशन गरेअनुसार दाखिला हुन आएका दरभाउपत्रमध्ये मूल्य अभिबृद्धि करसमेत रू. २७००००० कबोल गर्ने साईन हव प्रा.लि. को बोलपत्र स्वीकृत गरी सम्झौताको लागि पत्राचार गरेकोमा उक्त ठेकेदार सम्झौताको लागि उपस्थित नभएकोले निजले पेश गरेको विडबन्ड रू १८०००० जफत गरी आवस्यक प्रकृया अघि वढाएको जानकारी गराई बोधार्थ सार्वजनिक खरिद अनुगमन कार्यालयाई दिएको देखिन्छ । तर निजलाई आवस्यक प्रकृया पूरा गरी सार्वजनिक खरिद ऐनको दफा ६३ अनुसार कालोसुचीमा राख्न लेखि पठाएको देखिएन ।

सैद्धान्तिक बेरुजु

८३ **सेवा शुल्क (BTMMUN।REVENUE।SQ।४३।०७८।७९)-** पालिकाले नगर क्षेत्रबाट निकासी हुने कोईलाजन्य पदार्थ ढुवानी गर्ने साधनबाट सेवा शुल्क असुल गर्न रू. ८८४००० न्यूनतम अंक कायम गरी सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेकोमा सबैभन्दा बढी मूल्यअभिबृद्धि करसमेत रू ११२९६२२।५८ कबोल रकम भएको सादेम्बा निर्माण सेवाको दरभाउपत्र सारभूत प्रभावग्राही ठहर गरी स्वीकृत गरेको देखिन्छ । सुचनाको प्रावधान अनुसार निजले एकमुष्ठ रकम दाखिला गरेकोले बुझाउनु पर्ने आम्दानीमा १० प्रतिशत छुट कटाई रू १०१६६६० दाखिला गरेको देखिन्छ । पालिकामा दाखिला गर्नु पर्ने राजस्व दाखिला गरेको भए तापनि मूल्य अभिबृद्धि कर रू. १२९९५७ दाखिला गरेको नदेखिएकोले असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | १,२९,९५७ |
|---|---|

८४ **बसपार्क पार्किङ तथा पूर्वाधार उपयोग शुल्क-** पालिकाले बसपार्क पार्किङ तथा पूर्वाधार उपयोग शुल्क (ठ.नं. BTMMUN।REVENUE।SQ।43।०७८।७९) संकलन गर्न मुल्य अभिबृद्धि करसमेत रू. ४४२३९५० न्यूनतम अंक कायम गरी बोलपत्रको सूचना प्रकाशन गरेकोमा मूल्यअभिबृद्धि करसमेत रू ४४६४७५५।४३ कबोल रकम भएको शेरजङ्ग बिल्डर्स ईलामको एकमात्र बोलपत्र परेकोले सोही बोलपत्रलाई सारभूत प्रभावग्राही ठहर गरी स्वीकृत गरेको देखिन्छ । उक्त आय ठेक्का सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

८४.१ **ढिलो दाखिला :** नगरपालिका र ठेकेदार शेरजङ्ग बिल्डर्स बीच भएको सम्झौतामा कबोल गरेको कर रकममध्ये सम्झौता गर्दाका बखत पहिलो किस्ता रू. १३३८७५६ दोस्रो किस्ता रू. १५६५००० फागुन १ भित्र र अन्तिम किस्ता २०८० बैशाख ३०

भित्र रू. १५६१००० बुझाउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा पहिलो किस्ताको रू. १३४०००० सम्झौताको समयमा दाखिला गरेपछि बाकी रकम २०८० कार्तिक १८ सम्म पटक पटक गरी असुल गरेको देखिन्छ । समयमा कर दाखिला नगर्ने निर्माण व्यवसायीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम नगरपालिकालाई बुझाउन बाँकी रहेको मूल्यअभिबृद्धि कर वाहेकको रू. २७६५२७०.२९ को १० प्रतिशतले हुने रू. २७६५२७ असुल गर्नु पर्नेमा असुल गरेको नदेखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७६,५२७ |

८४.२ **मूल्यअभिबृद्धिकर दाखिला नगरेको**

*........... (प्रारम्भिक प्रतिवेदन उपर मूल्य अभिवृद्धि कर रकम सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।९ को निर्णयबाट रू.५,१३,६४५ सम्परीक्षण गरिएको ।)*

८५ **राजस्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट लामो समय पछी एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **व्यवसाय कर-** पालिकाको आर्थिक ऐन २०७९ मा नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ। यो वर्ष पालिकाले व्यवसाय कर रू. २११४४८२५।— संकलन गरे पनि व्यवसाय दर्ता शुल्क असुल गरेको देखिएन । पालिका क्षेत्र भित्र साना तथा ठुला होटल, रेष्टुरेण्ट, रिसोर्ट, कपडा पसल, जुत्ता चप्पल, हार्डवयरहरु, किराना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **मालपोत तथा भूमी कर-** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड करदाता नं. ०५-०७-००८७ को नाममा २०७९।८० सम्म रू.३८६२३६१।५६ बक्यौता रहेकोमा यो वर्षसम्म रू. ९१३८६७।८४ दाखिला गरेको र रू. ६५८३१२।५० जरिवानासमेत हालसम्म रू. २९४८४९३।६२ कर दाखिला गर्न बाँकी देखिन्छ । वर्षेनी कर र जरिवानासमेत बृद्धि हुँदा सँस्थाको व्ययभारसमेत थर्पिँदै जाने भएकोले उचीत पहल गरी कर असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,४८,४९४ |

८८ **मनोरञ्जन कर-** बिर्तामोड नगरपालिका क्षेत्रमा जय ड्रिमल्याण्ड पार्क प्रा.लि., बाटर हेभन पार्क प्रा.लि., पाथिभरा सिने प्लाजा प्रा.लि, क्यूएफएक्स सिनेमाज प्रा.लि. सञ्चालनमा रहेको छ । उक्त कम्पनीहरुले नगरपालिकालाई मनोरञ्जन कर वापतको रकम बुझाएको देखिएन । कर दाखिला सम्वन्धमा नगरपालिकाले उक्त कम्पनीहरुलाई पत्राचार गरेको भए तापनि कर दाखिला दाखिला गरेका छैनन । आवस्यक कानूनी कारवाही गरी कर असुल गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **सामुदायिक वनबाट आय-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत

प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका सुन्दर निचाझोडा सामुदायिक वन र हरियाली सामुदायिक वन उपभोक्ता समूहबाट यो राजस्व प्राप्त भएको नदेखिएकोले अभिलेख राखी वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी असुल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **अन्य व्यवसाय कर-** नगरपालिकाको आर्थिक ऐन, २०७९ मा पालिका क्षेत्रमा स्थापना भएका घरेलु तथा साना उद्योगहरुमा पूँजी लगानीको हिसावले व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा रहेका उद्योगहरुको अभिलेख र असुल भएको कर र बक्यौता करको विवरण पेश गरेको छैन । व्यवसाय दर्ता, व्यवसाय कर तथा अन्य व्यवसाय कर उठाउने गरी सभाले आर्थिक ऐन पारित गरेको भए तापनि नगरपालिकाले यो वर्षको व्यवसाय दर्ता, व्यवसाय कर तथा अन्य व्यवसाय करको अनुमान शून्य गरेको छ । सभाले लगाएको कर असुली तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **होटल व्यवसाय कर-** नगरपालिकाको आर्थिक ऐन, २०७९ मा पालिका क्षेत्रमा स्थापना भएका होटलहरुबाट पूँजी लगानीको हिसावले कर असुल गरिने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रमा रहेका होटलहरुको अभिलेख, असुल भएको कर र बक्यौता करको विवरण पेश गरेको छैन । होटल व्यवसायबाट कर उठाउने गरी सभाले आर्थिक ऐन पारित गरेको भए तापनि नगरपालिकाले यो वर्ष होटल व्यवसाय दर्ता तथा व्यवसाय करको अनुमान शून्य गरेको छ । पालिकाले स्वतस्फूर्त कर तिर्ने व्यक्तिबाट प्राप्त भएको कर सँकलन गरे पनि सबै कर दाताबाट कर सँकलन गर्न प्रयास गरेको देखिएन । सभाले लगाएको कर असुली तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **बक्यौता विवरण-** नगरपालिकाले आर्थिक ऐन अनुसार प्राप्त हुनु पर्ने करदाताको अभिलेख तयार गरी प्राप्त हुनुपर्ने करको हिसाव, बक्यौता करको अभिलेखसमेत तयार गर्नु पर्नेमा गरेको छैन । करको अभिलेख तथा कर असुलीमा देखिने उदासिनताले कर नतिर्ने व्यक्ति वा सँस्था करको दायरा वाहिरै रहने र कर तिर्ने व्यक्ति निरन्तर करको मारमा पर्ने अवस्था सृजना भै कर प्रति नकारात्मक भावना विकसित हुने जोखिम रहन्छ । अतः सभाले निर्धारण गरेबमोजिमको कर असुली गर्न पालिका प्रशासन कृयाशील हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९३ **राजश्वको अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवयरमा दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९४ **कन्टिन्जेन्सी रकम-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भौचर नं ७१५-२०८०।०३।०८ बाट रेख खोला तटबन्धन निर्माण उपभोक्ता समितिलाई रू.४ लाख

भुक्तानी दिँदा २ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा नगरी बढी भुक्तानी दिएको देखिन्छ । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

९५ **दोहोरो भुक्तानी :** (६६५-२०८०-२-३२)- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा नापजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्युत विस्तार गर्ने कार्यको नापी किताबको Item no. २ मा पोल निर्माण स्थल सम्म ढुवानी गर्ने कार्यको लागि प्रति पोल रू.५४४ ले ४३ पोलको रू.२३३९२ र Item no.३ मा विद्युतको लाइन पोल खडा गर्ने काम पोललाई सजाउने साईट स्टोरबाट निर्माण स्थलसम्म ढुवानी गरी खाल्डो खन्ने त्यसमा पोल ठाडो राख्ने खाल्डो पुर्ने बलियो हुने गरी रेमिट गर्ने आदी कामको प्रति पोल रू.४०४०.५० का दरले ४३ पोलको रू.१७३७४१.५० समावेश गरी विद्युत विस्तार उपभोक्ता समिति ९लाई भुक्तानी दिएको देखिन्छ । Item no.३ को दर विश्लेषण माग गरिएकोमा प्राप्त नभएकोले पोल निर्माण स्थल सम्म ढुवानी गर्ने एउटै काम २ वटा आइटमा समावेश गरी दोहोरो भुक्तानी दिएको देखिन्छ । दोहोरो भुक्तानी भएको Item no २ को रकममा उपभोक्ता समितिको २० प्रतिशत लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७१४ |

९६ **ईँटाको काममा बढी दर-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । DUDBC को Norms no. 5(1), 5(2) अनुसार ईँटाको साईज २२४*१०८*५७ मि.मि. लाई आधार मानी घन मिटरमा ५६० वटा इटा प्रयोग हुने नर्म्स रहेकोमा ईँटाको साईज अनुसार ईँटाको संख्या थप घट गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रमा प्रयोग हुने ३ वटा कम्पनीको ईँटा नापी गर्दा औषत साइज २३७.२२*११३.४४*७०.५६ देखिएकोले १० प्रतिशत वेस्टेज समेत समावेश गर्दा प्रति घन मिटर ४५० सम्म ईँटा प्रयोग हुने देखिन्छ । पालिकाले प्रति घन मिटर ५६० ईँटा प्रयोग गरी दर बिश्लेषण गरेकोले ईँटाको कार्यको लागि बढी दर कायम भई देहायबमोजिम बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| भौचर नं | उपभोक्ता समितिको नाम/ विद्यालयको नाम | विवरण | परिमाण घनमिटर | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ५८-२०८०।०३।१७ | श्री पञ्चरत्न मा.वि. | ईँटाको काम १:४ | ४०.३६ | १२०२६.१४ | १३८४२.५८ | १८१६.४४ | ७३३११ | ७३३११ |
| ६१-२०८०।०३।२१ | श्री महेन्द्र ज्योती मा.वि. | १:४ ईँटाको काम | ७३.३७ | १२०२६.१४ | १३८४२.५८ | १८१६.४४ | १३३२७२ | १३३२७२ |
| ६३-२०८०।०३।२१ | श्री दुर्गा मा.वि. | ईँटाको काम १:४ | ७०.८२ | १२०२६.१४ | १३८४२.५८ | १८१६.४४ | १२८६४० | १२८६४० |
| ६४-२०८०।०३।२३ | श्री विवेकाश्रम (२० % लागत साझेदारी) | १:४ ईँटाको काम | ७.७१ | १२०२६.१४ | १३८४२.९८ | १८१६.८४ | १४००७.८३ | ११२०६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३०३-२०८०।०३।११ | गौरीशंकर स्मृति भवन निर्माण उ.स. (उ.स.को २०% लागत साझेदारी) | १:६ ईंटाको काम | ५४.०८ | ११४८३.६३ | १३२२३.८३ | १७४०.२ | ९४११० | ७५२८८ |
| ८०१-२०८०।०३।२१ | श्री लक्ष्मी नारायण प्रा.वि. | स्कुल घेराबारमा ईट्टको काम | १२.५८ | १२०२६.१४ | १५४९८.४९ | ३४७२.३३ | ४३६८२ | ४३६८२ |
| ५२२-२०८०।०२।०१ | नेवाः पासा मुना पुचः भवन निर्माण उ.स.(उ.स.को २०% लागत साझेदारी) | भवन निर्माण १:६ ईंटाको काम | ३८.६९ | ११४८३.६३ | १३२२३.८३ | १७४०.२ | ६७३२८ | ५३८६२ |
| | | | | | | | | जम्मा | ५१९२६१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१९,२६१ |

९७ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आँफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले निम्न निर्माण कार्य गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उपरोक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रू.

| सि.नं. | उपभोक्ता समितको नाम | लागत अनुमान | उ.स. ले निर्माण व्यवसायीलाई भुक्तानी दिएको रकम | उ.स.ले कार्यालयबाट भुक्तानी पाएको रकम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय मर्मत सम्भार उपभोक्ता समिति | ७०४१४३ | ७२३२३० | ५८८००० | कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | |
| २ | अदुवा खोला सरसफाई | १८२१३२२ | १८९७५०० | १४७०००० | कञ्चन निर्माण सेवा | मेशिनको दरमा १०००मि.लिडको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपभोक्ता समिति वडा नं ३,४,५ | | | | | रकम थप गरी भुक्तानी दिएको |
| ३ | अदुवा खोला सरसफाई उपभोक्ता समिति वडा नं ९ | | २७५००० | २६८४०० | अनुपमा सिटी कन्स्ट्रक्सन प्रा.लि. | मेशिनको दरमा १०००मि.लिडको रकम थप गरी भुक्तानी दिएको |
| | | | जम्मा | २३२६४०० | | |

| | |
|---|---|
| अनियमित भएको | २३,२६,४०० |

९८ **ट्याक कोटको काममा बढी भुक्तानी-** सडक विभागवाट स्वीकृत सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटर हुने उल्लेख छ । पालिकाले विर्ता समावेशी टोल रोड नं २ सडक उपभोक्ता समितिलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति वर्ग मिटर १ लिटरका दरले भुक्तानी दिएको देखियो । नर्म्स भन्दा बढी परिमाण राखि सोही बमोजिम भुक्तानी दिएको रकम उपभोक्ताको २० प्रतिशत लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| भौचर नं. | उपभोक्ता समितिको नाम | क्षेत्रफल | भुक्तानी परिमाण | भुक्तानी हुनुपर्ने परिमाण | बढी परिमाण | दर | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ८४-२०७९।०७।१७ | विर्ता समावेशी टोल रोड नं २ सडक उपभोक्ता समिति | ९४५ ब.मि. | ९४५ लि. | ५६७ लि. | ३७८ लि. | १२५.९५ | ४७६०९ | ३८०८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,०८७ |

९९ **उपभोक्ता समितिबाट जटिलसंरचना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिम विद्युत विस्तार तथा व्यवस्थापन गर्ने जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराएको विजक संलग्न गरेको देखियो । लाभग्राही समुदाय सहभागी भई निर्माण कार्य गर्न नसक्ने कार्यको लागि उपभोक्ता समिति गठनगरी निर्माण कार्य गराई भुक्तानी दिएको देखिन्छ । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| भौचर नं र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५२४-२०८०।०२।०१ | प्रशान्ती मार्ग पोल सार्ने उपभोक्ता समिति | वडाका विभिन्न स्थानमा विद्युत पोल गडान तथा तार जडान | १९७००० | |
| ६६५-२०८०।०२।३२ | विद्युत विस्तार उपभोक्ता समिति ९ | विद्युत विस्तार गर्ने | ४९०००० | |
| ६८१-२०८०।०३।०४ | विद्युत विस्तार तथा व्यवस्थापन १० | विद्युत विस्तार गर्ने | ८८१६९७ | |
| ६८९-२०८०।०३।०५ | विद्युत पोल व्यवस्थापन निर्माण उपभोक्ता समिति | विद्युत पोल स्थानान्तरण | ५८८००० | |
| २२-२०७९।०५।२८ | विद्युत तार जडान तथा विस्तार समिति | विद्युत तार जडान तथा विस्तार | ७९९९१९ | |
| ५१९-२०८०।०१।३१ | हात्ति प्रभावित क्षेत्रमा सडक बत्ति जडान उ.स. | वडाका विभिन्न स्थानमा विद्युत पोल गडान तथा तार जडान | ६११८०० | |
| ८४-२०७९।०७।१७ | विर्ता समावेशी टोल रोड नं २ सडक उपभोक्ता समिति | विर्ता समावेशी टोल रोड नं २ कालोपत्रे | ११६१३८४ | ल्याब टेस्ट गरेको देखिएन |
| | | जम्मा | ४७२९८०० | |

सैद्धान्तिक बेरुजु

१०० **फरक फरक मूल्यमा भुक्तानी-** सरकारी रकम खर्च गर्दा मितव्ययिताको सिद्धान्तलाई पालना गरी खर्च गर्नुपर्दछ । पालिकाले भौचर नं. ४९५ र ८१४ बाट पञ्चमुखी टोल विकास समिति सडक बत्ति जडान र बुद्धनगर सडक बत्ति जडान उपभोक्ता समितिलाई ३० वाटको सडक वत्तिको रू.३६०० को दरले बिल तयार गरी भुक्तानी दिएकोमा देहायका उपभोक्ता समितिलाई सोही सामग्रीको रू.४१०० को दरले भुक्तानी दिएको देखिन्छ । एउटै सामग्रीको फरक फरक मूल्यको दरले भुक्तानी दिन मिल्ने देखिँदैन । न्यूनतम मूल्यभन्दा बढी रू.५०० का दरले बढी भुक्तानी दिएको रकम उपभोक्ता समितिको लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| भौचर नं | उपभोक्ता समितिको नाम | भुक्तानी दर | फरक दर | संख्या | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७८४ | पञ्चकन्या टोल विकास संस्था अन्तरगतको सडकमा सडक बत्ति जडान उ.स. | ४१०० | ५०० | १५ | ७५०० | ६००० |
| ८१२ | सृजना टोल सडक बत्ति जडान उपभोक्ता समिति | ४१०० | ५०० | १६ | ८००० | ६४०० |
| | | | | | जम्मा | १२४०० |

| असुल गर्नुपर्ने | १२,४०० |
|---|---|

१०१ **दोहोरो भुक्तानी :** (६८९-२०८०-३-५)- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा नापजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले अव्यवस्थित विद्युत पोल व्यवस्थापन(स्थानान्तरण) गर्ने कार्यको नापि किताबको Item no. ९ मा पोल निर्माण स्थल सम्म ढुवानी गर्ने कार्यको लागि प्रति पोल रू.५४४ ले ३६ पोलको रू.१९५८४ र Item no.७ मा विद्युतको लाइन पोल खादा गर्ने काम पोललाई साईट स्टोरबाट निर्माण स्थलसम्म ढुवानी र खाल्डो खादा गर्ने, रेमिट गर्ने कामको प्रति पोल रू.४०४०.५० का दरले ३६ पोलको रू.१४५४५८ समावेश गरी विद्युत पोल व्यवस्थापन निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिन्छ । Item no.७ को दर विश्लेषण माग गरिएकोमा प्राप्त नभएकोले पोल निर्माण स्थाल सम्म ढुवानी गर्ने एउटै काम २ वटा आइटमा समावेश गरी दोहोरो भुक्तानी दिएको देखिन्छ । दोहोरो भुक्तानी भएको Item no ९ को रकममा उपभोक्ता समितिको २० प्रतिशत लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १५,६६७ |
|---|---|

१०२ **खरिद नगरेको सामग्रीको नापी :** (८५९-२०८०-३-२४)- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ह्युम पाईप खरिद तथा जडान कार्यको लागि ह्युम पाईप खरिद तथा जडान उपभोक्ता समितिसँग २० प्रतिशत लागत सहभागिता हुने गरी लागत अनुमान रू.६०७५७६.६८ को सम्झौता गरी कार्य गरेकोमा रू.६०६८४६.७० निर्माण सम्पन्न भएको देखिन्छ । उक्त कार्यको नापी किताब अनुसार ३०सेमि को ५१ थान र ४५ सेमि को २ थान ह्युम पाईप जडान गरेको र सोही बमोजिम भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको बिल भरपाई परीक्षण गर्दा ४५ सेमिको २ वटा र ३० सेमिको ३३ थान ह्युम पाईप खरिद गरेको देखिएकोले खरिद नै नभएको १८ वटा ह्युम पाईपको नापजाँच गरी निम्नानुसारको कार्यमा बढी भुक्तानी दिएको रकम रू.२०२५८७ मा २० प्रतिशत लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| विवरण | नापी अनुसार परिमाण | खरिद संख्या अनुसार दिनुपर्ने परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| माटो खन्ने कार्य | ४०.८ | २६.४ | १४.४ | १०५.८३ | १५२३.९५ |
| स्टोन सोलिङ | ३.७५ | २.४७५ | १.२७५ | ३६७४.९५ | ४६८५.५६ |
| पिसिसि(१:३:६) | २.८१ | १.९८ | ०.८३ | ८०७७.६६ | ६७०४.४६ |
| ह्युम पाईप | ५१ | ३३ | १८ | ९७६३.२ | १७५७३७.६ |
| लोडिङ | १२७.५ | ८२.५ | ४५ | १३९.७६ | ६२८९.२ |
| अनलोडिङ | १२७.५ | ८२.५ | ४५ | ६६.२ | २९७९ |
| विछ्याउने र फिटिङ गर्ने | १२७.५ | ८२.५ | ४५ | १०३.७१ | ४६६६.९५ |
| | | | | जम्मा | २०२५८७ |

| असुल गर्नुपर्ने | १,६२,०७० |
|---|---|

१०३ **बढी नापी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कञ्चनजंघा बोर्डिङ्ग दक्षिण पुर्व भट्टराईको घर जाने नाला निर्माण कार्यको लागि कञ्चनजंघा बोर्डिङ्ग दक्षिण पुर्व भट्टराईको घर जाने नाला निर्माण उपभोक्ता समितिलाई भौचर नं ६४१ र ८६० बाट रू.२२८२४६२ भुक्तानी दिएको छ । नापी किताबमा सेन्टर ड्रेनमा दायाँ र बाँया साईडमा एक एक वटा वाल गरी दुई वटा वाल हुनुपर्नेमा चारवटा वालको नापजाँच गरी भुक्तानी दिएको देखिन्छ। २ वटा वालको बढी नापी गरी भुक्तानी दिएको रकम उपभोक्ता समितिको ४० प्रतिशत लागत सहभागिता कट्टा गरी असुल गर्नुपर्ने रू.

| कामको विवरण | भुक्तानी हुनुपर्ने परिमाण | भुक्तानी भएको परिमाण | बढी परिमाण | दर | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| बायाँतर्फको वाल | १२.८८ | २५.७६ | १२.८८ | ९३८५.२६ | १२०८८२ | ७२५२९ |
| दायाँतर्फको वाल | १२.६६५ | २५.३३ | १२.६६५ | ९३८५,२६ | ११८८६४ | ७१३१९ |
| | | | | | जम्मा | १४३८४८ |

| असुल गर्नुपर्ने | १,४३,८४८ |
|---|---|

१०४ **बढी दरमा भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विजुलीका सामानको दरभाउ दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने र दररेट निर्धारण समितिको दररेट उपलब्ध नभएमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको प्राधिकरणले तोकेको दरभाउका आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्युत विस्तारका लागि आवश्यक सामग्री तथा ज्यालाको लागत अनुमान तयार गर्दा जिल्ला दररेटलाई आधार लिनुपर्नेमा विद्युत प्राधिकरणबाट प्राप्त लागत अनुमानमा तोकिएको दररेटको आधारमा लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गरेको र सोही बमोजिम भुक्तानी दिएकोमा उपभोक्ता समितिले निर्माण सामग्री स्थानीय बजारबाट खरिद गरेको देखिन्छ । जिल्ला दररेट भन्दा विद्युत प्राधिकरणको दररेट बढी भएकोले देहायबमोजिम जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी दिएको रकम पालिकालाई थप व्ययभार परेको छ । यस सम्बन्धमा छलफलको क्रममा पालिकाले विद्युत प्राधिकरणको समन्वयमा मात्र विद्युत पोल स्थान्तरण गर्नसकिने उल्लेख भएको छ । पालिकाले विद्युत विस्तार जस्तो प्राविधिक पक्ष समावेश भएको कार्य थप व्ययभार पर्ने गरी उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत नदेखिएको रू.

| भौचर नं | उपभोक्ता समितिको नाम | सामग्रीको नाम | जिल्ला दररेट मू. अ. कर सहित | भुक्तानी दर | बढी दर | परिमाण | रकम | असुल गर्नुपर्ने रकम | उ.स.को लागत साझदारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ६८१ | विद्युत विस्तार तथा | स्थानीय स्तरमा उत्पादित ९ | ९५१९.१२ | १३९१२.७९ | ४३९३.६७ | ३२ | १४०५९७.४४ | १११०७२ | २१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन १० | मि. को विद्युत पोल खरिद | | | | | | | |
| | | D-Iron with shackle insulator | २१९.६७ | २५४.२५ | ३४.५८ | ७९ | २७३१.८२ | २१५८ | |
| | | ACSR conductor 0.05 sq inch | ७०७८३.२ | ७८९३०.५ | ८१४७.३ | ३.१५ | २५६६४ | २०२७५ | |
| | | | | | | | जम्मा | १३३५०५ | |
| ५२४ | प्रशान्ती मार्ग पोल सार्ने उपभोक्ता समिति | ९ मि. को पोल | ९५१९.१२ | १५८२० | ६३००.८८ | २ | १२६०१.७६ | ९७०३ | २३ |
| | | D-Iron with shackle insulator | २१९.६७ | २८२.५ | ६२.८३ | २८ | १७५९.२४ | १३५५ | |
| | | | | | | | जम्मा | ११०५८ | |
| | | | | | | | कुल जम्मा | १४४५६३ | |

| अनियमित भएको | १,४४,५६३ |
|---|---|

१०५ **एक करोडभन्दा बढीको कार्य उपभोक्ता मार्फत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रू.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ । गौरीशंकर खड्का स्मृती प्रतिष्ठान भवन निर्माण कार्यको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी बाहेकको रू.८३३४४१३।- को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग उक्त कार्यको सम्झौता गरेको देखियो । नियमावली बमोजिम कन्टिन्जेन्सी बाहेक मूल्य अभिवृद्धि कर र ओभरहेड समेत हिसाब गर्दा उक्त निर्माण कार्यको लागत अनुमान रू.१००२८४८७.२० कायम हुने भएकोले उक्त कार्य प्रतिस्पर्धात्मक खरिद विधि मार्फत गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत गराइ रू.७४१००००।-भुक्तानी दिएको नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ७४,१०,००० |
|---|---|

१०६ **हस्तान्तरण गर्न नसकिने योजना उपभोक्ता समितिबाट कार्य-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने, रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी प्रदान गर्न नसकिने देहायबमोजिमको आयोजना समेत उपभोक्ता समितिबाट गराएको देखियो । हस्तान्तरण गर्न नमिल्ने प्रकृतिको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउनु पर्दछ ।

| भौचर नं र मिति | उपभोक्ता समितिको नाम | योजनाको नाम | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६९३-२०८०।०३।०६ | स्वास्थ्य चौकी भवन गार्ड रुम र छत घेराबार निर्माण उपभोक्ता समिति | स्वास्थ्य चौकी भवन गार्ड रुम र छत घेराबार | ५१३५२० |
| २४१-२०७९।१०।२५ | आधारभुत स्वास्थ्य केन्द्र घेराबार निउस | आधारभुत स्वास्थ्य केन्द्र घेराबार तथा मर्मत | ४९०००० |
| १०४-२०७९।०७।२९ | विर्तामोड नगरपालिका र प्रहरी चौकी विर्ताबजरामा पेवर्स निर्माण ३ नं वडा कार्यालय उस | विर्तामोड नगरपालिका र प्रहरी चौकी विर्ताबजरामा पेवर्स निर्माण | ७९२११५ |

सैद्धान्तिक बेरुजु

१०७ **घटी लागत साझेदारी-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत वडा नं १,३,४ र ५ मा नाला निर्माण कार्यको लागि ४०% र अन्य निर्माण कार्य तथा अन्य वडाहरुमा गरिने सम्पूर्ण कार्यको लागि २०% लागत सहभागिता गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसार उपभोक्ता समितिले घटी लागत साझेदारी गरेको पाइयो। घटी लागत साझेदारी रकम असुल गर्नुपर्ने रू.

| भौचर नं | उपभोक्ता समितिको नाम | लागत अनुमान/ सम्पन्न रकम | लागत साझेदारी गर्नुपर्ने रकम | लागत साझेदारी गरेको रकम | घटी लागत साझेदारी रकम |
|---|---|---|---|---|---|
| १६-२०७९।०५।१२ | सडक मर्मत उ.स. | २१९३३२ | ४३८६६ | ० | ४३८६६ |
| १९-२०७९।०५।२३ | सिंहदेवी जलकन्या कालिका मन्दिर | ३६३१७४ | ७२६३५ | ६३१७४ | ९४६१ |
| २२-२०७९।०५।२८ | विद्युत तार जडान तथा विस्तार समिति | ९१९९१० | १८३९८२ | १३३९९१ | ४९९९१ |
| ६९-२०७९।०७।०३ | बाटो ग्राभेल उपभोक्ता समिति | ४६८०२३ | ९३६०५ | ८००२३ | १३५८२ |
| ७८४-२०८०।०३।२० | पञ्चकन्या टोल विकास संस्था अन्तरगतको सडकमा सडक बत्ति जडान उ.स. | ९६२५० | १९२५० | १६७१० | २५४० |
| ४७७ | त्रिवेणी टोल अन्तरगत अदुवा खोला तटबन्धन उस | ५९३१८८ | ११८६३८ | १०८१८८ | १०४५० |
| ७-२०७९।०५।१६ | सिंहकाली टोल विकास अन्तर्गत बाटोमा प्लम निर्माण उ.स.(काम आरसिसि ड्रेन निर्माण) वडा नं ३ | १७८२३६२ | ७१२९४५ | ५०८३६२ | २०४५८३ |
| १६-२०७९।०५।२२ | सडक मर्मत उपभोक्ता समिति | २१९३३२ | ४३८६६ | - | ४३८६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४-२०७९।०७।१७ | विर्ता समावेशी टोल रोड नं २ सडक उपभोक्ता समिति | ११७०५२५ | २३४१०५ | २१९१४१ | १४९६४ |
| ८७-२०७९।०७।१८ | सुगम प्लम पेवर्स निर्माण उ.स. | ९४४७४३ | १८८९४९ | ७१७४३ | ११७२०६ |
| ९१-२०७९।०७।२२ | एकता टोल रोड नं २ पेवर्स उपभोक्ता समिति | ७०३६०० | १४०७२० | १२१६०० | १९१२० |
| १२२-२०७९।०८।२९ | ग्राबेल पुरुवा हाल्ने उ.स. | ९३२२४९ | १८६४५० | १५६०३२ | ३०४१८ |
| ११४-२०७९।०८।२५ | ग्राभेल उपभोक्ता समिति | ४६६३८० | ९३२७६ | ७८३८० | १४८९६ |
| ८२-२०७९।०७।१७ | वडा स्तरीय सडक मर्मत सम्भार उपभोक्ता समिति | ७०४१४३ | १४०८२८ | १२२१४३ | १८६८५ |
| | | | | जम्मा | ५९३६२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९३,६२८ |

१०८ **अमानतबाट सिमा भन्दा बढीको कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा एक लाख रुपैयासम्मको काम एक तह माथिको अधिकारीबाट स्विकृती लिई अमानतबाट कार्य गर्न सकिने व्यवस्था छ । पालिकाले वडा नं. २ स्थित चारपाने स्वास्थ्य चौकीको नयाँ भवनमा खानेपानी विस्तार गर्ने कार्य गर्न वडा सचिव हिमा पोखेललाई अमानत बाट गराई रू. १५२६१०।— भुक्तानी गरेको छ । उक्त कार्यको कार्यादिश । आर्थिक अख्तियारी प्राप्त नभएको वडाअध्यक्ष किशोर कुमार पौडेलले दिएकोमा एक तहमाथिको अधिकारीबाट स्वीकृत गर्ने गरेको पाइएन । अतः तोकिएको सिमा भन्दा बढीको कार्य अमानतबाट गराई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,५२,६१० |

१०९ **झ्यालको भाग नघटाएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं ५२२-२०८०।०२।०१ बाट नेवा पासामुना पुचः भवन निर्माण उपभोक्ता समितिलाई रू.६११२५० भुक्तानी दिएकोमा नापी किताबमा ईँटाको काममा ९ वटा झ्यालको भाग (१.१०*०.१३*१.१५) घटाउनुपर्नेमा जोडेर नापजाँच गरी ४१.६५ घनमिटर भुक्तानी दिएको देखिन्छ । घटाउनुपर्नेमा जोडिएकोले फरक परेको परिमाण २.९६ घनमिटरको प्रति घनमिटर रू.१३२२३.८३ का दरले बढी भुक्तानी दिएको रकम उपभोक्ता समितिको २०% प्रतिशत लागत साझेदारी कट्टा गरी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,३१४ |

११० **बढी दरमा भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले भौचर नं ६४-२०७९।०६।३१ बाट ढल निर्माण उपभोक्ता समितिलाई रू.१११७१०२ भुक्तानी दिएकोमा देहायबमोजिमको कार्यमा पालिकाले निर्धारण गरेको दररेट भन्दा बढी दरले भुक्तानी दिएको देखिन्छ । बढी दरमा भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| कामको विवरण | पालिकाले निर्धारण गरेको दर | भुक्तानी दर | फरक दर | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| मेशिनद्धारा माटो खन्ने कार्य | १०५.८३ | १६७.८२ | ६१.९९ | १०५.७८ | ६५५७.३ |
| स्टोन सोलिङ | ३६७४.९५ | ४३६३.४५ | ६८८.५ | १७.३ | ११९११.०५ |
| आरसिसि(१:१.५:३) | १०७००.३४ | १०७९८.७४ | ९८.४ | ५१.९ | ५१०६.९६ |
| फर्माको कार्य | ४१३.०१ | ५५२.३२ | १३९.३१ | ५३८.९५ | ७५०८१.१२ |
| जम्मा | | | | | ९८६५६.४३ |
| लागत साझेदारी २०% | | | | | १९७३१.२९ |
| जम्मा असुल गर्नुपर्ने रकम | | | | | ७८९२५ |

| असुल गर्नुपर्ने | ७८,९२५ |
|---|---|

१११ **अमानतबाट कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा एक लाख रुपैयासम्मको काम एक तह माथिको अधिकारीबाट स्विकृती लिई अमानतबाट कार्य गर्न सकिने व्यवस्था छ । पालिकाले वडा मार्फत सञ्चालित विभिन्न कार्यक्रम सञ्चालन गर्न वडाअध्यक्षद्वारा अमानतमा कार्य गर्ने गरी वडा सचिवलाई कायदिश दिने गरेको पाइयो । अमानतबाट कार्य गर्न एक तहमाथिको अधिकारीबाट स्वीकृत गर्ने गरेको पाइएन । आर्थिक अख्तियारी प्राप्त नभएको वडाध्यक्षमार्फत कायदिश दिई कार्यक्रम सञ्चालन तथा खरिद गर्ने कार्य नियमसम्मत देखिएन। पालिकाले वडा अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा प्रचलित ऐन नियमको परिपालना गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११२ **स्टकमा निर्माण सामग्री-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसँग सम्बन्धित बिल,भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले सडक तथा संरचना मर्मत उपभोक्ता समितिलाई भौचर नं ८३१-२०८०।०३।२३ बाट रू.५०६२६५ भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा प्रति घन मिटर रू.७७८.३७ को दरले ४६८.४४ घन मिटर सब-बेस सामग्री खरिद गरी स्टकमा राखेको देखियो । उक्त सब-बेस प्रयोगको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ३,६४,६२० |
|---|---|

११३ **ज्यालामा मूल्य अभिवृद्धि कर भुक्तानी-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । देहायबमोजिमको कार्यमा ज्यालामा मूल्य अभिवृद्धि कर र सुपरभिजन चार्ज समावेश गरी भुक्तानी दिएको देखिएकोले ज्यालामा दिएको मूल्य अभिवृद्धि कर र सुपरभिजन चार्ज असुल गर्नुपर्ने रू.

| भौचर नं | उपभोक्ता समितिको नाम | ज्याला रकम | ज्यालामा मू. अ . कर रकम | सुपरभिजन चार्ज मू. अ . कर सहित | जम्मा रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५२४ | प्रशान्ती मार्ग पोल सार्ने उपभोक्ता समिति | ११०५७३.१८ | १४३७४.५१ | ३७५३.९७ | १८१२८ |
| ६८१ | विद्युत विस्तार तथा व्यवस्थापन १० | २९२२३५.३ | ३७९९०.५९ | - | ३७९९१ |
| | | | | जम्मा | ५६११९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,११९ |

११४ **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले २०७९।८० आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै फस्यौंट गराउनुपर्नेमा निम्न व्यहोरा लेखापरीक्षण अवधिसम्म फस्यौंट भएको देखिएन। आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको कैफियत असुल फस्यौंट हुनुपर्ने रू.

११४.१

<table>
<tr><th>भौचर नं र मिति</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td colspan="3">असुल गर्नुपर्ने बेरुजुको विवरण</td></tr>
<tr><td>१२९३-०७९।१२।१३ न पा चालु</td><td>औषधीजन्य सामाग्री विभिन्न स्वास्थ्य संस्थाहरुमा वितरणपछि संगिता अधिकारीको पे.फ. गर्ने सन्दर्भमा विभिन्न ११ जना कर्मचारी/ पदाधिकारीलाई प्रति १ अनुगमन रू.१०००।०० का दरले जम्मा रू.४००००।०० भुक्तानी भएकोमा कुन मितिमा, कहाँ अनुगमन भएको, अनुगमनको समयमा तहाँक भौतिक अवस्था कस्तो रहेको, कसले कहाँ अनुगमन गरेको आदि उल्लेख नभएको तथा अनुगमन प्रतिवेदन विना नै भुक्तानी भएको अनुगमन भत्ता रकम असुलउपर हुनुपर्ने रू.</td><td>३५७००</td></tr>
<tr><td>१२०९-०७९।१२।१ न पा चालु</td><td>पदपूर्ति वापतको कार्यक्रम अन्तर्गत राजिवकृष्ण विष्टको पे.फ. गर्ने सन्दर्भमा देहाय बमोजिमको कैफियत एवम् व्यहोरा प्रतिवेदन गरिएको छ ।<br>क) कार्यालय समयमा बसेको बैठकको देहाय बमोजिमको बैठक भत्ता रकम असुलउपर गर्नुपर्ने रू.
<table>
<tr><th>नाम थर</th><th>रकम</th></tr>
<tr><td>राजिवकृष्ण विष्ट</td><td>१५३००</td></tr>
<tr><td>जय तिम्सिना</td><td>१५३००</td></tr>
<tr><td>संगिता अधिकारी</td><td>७६५०</td></tr>
<tr><td>राम बुढाथोकी</td><td>१२७५</td></tr>
</table></td><td>४२०७५</td></tr>
</table>

<table>
<tr><td rowspan="2"></td><td>गोमा पोखेल</td><td>२५५०</td><td rowspan="2"></td></tr>
<tr><td>जम्मा</td><td>४२०७५.</td></tr>
<tr><td>१६८६-<br>०८०।१।२८ न<br>पा चालु</td><td colspan="2">पोषण अभिमुखिकरण कार्यक्रम अन्तर्गत संगिता अधिकारीको पे.फ. गर्ने सन्दर्भमा मिति २०७९।१२।१७ को २ सेसनको प्रशिक्षक भत्ता जय तिम्सिनालाई रू.३०००।०० भुक्तान भएकोमा सोही दिन निजकै नाममा सहभागिता भत्ता रू.१५००।०० भुक्तान हुन जाँदा दोहोरो भुक्तानी भएको सहभागी भत्ता असुल उपर गर्नुपर्ने रू.</td><td>१५००</td></tr>
<tr><td rowspan="6">२७३६-<br>०८०।३।३१ न<br>पा चालु</td><td colspan="2">राजिवकृष्ण विष्टको कार्यक्रम खर्च पे.फ. गर्ने सन्दर्भमा पौष महिनामा भुक्तान भएको देहायबमोजिमको खाजा खर्च रकम कार्यालयको मासिक खाजा पारिश्रमिक रकमसँग दोहोरो परेको हुँदा असुल उपर गर्नुपर्ने रू.</td><td rowspan="6">७५००</td></tr>
<tr><td>नामथर</td><td>रकम</td></tr>
<tr><td>संगिता अधिकारी</td><td>२५००</td></tr>
<tr><td>राजिवकृष्ण विष्ट</td><td>२५००</td></tr>
<tr><td>दीपक सापकोटा</td><td>२५००</td></tr>
<tr><td>जम्मा</td><td>७५००</td></tr>
<tr><td>५६-<br>०७९।६।२७ न<br>पा पूँजीगत</td><td colspan="2">पि.ओ.जे. इष्ट वेष्ट फ्रेण्डसिप कन्स्ट्रक्सन प्रा.लि.लाई सैनिक क्याम्प द्रोर्ण मार्ग पत्थरभिट्टा शिवालय चौक कटहरडाँगी रोड कालोपत्रे निर्माण वापत परियोजनाको कुल लागत रू.३०७६७९८।०० भुक्तान गरिएको छ । उक्त योजनामा पि.एस. आईटम अन्तर्गत रहेको प्रयोगशाला परीक्षण प्रतिवेदनको बिल जम्मा रू.६७९५।८५ रहेकोमा सम्पुर्ण रकम रू.२५००० नै भुक्तानी हुन जाँदा बढी भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रू.</td><td>१८२०४</td></tr>
<tr><td>२२५-<br>०८०।१।२०<br>संघीय चालु</td><td colspan="2">जनस्वास्थ्य निरीक्षक विनोद खनाललाई ८ दिनको तालिमको संयोजन भत्ता ५०० का दरले रू.४००० भुक्तानी गरिएको तर निज मिति २०७९।१२।२५ देखि २०७९।१२।२८ सम्म ४ दिनको भ्रमण आदेश मार्फत खटिई आई दैनिक भ्रमण भत्ता समेत लिएको हुँदा ४ दिनको रू.२००० बढी भत्ता भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रू.</td><td>२०००</td></tr>
<tr><td rowspan="4">३४२-<br>०८०।३।१७<br>संघीय चालु</td><td colspan="2">आमा सुरक्षा कार्यक्रम अन्तर्गत संगिता अधिकारी मार्फतको कार्यक्रम अनुगमनको पे.फ. गर्ने क्रममा मिति २०८०।३।१२ मा अनुगमनमा अनुपस्थित रहेको देहाय बमोजिमको भत्ता रकम असुल उपर गर्नुपर्ने रू.</td><td rowspan="4">८५०</td></tr>
<tr><td>नाम थर</td><td>रकम</td></tr>
<tr><td>राजिवकृष्ण विष्ट</td><td>८५०</td></tr>
<tr><td>जम्मा</td><td>८५०</td></tr>
</table>

<table>
<tr><td rowspan="8">२२५-<br>०८०।१।२०<br>संघीय चालु</td><td colspan="4">परिवार स्वास्थ्य केन्द्र नेपाल परिवार नियोजन संघ, चारआलीमा संचालित तालिमका निमित्त विर्तामोड नगरपालिकादेखि चारआलीसम्मको यात्रा गरी मिति २०७९।१२।२० देखि २०७९।१२।२७ सम्म ८ दिने तालिम संचालन गरिएको १० दिनको दैनिक भ्रमण भत्ता भुक्तान गरिएकोमा दैनिक भ्रमण खर्च नियमावली अनुसारको दुरी नपुग रहेको हुँदा देहाय बमोजिम भुक्तान भएको दैनिक भ्रमण भत्ता रकम असुल गर्नुपर्ने रू.</td><td rowspan="8">४९६००</td></tr>
<tr><td>नामथर</td><td>रकम</td><td colspan="2" rowspan="7"></td></tr>
<tr><td>यशोदा दाहाल</td><td>१२४००</td></tr>
<tr><td>कृष्ण कुमारी अधिकारी</td><td>९३००</td></tr>
<tr><td>अम्बिका काफ्ले</td><td>९३००</td></tr>
<tr><td>चन्द्रकला खनाल</td><td>९३००</td></tr>
<tr><td>सर्मिला उप्रेती</td><td>९३००</td></tr>
<tr><td>जम्मा</td><td>४९६००</td></tr>
<tr><td rowspan="5">१९६-<br>०७९।१२।२७<br>संघीय चालु</td><td colspan="4">देहाय बमोजिम कर्मचारीहरु काजमा रहेको समयमा समेत कार्यालयबाट बैठक भत्ता भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रू.</td><td rowspan="5">१७००</td></tr>
<tr><td>नामथर</td><td>मिति</td><td>खुद भत्ता</td><td>काज स्थान</td></tr>
<tr><td>संगिता अधिकारी</td><td>२०७९।८।११</td><td>८५०</td><td>धनकुटा</td></tr>
<tr><td>संगिता अधिकारी</td><td>२०७९।९।११</td><td>८५०</td><td>भद्रपुर</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७००</td><td></td></tr>
<tr><td rowspan="5">२०८-<br>०७९।१२।२८<br>संघीय चालु</td><td colspan="4">खोप सुदृढीकरण तालिम कार्यक्रमको देहाय बमोजिम कर्मचारीहरु काजमा रहेको समयमा समेत कार्यालयबाट बैठक भत्ता भुक्तान भएको रकम असुल उपर गर्नुपर्ने रू.</td><td rowspan="5">१७००</td></tr>
<tr><td>नामथर</td><td>मिति</td><td>खुद भत्ता</td><td>काज स्थान</td></tr>
<tr><td>राजिवकृष्ण विष्ट</td><td>२०७९।१२।१२</td><td>८५०</td><td>भद्रपुर</td></tr>
<tr><td>संगिता अधिकारी</td><td>२०७९।१२।१२</td><td>८५०</td><td>भद्रपुर</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७००</td><td></td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६०८२९</td></tr>
</table>

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०,८२९ |

११४.२

| भौचर नं र मिति | व्यहोरा | रकम |
|---|---|---|
| | नियमित गर्नुपर्ने बेरुजुको विवरण | |
| ४९३-०७९।८।३ नपा चालु | विभिन्न वडा कार्यालयको गत आ.व. को विभिन्न खर्च शीर्षकको रकम वडा सचिवको नाममा भुक्तान गरिएको छ । नियमानुसार गत आ.व. को भुक्तानी बाँकी दायित्व तोकिएको मलेप फानं. को ढाँचामा प्रमाणित गरी/ गराई मात्र भुक्तान गर्नुपर्नेमा सो नगरी नै भुक्तानी गरिएको रू. | २५६१६१ |
| १०२४-०७९।११।५ नपा चालु | इष्टर्न एडभरटाईजिङ्ग प्रा.लि.लाई विज्ञापन सेवा शुल्क भुक्तान भएकोमा सोको गोश्वारा भौचरमा सो प्रा.लि.को बिल भरपाई, कर विजक संलग्न तथा पत्रिका संलग्न भएको नपाइएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | १३४८५४ |
| ११९८-०७९।१२।१ र २१६५-०८०।३।११ न पा चालु | प्राईम मिडिया प्रा.लि.लाई मु.अ.कर सहित वार्षिक रू.४९५०००।०० भुक्तान गर्ने सम्झौता भएको र उक्त मिडियाले कार्यक्रम, गोष्ठी, सभा समारोह, सुचना प्रचार प्रसार तथा अन्य गतिविधि संचालन गरी भुक्तानी प्राप्त गर्ने गरी सम्झौता गरेकोमा सो प्रतिवेदन बिना नै रकम भुक्तान भएको पाइएको हुँदा सो सम्बन्धी प्रतिवेदन संलग्न गरी नियमित गर्नुपर्ने रू. | ४९४९९९ |
| २५६८-०८०।३।२१ न पा चालु | आरसी प्रिन्टिङ्ग प्रेसलाई आमा तथा बाल स्वास्थ्य सेवा पुस्तिका छपाई वापत भुक्तान गरिएकोमा सोको नियमानुसारको जिन्सी श्रेस्ता संलग्न नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | ५०१५२ |
| ५७-०७९।६।२७ न पा पूँजीगत | पि.ओ.जे. इष्ट वेष्ट फ्रेण्डसिप कन्स्ट्रक्सन प्रा.लि.लाई नेत्रमार्गबाट पञ्चकन्या मन्दिर हुँदै कोलोटोली वडा नं १० वडा कार्यालय जाने बाटो कालोपत्रेको कुल परियोजना लागत रू.२६९९१९४।००भुक्तान भएकोमा सोको पि.एस. आईटम अन्तर्गत रहेको प्रयोगशाला परीक्षण शुल्क रू.२५००० को बिल भरपाई लेखापरीक्षणको सिलसिलामा उपलब्ध नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रू. | २५००० |
| ८६९-०८०।३।३१ न पा पूँजीगत | कृतिमा स्टोरबाट २५ थान ल्यापटप ब्याग खरिद गरिएकोमा दिपक सापकोटाको पेश्की फस्यौंट गर्ने क्रममा नियमानुसारको जिन्सी श्रेस्ता नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | २५००१ |
| ३५३-०८०।३।२० संघीय चालु | पोषण कार्यक्रम वापतको कार्यक्रम संचालन अन्तर्गत संगिता अधिकारीको पे.फ.गर्ने सन्दर्भमा खरिद भएको सामग्री झरना सर्जिकलको रू.९५००, फाईन प्रिन्टको रू.९००० को जिन्सी श्रेस्ता लेखापरीक्षणको सिलसिलामा भौचरमा उपलब्ध नभएको रू. | १८५०० |
| ३५२-०८०।३।२० संघीय चालु | मातृ शिशु कार्यक्रम संचालन अन्तर्गत संगिता अधिकारीको पे.फ. गर्ने सन्दर्भमा खरिद भएको सामग्री आयुश्रीको रू.३२००, फाईन प्रिन्टको | ८२०० |

<table>
<tr><td></td><td>रू.६००० को जिन्सी श्रेस्ता लेखापरीक्षणको सिलसिलामा भौचरमा उपलब्ध नभएको रू.</td><td></td></tr>
<tr><td>२२५-०८०।१।२० संघीय चालु</td><td>स्वास्थ्यकर्मी इम्पलान्ट तालिम कार्यक्रम संचालन अन्तर्गत संगिता अधिकारीको पे.फ. गर्ने सन्दर्भमा खरिद भएको सामग्री झरना सर्जिकलको रू.३०३०,आयुश्रीको रू.४४१५ र फाईन प्रिन्टको रू.५१५० को जिन्सी श्रेस्ता लेखापरीक्षणको सिलसिलामा भौचरमा उपलब्ध नभएको रू.</td><td>१२५९५</td></tr>
<tr><td>४१६-०८०।३।१६ संघीय चालु</td><td>पोषण कार्यक्रम संचालन अन्तर्गत संगिता अधिकारी मार्फतको पेस्की फस्यौंट रू.१५००००।०० गर्ने सन्दर्भमा देहाय बमोजिम भत्ता तथा खर्च रकम बुझिलिएको भरपाई नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रू.<br><table><tr><th>नामथर</th><th>रकम</th></tr><tr><td>यमुना आचार्य</td><td>१२७५</td></tr><tr><td>जय तिम्सिना</td><td>२५५०</td></tr><tr><td>विष्णुकला राई</td><td>१०००</td></tr><tr><td>जम्मा</td><td>४८२५</td></tr></table></td><td>४८२५</td></tr>
<tr><td>४१६-०८०।३।१६ संघीय चालु</td><td>उपरोक्त कार्यक्रमको संगिता अधिकारीको पे.फ. गर्ने सन्दर्भमा खरिद भएको सामग्री विशाल स्टेशनरीको रू.७२५०, तमोर नेपाल एग्रो प्रा.लि.को रू.१९९९२।०० को जिन्सी श्रेस्ता लेखापरीक्षणको सिलसिलामा भौचरमा उपलब्ध नभएको रू.</td><td>२७२४२</td></tr>
<tr><td>४१-०७९।१२।२७ संघीय पूँजीगत</td><td>बुट्टाबारी प्याकुरेल चौक सडक डिजाईन तथा सुपरभिजन कन्सल्टेन्सी कार्यका निमित्त डि.वि. मल्टी, सिल्ट गंगा आर.आई. डि.एस.आर.सि. नेपाल-उदय जेभीलाई भुक्तान गर्ने सन्दर्भमा देहाय बमोजिम डेविट ३५७९६५४।००</td><td></td></tr>
<tr><td></td><td>क) यातायात खर्च वापत गाडी भाडा, इन्धन, मर्मत सम्भार खर्चका सन्दर्भमा गाडी नं तथा ब्लुबुक संलग्न गरी नियमित गर्नुपर्ने रू.</td><td>९५०००</td></tr>
<tr><td></td><td>ख) वर्कसप तथा कन्सल्टेन्सी बैठकको बैठक निर्णय तथा उपस्थिति बेगर भुक्तान भएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू.</td><td>५००००</td></tr>
<tr><td>४२-०७९।१२।२७ संघीय पूँजीगत</td><td>बुट्टाबारी प्याकुरेल चौक सडक डिजाईन तथा सुपरभिजन कन्सल्टेन्सी कार्यका निमित्त डि.वि. मल्टी, सिल्ट गंगा आर. डि.एस.आर.सि. नेपाल-उदय जेभीलाई भुक्तान गर्ने सन्दर्भमा देहाय बमोजिम डेविट १७२२७३५।००</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | क) यातायात खर्च वापत गाडी भाडा, इन्धन, मर्मत सम्भार खर्चका सन्दर्भमा गाडी नं तथा ब्लुबुक संलग्न गरी नियमित गर्नुपर्ने रू. | ४०००० |
| | ख) प्रोभिजनलसम भुक्तान अन्तर्गत डाटा कलेक्सन, इन्भेष्टीगेशन तथा सर्भे प्रतिवेदन संलग्न हुनुपर्ने रू. | २००००० |
| ८५-०८०।३।२४ प्रदेश पूँजीगत | ॐ साई निर्माण सेवालाई विर्तावजार रंगशाला नगर अस्पताल कालोपत्रे सडक कालोपत्रे निर्माणको प्रथम रनिङ बिल रू.२४८७९८४।०० भुक्तानी गरिएकोमा बिमा वापत भुक्तानी गरिएको बिमा शुल्कको नियमानुसार बिल भरपाई नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | ४९१६० |
| ८६-०८०।३।२४ प्रदेश पूँजीगत | विर्तावजार डोमलाल घाग्रा कालोपत्रे सडक निर्माणका निमित्त झापा इन्टरनेशनललाई प्रथम रनिङ बिल रू.२१६३४३९।०० भुक्तान भएकोमा सोको मु.अ.कर बिजक भौचरमा समावेश समावेश नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | २१६३४३९ |
| ८६-०८०।३।२४ प्रदेश पूँजीगत | उक्त निर्माण सेवालाई बिमा वापत भुक्तानी गरिएको बिमा शुल्कको नियमानुसार बिल भरपाई नभएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | ६६८५१ |
| ७६-०७९।१२।१६ प्रदेश पूँजीगत | आरसी प्रिन्टङ्ग प्रेसलाई गरिएको देखिएको भौचर श्रेस्तामा संलग्न भएको नपाइएको हुँदा सो संलग्न गरी नियमित गर्नुपर्ने रू. | ४४०७० |
| | जम्मा | ३७६६०४९ |

| | |
|---|---|
| अनियमित भएको | ३७,६६,०४९ |

११५ **रेखाखोला कल्भर्ट निर्माण (ठेक्का नं. BTMMUN।WORKS।NCB।६।०७७।७८)-** नगरपालिकाले वीरबहादुर दर्जी, रेखाखोलामा कल्भर्ट निर्माण गर्न जय ईश्वरी बोधबन्धु जेभीसँग २०७९।३।३ सम्म सम्पन्न गर्ने गरी मा रू. ४४५६२९०।०७ को सम्झौता गरेको थियो । कल्भर्ट निर्माणमा यो वर्ष गोश्वारा भौचर नं. ४६८।२०८०।१।१० बाट भएको रू. ९३३७९ समेत २७८४९९६ भुक्तानी भएको छ। निर्माण कार्य सम्वन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

११५.१ **साईट विवाद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा बजेट तथा निर्माण स्थलको व्यवस्था नगरी खरिद कारबाही सुरु गर्न नहुने उल्लेख छ । नगरपालिकाले पाण्डेचोक वीर बहादुर दर्जी रेखाखोलाको ठेक्का अन्तरगत पाण्डे चोकको कल्भर्ट निर्माण गर्न शुरु गरेपछि जग्गा विवाद भएको जनाई सो स्थानमा कल्भर्ट निर्माण कार्य हटाएको देखियो । उक्त कल्भर्टको निर्माण सुरु गर्दा भएको निम्नानुसारको खर्च रू. उपयोग विहिन भएको छ ।

| विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| माटोको काम | १३.५ | २२९.८८ | ३१०३.३८ |
| ढुँगा सोलिङ | २.७ | १६०० | ४३२० |
| पीसीसी एम १० | १.३५ | ६००० | ८१०० |

| | | | |
|---|---|---|---|
| जम्मा | | | १५५२३.३८ |
| मुअकर | | | २०१८.०४ |
| | | कुल जम्मा | १७५४१.४२ |

| | |
|---|---|
| अनियमित भएको | १७,५४१ |

११५.२ **नापीमा त्रुटी-** पालिकाले जय ईश्वरी बोधबन्धु जेभीलाई गोश्वारा भौचर नं. ४६८।२०८०।१।१० बाट अन्तिम बिल रू. ९३३७९ र विगतमा भएको भुक्तानी समेत हालसम्म रू. २७८४९९५ भुक्तानी दिएको देखियो । पेश भएको अन्तिम बिल परीक्षण गर्दा कल्भर्टको अपस्ट्रीम तथा डाउन स्ट्रीममा एप्रोन निर्माणको लागि ढुँगा सोलिङ, पीसीसी एम १०, आरसीसी कंक्रिट एम १५ तथा रिईन्फोर्समेन्टको परिमाण गणनामा त्रुटी देखिएको छ । एप्रोनको कटअफ वाल र कल्भर्टको स्ल्यावको चौडाई औषत गणना नगरेको कारण उपयुक्त आईटममा फरक परेको देखिन्छ । नापी किताव तयार गर्दा सावधानी नअपनाएको कारण अन्य आईटमको परिमाणसमेत विस्वसनीय नदेखिएकोले पालिकाले पुन नापजाँच गरी यकिन गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २७,८४,९९५ |

११६ **कृषिबजार तथा सामुदायिक भवन निर्माण (ठेक्का नं. BTMMUN।WORKS।NCB।१०।०७९।८०)-** विशेष अनुदानबाट खर्च गर्ने गरी पालिकाले रू. ६३०७४३८५।८३ लागत अनुमानमा बिर्तावजार कृषिबजार तथा सामुदायिक भवन निर्माण कार्य २०८०।६।६ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी शिवालय आर एस जेभीसँग २०७९।१।४ मा रू. ५०५६५६३०।४२ को खरिद सम्झौता गरेको छ । निर्माण कार्यमा यो वर्षसम्म दोस्रो रनिङ बिलसम्म रू. २०९६४८६९ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

११६.१ **बढी दरमा लागत अनुमान-** पालिकाले जग खन्ने, पुर्ने काम, पीसीसी लगायतका कार्यमा लागत अनुमानमा १११६५२११४।- बृद्धि भएकोले भुक्तानी दिदा कट्टा गर्नु पर्ने व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ । यो वर्ष निर्माण व्यवसायीको विलमा ती आईटमहरुको रकम भुक्तानी गरेकोमा रेट संशोधन गरेको छैन । मानिसबाट कार्य गराउने गरी जग खन्ने तथा पुर्ने कार्यको लागत अनुमान गरेकोमा निर्माण व्यवसायीले मेशीनबाटै कार्य गराएको छलफलमा जानकारी हुन आयो । मेशीनबाट कार्य गराएकोमा निर्माण व्यवसायीको बिल भुक्तानी दिँदा मेशीनले खन्दा लाग्ने दरमा निर्माण व्यवसायीले ठेक्कामा घटेको अनुपातको आधारमा निजको कबोल रकममा कट्टा गरी भुक्तानी दिनु पर्नेमा कट्टा नगरी भुक्तानी दिएको छ । फरक रकम गणना गरी असुल गर्नु पर्ने रू.

| कामको विवरण | कार्यालयको लागत अनुमान | कार्यालयको हुनुपर्ने लागत | निर्माण व्यवसायीको दर | भुक्तानी परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| जग खन्ने कार्य | ४८५. | १३४.६२ | १५० | १४०८.७६ | २११३१४ |
| व्याक फिल | १७३.२४ | २३४.०१ | २५० | १४३.०२ | ३५७५५ |
| | | | | जम्मा | २४७०६९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,०६९ |

११६.२ **पेस्की घटी कटाएको-** पालिका र निर्माण व्यवसायी शिवालय आर एस जेभीसँग भएको सम्झौताको सि.नं. ५७ मा सम्झौता रकमको ३० प्रतिशतभन्दा वढीकार्य भएपछि प्रत्येक ठेक्का विलबाट ४० प्रतिशतको दरले पेस्की कट्टा गरिने उल्लेख छ । सम्झौता अनुसार दोस्रो रनिङबील मूल्यअभिबृद्धि वाहेक रू ९८०३२०८।८० भुक्तानी दिँदा ४० प्रतिशतले हुने रू.३९२१२८३ पेस्की कट्टा गर्नु पर्नेमा गोश्वारा भौचौर नं. ६५।२०८०।३।२४ परीक्षण गर्दा रू. ९६५००० मात्र पेस्की कटाएकोले रू.२९५६२८३ घटी पेस्की कटाएको देखियो । सम्झौता अनुसारको दरमा पेस्की कट्टा गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११७ **सडक तथा कल्भर्ट निर्माण (ठेक्का नं. BTMMUN।WORKS।NCB।४।०७७।७८)-** नगरपालिकाले रू. १०८८४६८९लागत अनुमान रहेको प्रभुलाल मार्ग अस्फाल्ट र सूर्य नगर कालिका नगर बक्स कल्भर्ट निर्माण २०७९।९।३० भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जय ईश्वरी बोधबन्धु जेभीसँग २०७८।३।३० मा रू. ६०१९८९७ को खरिद सम्झौता गरेको छ । यो वर्ष अन्तिम बिल रू. ३४६७७२१ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

११७.१ **भेरिएशन :** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्ट्याइ र कारण सहित प्रामाणीत गराई भेरिएसन आदेश जारी गराउनुपर्ने उल्लेख छ । सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना नभएको अवस्थामा पनि प्राविधिक पुष्ट्याई तथा भेरिएशन आदेश वेगर शुरू सम्झौता रू. ६०१९८९७ बाट रू.६८२२५४।२८ कमको कार्य गराई रू ५३३७६४३।५७ मा फाईनल गरेको छ । निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा न्यून कबोल गरेको आईटमको सारभुत रुपमा घटी परिमाणको कार्य गरेकोमा प्राविधिक पुष्ट्याईसमेत नगरी ठेक्का फाईनल गरेको देखियो । यसबाट नगरपालिकालाई देहायका आईटममामात्र रू.८३४३२४।८७ नोक्सानी भएको देखियो । निर्माण कार्यको प्राविधिक पुष्ट्याईसहित भेरिएशन स्वीकृत गरी प्रमाण पेश गर्नु पर्ने रू.

| विवरण | लागत अनुमान | शुरू परिमाण | ठेक्का दर | सम्पन्न परिमाण | फरक परिमाण | फरक दरले हुने रकम |
|---|---|---|---|---|---|---|
| एम २०।२० कंक्रीट | १४९७६.२४ | ९७.८४ | ६८०० | ७५.६४ | २२.२ | ३३२४७२.५३ |
| रिईन्फोर्समेण्ट केजी | १२६.२९ | ८२६८.७७ | ७५ | ७२२३.२१ | १०४५.५६ | १३२०४३.७७ |
| सववेस | १४६२.०८ | ४१२.४५ | ५०० | ३८५.७३ | २६.७२ | ३९०६६.७८ |
| बेस कोर्स | २४३४.६५ | ६१८.६८ | १३०० | ५७८.५९ | ४०.०९ | ९७६०५.१२ |
| प्राईम कोट | १३७.६३ | २०६२.२५ | ७० | १९२८.६५ | १३३.६ | १८३८७.३७ |
| ट्याक कोट | १३७.६३ | २०६२.२५ | ७० | १९२८.६५ | १३३.६ | १८३८७.३७ |
| अस्फाल्ट | १८३६८.७५ | १६४.९८ | १३००० | १५४.२९ | १०.६९ | १९६३६१.९४ |
| | | | | | जम्मा | ८३४३२४.८७ |

| प्रमाण पेश नगरेको | ८,३४,३२५ |
|---|---|

११७.२ **घटी लम्बाईमा कार्य-** नगरपालिकाले जम्मा ५६५ मीटर लम्बाई र ७.३० मिटर चौडाईमा बाटो बनाउने गरी लागत अनुमान तयार गरेकोमा ५२८ मिटरमा मात्र कार्य गरेको आधारमा ठेक्का फाईनल गरेको छ । लागत अनुमान भन्दा घटेर ठेक्का लागेको र बजेटसमेत रहेको अवस्थामा सम्झौतामा उल्लेख भएभन्दा घटी कार्य गराउनुको प्राविधिक पुष्ट्याई पेश हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११८ **बिर्तावजार डोमालाल घाग्रा सडक (ठेक्का नं. BTMMUN।WORKS।NCB।१६।०७९।८०)-** नगरपालिकाले रू. १०७५९४०१ लागत अनुमान रहेको बिर्तावजार डोमालाल घाग्रा सडक २०८०।३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी झापा ईन्टरनेशनलसँग २०८०।१।२० मा रू. ७२१३८६८।५२ को खरिद सम्झौता गरेको छ । यो वर्ष प्रथम रनिङ बिल रू. २१६३४३९ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

११८.१ **पेश्की भुक्तानी तथा फर्स्यौट-** पालिका र निर्माण व्यवसायी झापा ईन्टरनेशनल बीच सडक निर्माण गर्न भएको खरिद सम्झौतामा पहिलो किस्ताको १० प्रतिशत साईट क्लियरेन्सको काम सम्पन्न गरी बीमा, कार्य तालिका र बैक ग्यारेन्टी पेस गरेपछि र दोस्रो किस्ताको १० प्रतिशत सिमेन्ट, छड, गिट्टी, वालुवा र सबवेस लगायतका मुख्य निर्माण सामग्री साईटमा झारी पूर्ण रूपमा कार्यसुचारू भएपछि दिने उल्लेख छ । पालिकाले उल्लिखित सामग्री साईटमा झारेको प्रमाण वेगरै सम्झौता पश्चात २० प्रतिशतले हुने पुरै पेस्की रू. १४००००० दिएको देखियो । सोही सम्झौतामा ८० प्रतिशत ठेक्का अवधि समाप्त हुँदा सबै पेस्की फर्स्यौट गरिसक्नु पर्ने उल्लेख छ ।निर्माण अवधि २०८० असार १५ मा समाप्त भए तापनि पेस्की फर्स्योट नभएकोले उक्त पेस्की असुल गर्नु पर्दछ रू.

| पेश्की | १४,००,००० |
|---|---|

११८.२ **म्याद थप-** निर्माण व्यवसायीसँग भएको सम्झौताको जिसीसी ५५.१ तथा खरिद नियमावलीमा सम्झौता अवधिमा कार्य सम्पन्न नगरेमा निर्माण व्यवसायीलाई प्रतिदिन ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षेतीपूर्ति लाग्ने व्यवस्था छ । उक्त निर्माण कार्यको अवधि २०८० असार १५ सम्म रहेको, खरिद सम्झौताको अवधि थपको लागि निर्माण व्यवसायीले नियमानुसार निवेदन नदिएको र कार्यालयले म्याद थप समेत गरेको नदेखिएकोले सम्झौताको व्यवस्था अनुसार मूल्य अभिबृद्धि कर वाहेकको सम्झौता रू. ६४०१११२ को १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षेतिपुर्ति (लेखापरीक्षण अवधि २०८० माघ सम्म २०० दिन पूरा भैसकेको) रू. ६४०१११ असुल गर्नु पर्दछ रू.

| असुल गर्नुपर्ने | ६,४०,१११ |
|---|---|

११८.३ **बढी भुक्तानी-** पालिकाले कल्भर्ट निर्माण कार्यमा प्रयोग भएका देहायका १० एमएमको छडहरुको तौल प्रतिमिटर ०.६१७ केजीको दरले गणना गर्नु पर्नेमा ०.८८८ को दरले गणना भएकोले वढी तौल गणना भई १६०.६० केजी फलामे छडको वढी भुक्तानी दिएको देखियो । प्रति के.जी. कबोल दर रू.११० ले हुने रू. १७६६६ र मूल्य अभिबृद्धि कर रू. २२९७ समेत बढी भुक्तानी दिएको रू. १९९६३ असुल गर्नु पर्ने रू.

| विवरण | संख्या | लम्वाई | गणना तौल | हुनुपर्ने तौल | बढी गणना तौल |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 10 mm bottom distribution bar | २४ | १२.३ | २६२.४४ | १८२.१४ | ८०.३ |
| 10 mm top distribution bar | २४ | १२.३ | २६२.४४ | १८२.१४ | ८०.३ |
| जम्मा | ४८ | १२.३ | ५२४.८८ | ३६४.२८ | १६०.६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,९६३ |

११८.४ **स्थलगत निरीक्षण-** सडक विभागद्वारा जारी सडक तथा पुलको स्टाण्डर्ड स्पेशिफिकेशनको सि.नं. २४१६ मा प्लममा प्रयोग हुने ढुँगा अधिकतम २०० मिलिमिटर भन्दा ठुलो हुन नहुने उल्लेख छ। बिर्तावजार डोमालाल घाग्रा सडक सडक खण्डको कल्भर्ट भन्दा दक्षिण तर्फको वायाँ साईडमा बन्दै गरेको ६० मिटर लम्वाई १.२० मिटर उचाई र औषत ०.४० मीटर चौडाई रहेको २८.८ घनमिटरको आयतनको प्रति घनमिटर ठेक्का दर रू. ५२०० ले हुने रू. १४९७६० लागतको प्लम कंक्रिटको वालको कार्यालय प्रमुख तथा प्राविधिक सहितको टोलीबाट अनुगमन हुँदा प्लममा स्पेशिफिकेशन भन्दा ठूला साईजको ढुङ्गा प्रयोग गरेको, मिक्सिङ राम्रो नभएको कारण चर्केको तथा वाहिरबाटै देखिने भ्वाईड टाल्न र सतह मिलाउन प्लास्टर प्लममा प्लास्टर गरेको देखियो । सबै तरिकाले कमसल देखिएको डिस्मेन्टल गरी नया बनाउन लगाउनु पर्ने देखिएको रू..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,७६० |





११९ **सैनिक बजार भूतेनी सडक (ठेक्का नं. BTMMUN। WORKS। NCB।९।०७९।८०)-** नगरपालिकाले रू. २९०१७५०७।९६ लागत अनुमान रहेको बिर्तावजार डोमालाल रँगशाला हुँदै नगरअस्पताल जाने सडक २०८०।२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एलेक्स भीमेश्वर जेभीसँग २०७९।१२।८ मा रू. २४९६४३६२।२९ को खरिद सम्झौता गरेको छ । यो वर्ष प्रथम रनिङ बिल रू.१०७२६७६० भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

११९.१ **दोहोरो मूल्य अभिबृद्धि कर भुक्तानी-**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विद्युत पोल सारेको जनाई लमसम आईटमको कार्य अर्को एक निर्माण व्यवसायीको मूल्यअभिबृद्धि करसमेतको विजकको रू. २००००० र प्रोभिजनल सममा रहेको रकमबाट मुल्यअभिबृद्धि करसमेत रू. १९०६८० गरी मुल्यअभिबृद्धि करसमेत रू. ३९०६८० ठेक्का विलमा समावेश गरी पुन : मुल्यअभिबृद्दि कर थप गरी भुक्तानी दिएकोले दोहोरो भुक्तानी दिएको मुल्य अभिबृद्धि कर असुल गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,७८८ |

११९.२ **सर्भिस रिलोकेशन-** पालिकाले विद्युत पोल तथा तार सार्ने, ह्युमपाईपको कार्य तथा साना तिना संरचना व्यवस्थापनको लागि बिल अफ क्वान्टिटिको लमसममा रू ५०००० को लागत अनुमान गरेकोमा निर्माण व्यवसायीले रू. २००००० दर उल्लेख गरेको देखियो । रिलोकेशन सर्भिस अन्तर्गत भएको कार्यको विस्त्रित विवरण तथा नापी वेगरै निर्माण व्यवसायीलाई रिलोकेसनको पुरै रकम भुक्तानी दिएको छ । सोही ठेक्काको भुतेनी खण्डमा सडकको किनारामा सिँचाईको लागि कुलो निर्माण गरी रू.

१०४९६६४।५० (मुअकर वाहेक) खर्च लेखेको छ। लमसम आईटमको कार्यको नापजाँच नगरी एकै प्रयोजनमा खर्च लेखेकोले खर्च पुष्टि हुने आधार पेश हुनु पर्दछ रू..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

११९.३ **ल्याव स्थापना तथा सञ्चालन खर्च-** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित परीक्षणको प्रतिवेदन सम्लग्न गरी गुणस्तर परीक्षण वापत दावी गरेको रू. ४०६८० ल्याव स्थापना तथा सामग्री खरिदको लागि व्यवस्था गरेको प्रोभिजनल समबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६८० |

११९.४ **संघीय समपुरक अनुदान फिर्ता-** पालिलकालाई यो वर्ष ५० र ५० को अनुपातमा खर्च हुनेगरी बिर्तावजार डोमालाल रँगशाला हुँदै नगरअस्पताल जाने सडक योजनाको लागि रू. २५०८९७६९।५३ निकासा खर्च भएको छ । कार्यालयले उक्त योजनामा भएको खर्चको ५० प्रतिशतको हिसावले संघीय समपुरक तर्फ रू. १२५४४८८४।- मात्र खर्च लेख्नुपर्नेमा रू. १३००००००।— खर्च लेखेको छ । संघीय समुपरक अनुदानबाट बढी खर्च लेखेको रू. ४५५११६।- अनुदान फिर्ता गर्नु पर्नेमा सो फिर्ता गर्न बाँकी देखियो । उक्त रकम संघीय सञ्चितकोष फिर्ता गर्नु पर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५५,११६ |

१२० **शीतभण्डार निर्माण र स्थापना (ठेक्का नं. BTMMUN।WORKS।NCB।१०।०७९।८०)-** पालिकाको ७ नं. वडामा पालिका, उपभोक्ता समूह र सहज नेपाल नामक गैर सरकारी संस्थाको लागत साझेदारीमा रू. ८१८७६०९।१८ लागत अनुमान रहेको शीतभण्डार निर्माण कार्य २०८०।३।५ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जे.पी. ईन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि. सँग २०७९।११।१४ मा रू. ७५२९७१५।१५ को खरिद सम्झौता गरेको छ । भवन निर्माण कार्यमा यो पहिलो तथा अन्तिम बिलबाट रू. ७९०५०१०।१७ भुक्तानी भएको छ । उक्त खरिद सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

१२०.१ **बढी भुक्तानी-** शीतभण्डार निर्माण गर्न पालिकाले रू. २३००००० (२८.०९ प्रतिशत) सहज नेपाल नामक गैरसरकारी सँस्थाले रू. ३५००००० र उपभोक्ता समूहले रू २१४८०२७ लागत सहभागिता गर्ने गरी रू ८१८७६०९।१८ को लागत अनुमान तयार गरेको छ । अन्तिम बिल अनुसार शीतभण्डार निर्माण कार्यमा रू. ७९०५०१०।१७ खर्च भएको देखिन्छ । उक्त कार्यमा उपभोक्ता समूहको तर्फबाट प्रदिप खनालले रू. ८८९७२१ मात्र बैक दाखिला गरेको देखिन्छ । पालिकाले सम्झौताको अनुपातमा साझेदारी रकम वापत रू. २२१४१९३ मात्र खर्चलेखु पर्नेमा रू. ४०००००० खर्च लेखेको देखियो । वढी खर्च लेखेको रकम असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८५,८०७ |

१२०.२ **भेरिएशन-** सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्ट्याइ र कारण सहित प्रामाणीत गराई भेरिएसन आदेश जारी गराउनुपर्ने उल्लेख छ । सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना नभएको अवस्थामा पनि प्राविधिक पुष्ट्याई वेगर भेरिएशन आदेश भएको कारण शुरू सम्झौता रू. ७५२९७५९।२३ बाट रू.३७५२५० बृद्धि भई रू ७९०५०१०।१७ पुगेको छ । भेरिएशन गर्दा निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा न्यून कबोल गरेको आईटमको कार्य नगरेको वा सारभुत रुपमा घटी परिमाणको कार्य गरेको र लागत अनुमानको तुलनामा वढी कबोल गरेको आईटममा वढी कार्य गरेको बिल तयार गरेकोमा प्राविधिक पुष्ट्याईसमेत नगरी ठेक्का फाईनल गरेको देखियो। यसबाट नगरपालिकालाई देहायका आईटममामात्र रू. ५८९८८४.७३ नोक्सानी भएको देखियो । पालिकालाई नोक्सानी हुने गरी भेरिएशन गरेको नियमित देखिएन रू.

| विवरण | लागत अनुमान | शुरू परिमाण | ठेक्का दर | भेरिएशन पछिको परिमाण | फरक परिमाण | फरक दरले हुने रकम |
|---|---|---|---|---|---|---|
| ईटाको गारोको काम | १४४१२.७८ | ८०.३६ | २००० | ४८.८ | ३१.५६ | ३९१७४७.३३ |
| प्लास्टर | ३४७.१४ | ७९८.२४ | ४५ | ५९८.०५ | २००.१९ | ६०४८५.४ |
| आउटर बाल पफ | ५५०० | २४२.९४ | ६७०० | ३५७.६५ | ११४.७१ | १३७६५२ |
| | | | | | जम्मा | ५८९८८४.७३ |

| अनियमित भएको | ५,८९,८८५ |
|---|---|

१२०.३ **भवनको उपयोग-** कोल्डस्टोर भवन निर्माण २०८०।३।५ सम्पन्न भई अन्तिम बिल भुक्तानी भएको छ। लेखापरिक्षणको क्रममा २०८० पौषमा स्थलगत निरीक्षण गर्दा कोल्ड स्टोरमा विद्युत जडान नभएको, रेफ्रिजरेसन सिस्टम जडान नगरेको तथा सो सम्वन्धि तालिम नगरेको, कम्प्रेसर, ईभ्यापोरेटर लगायतका चीसो बनाई राख्ने उपकरण जडान नगरेको अवस्था छ । उक्त कोल्डस्टोर सञ्चालन सम्वन्धी व्यवसायिक योजना तयार गरेकोसमेत देखिएन । कोल्डस्टोर सञ्चालनमा नआउँदा हालसम्म भएको लगानी रू ७९०५०१०।१७ उपयोग विहिन भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२१ **अस्पताल भवन निर्माण (ठेक्का नं. BTMMUN।WORKS।NCB।४।०७९।८०)-** पालिकाले रू. १८४६५६२०८३९ लागत अनुमान बिर्तामोड अस्पताल स्तरोन्नती कार्य २०८१।११।२६) भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विवस ईन्टरनेशनल कन्सट्रक्सनसँग २०८०।१।८ मा रू. १५००३४३३६।४० को खरिद सम्झौता गरेको छ । यो वर्ष पहिलो रनिङ बिलबाट रू. ३७९७५०० भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

१२१.१ **लागत अनुमान-** लागत अनुमान तयार गर्दा भवन विभागले जारी गरेको भवनको लागि दर विश्लेषणको नर्मस अनुसार गर्नु पर्दछ । अस्पताल स्तरोन्नतिको लागि तयार गरेको लागत अनुमानमा झापा पाउने ३ मुख्य ईटा भट्टाको ईटाको औषत लम्वाई २३७.२२ चौडाई ११३.४४ र उचाई ७०.५६ एमएम रहेको र सोमा १० एम एमको मोर्टार लगाउँदा प्रति घ मी ४०७ ईटा लाग्ने देखिन्छ । उक्त परिमाणमा १० प्रतिशत वेस्टेज अनुमान गर्दा पनि एक घनमिटर गारोमा वढिमा ४५० ईटा लाग्ने

देखिन्छ । पालिकाले प्रति घनमिटर ५६० ईटाको अनुमान गरी लागत अनुमान तयार गरेकोले नर्मसमा उल्लेख भएको भन्दा बढी परिमाण राखेको कारण प्रति घन मि रु १७७१ ले जम्मा ईटाको परिमाण १०३१.८० घनमिटरको कार्यमामात्र रू. १८२७३१८ लागत वृद्धि भएको देखियो। लागत अनुमान बनाउँदा अनावस्यक लिड नियन्त्रण गरी नर्मसको पालना गरी भरपर्दो तरिकाले तयार गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२१.२ **प्रोग्राम अपडेट-** कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.१ मा स्वीकृत बोलपत्र दाताले स्वीकृतिको पत्र पाएको १५ दिन भित्र निर्माण कार्यको कार्यतालिका स्वीकृतिकोलागि पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै ३४.३ मा कार्यक्रम कार्यान्वयन तालिका प्रत्येक ३० दिनमा अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत निर्माण व्यवसायीको भुक्तानीबाट १००००० कट्टा गर्ने व्यवस्था छ । अनुसार निर्माण व्यवसायीले २०८० आषाढसम्म न्यूनतम २ वटा अपडेट दिनु पर्नेमा दिएको देखिएन । सम्झौता अनुसार उक्त रकम असुल गरी प्रोग्राम अपडेटसमेत लिनु पर्दछ रू.

| असुल गर्नुपर्ने | २,००,००० |
|---|---|

१२१.३ **बोलपत्र मूल्याङ्कन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ (२) मा बोलपत्र मुल्याँकन गर्दा बोलपत्र दाताले सन्तोषजनक रूपमा कार्य गर्न नसक्ने गरी अस्वभाविक रुपमा न्यून कबोल अङ्क उल्लेख गरेको वा फ्रन्ट लोडिङ गरे नगरेको सम्वन्धमा बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने र त्यस्तो अवस्था देखिएमा बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्ने र स्पष्टीकरण सन्तोषजनक भएमा बोलपत्र दाताको कबोल अङ्कको ८ प्रतिशतले हुने रकम बराबर थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृतको सिफारिस गर्न सक्ने व्यवस्था छ । बोलपत्रको आई.टी. बी. ३५ मा पनि यो व्यवस्था उल्लेख छ ।नगरपालिकाले यो वर्ष स्वीकृत गरेको अस्पताल स्तरोन्नतीको लागत दर र कबोल अङ्क तुलना गर्दा प्रारम्भिक चरणमा हुने आरसीसी एम १५, एम २० लगायतका कार्यमा लागत अनुमान भन्दा बढि वा लागत अनुमानको हाराहारीमा र अन्तिम चरणका रँगरोगन मोजाईक लगाएतका केही महत्वपूर्ण आईटमा समेत ९२ प्रतिशतभन्दा न्यून कबोल गरेकोले फ्रण्ट लोडिङको अवस्थासमेत देखिन्छ । पालिकाले उपर्युक्त प्रक्रियाबमोजिम मूल्याङ्कन गरी थप रकमको जमानत माग गरेको देखिएन । निर्माण व्यवसायीको दर विश्लेषण र बोलपत्र स्वीकृत गर्ने उपयुक्त आधार पेस गरेको अवस्थामासमेत कबोल अङ्क रू. १५००३४३३६।४० को ८ प्रतिशतले हुने रू. १२००२७४६।९१ जमानत थप गराउनु पर्नेमा उल्लिखित प्रकृया नअपनाएको र कार्यसम्पादन जमानत थपसमेत नगराई सम्झौता गरेको देखियो । घटी कबोल गरेका ठेक्काको अन्तिम चरणमा गर्ने कार्य निर्माण व्यवसायीले नगर्ने जोखिम रहेकोले नियम बमोजिमको थप जमानत पेश गराउनु पर्दछ रू.

| आइटम को नाम | परिमाण | लागत अनुमान दर | लागत अनुमान रकम | कबोल दर | रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| Emergency Fire Escape | १ | २५०००० | २५०००० | ५०००० | ५०००० | ८० |
| Stainless Steel Railing. RM | २१६.९७ | ५२०५.५७ | ११२९४३७.२६ | ५०० | १०८४८५ | ९०.३९ |
| Stainless Steel Railing. RM | ८८.३ | ६३७५.५ | ५६२९४६.३५ | ५०० | ४४१५० | ९२.१६ |
| Grill Work. Sqm. | ३१४.०१ | २७५० | ८६३५२७.५ | १००० | ३१४०१० | ६३.६४ |
| Block Paving Sqm. | १४६८ | १४५५ | २१३५९४० | ५०० | ७३४००० | ६५.६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Seismic Gap Treatment Rm | १२० | ७१०१.२ | ८५२१४४ | ५०० | ६०००० | ९२.९६ |
| Sealent Filling for Vertical Exp. Joint Rm. | १२० | २६७३.२ | ३२०७८४ | ५०० | ६०००० | ८१.३ |
| Supply and Fixing of Vertical Exp. Joint Rm. | १२० | १५३९८.५ | १८४७८२० | ५०० | ६०००० | ९६.७५ |
| Grass Turfing Sqm. | ३०० | ४५४.६३ | १३६३८९ | १०० | ३०००० | ७८ |
| Mosaic | १२५.९२ | ३११५.१७ | ३९२२६७.९८ | १००० | १२५९२० | ६७.९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,०२,७४७ |

१२२ **बुट्टावारी प्याकुरेल सडक स्तरोन्नती (ठेक्का नं. NP।DUDBC।NCB।।273141-CW-RFB)-** पालिकाले रू. ६२३६१८८०८ लागत अनुमान रहेको बुट्टावारी प्याकुरेल सडक स्तरोन्नती कार्य ७३० दिन (२०८१।८।१४) भित्र सम्पन्न गर्ने गरी ईन्टरनेशनल कम्पिटिटिभ विडिङबाट छनौट भएको निर्माण व्यवसायी AARPEE-SAP-SAMATA J.V. सँग २०७९।८।१६ मा रू. ५१२९६१३७२ को खरिद सम्झौता गरेको छ । निर्माण कार्यमा यो वर्ष पेस्की रू. ६८४७३०००।- भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् —

१२२.१ **आयोजना छनौट तथा स्वीकृती-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानीय तहमा कर्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्विकृत भएको हुनुपर्दछ । कुल 6.2 कि.मि लम्बाईको बुट्टाबारी प्याकुरेल सडकको लागि रू. ६२३६१८८०८ को लागत अनुमान तयार गरेको देखिन्छ । उक्त योजनाको एनपिभी, आईआरआर तथा योजना फिजिबल रहेको आधार खुल्ने संभाव्यता अध्ययन प्रतिवेदन पेश हुन सकेन । योजनाको छनौट नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बाट भई स्थानीय निकायलाई कार्यान्वयनको लागि हस्तान्तरण भएको देखिन्छ । यो सडकको छनौट आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको दृष्टीलेसमेत उपयुक्त भएको देखिने आधार पेश हुन सकेन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२२.२ **शर्त विपरित पेस्की-** निर्माण व्यवसायीसँग भएको सम्झौतामा Second installment of advance shall be paid after approval of construction survey reports submitted by the contractor, acknowledgement of material purchase receipts, insurance policies, work programme comprising schedules for the works, labor, equipment, materials, cashflow mobilization of required resources by the contractor to the site satisfactory to the engineer उल्लेख छ ।काम शुरू गर्न विश्व बैंकबाट commencement Letter प्राप्त नभएको, कन्सट्रक्सन सर्भे रिपोर्ट स्वीकृत नभएको, निर्माण सामग्री खरिद गरेको विजक पेस नगरेको तथा साईटमा सम्पूर्ण निर्माण सामग्री, उपकरण तथा जनशक्ति परिचालनको लागि पर्याप्त नगद प्रवाह भएको देखिने प्रमाण समेत सम्लग्न नगरे, उपक्रमको मूख्य साझेदार साईटमा उपस्थितसम्म नभएको अवस्थामा दोस्रो किस्ताको पेश्की रू. ३४२००००० उपलब्ध गराएको देखियो । प्रकृया पुरा नगरी दिएको उक्त पेस्की असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४२,००,००० |

१२२.३ **शर्त विपरित भुक्तानी-** नगरपालिका र निर्माण व्यवसायी AARPEE-SAP-SAMATA J.V. सँग भएको सम्झौतामा ठेकेदारबाट ३ करोडको कार्य सम्पन्न भै डिएससी मार्फत कार्य प्रगति विवरण प्रमाणित भै प्राप्त भएपछि बिलको भुक्तानी दिने शर्त रहेको देखिन्छ । पालिकाको ३७ औं बैठक २०८०।६।६ बाट उधारोमा सामान पाउन नसकेकोले कार्यसम्पादनको आधारमा भुक्तानी व्यवस्था हुन अनुरोध गरेको आधारमा कार्य प्रगति र डिएससीको प्रतिवेदनको आधारमा भुक्तानी दिँदै जाने निर्णय गरी २०८०।८।१ मा रू १ करोड १९ लाख ९३ हजार भुक्तानी दिएको देखियो । विश्व बैंकबाट नो अब्जेक्सन प्राप्त भई कार्यान्वयन भएको ठेक्का पुन नो अब्जेक्सन प्राप्त नगरी पालिकाको निर्णयका आधारमा गरेको भुक्तानी नियमित सम्मत हुने देखिँदैन ।

सैद्धान्तिक बेरुजु

१२२.४ **काम ढीलो सुरु गरेको-** सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण व्यवसायीले निर्माण कार्य २०२२ डिसेम्बर २ देखि शुरु गर्नु पर्ने थियो । विश्वबैंकबाट ५ महिना ढीलो अर्थात २०२३ मे १२ मा मात्र Commencement Letter प्राप्त भएकोले निर्माण व्यवसायीले २०२३ मे १२ बाट शुरू गरी २०२५ मे ११ मा कार्य सम्पन्न गर्ने गरी सम्पन्न गर्ने मिति सँशोधिन गरेको छ ।समयमा कार्य सम्पन्न गर्न यो वर्ष निर्माण व्यवसायीले ८.३३ प्रतिशत कार्य सम्पन्न गर्नु पर्नेमा यो वर्ष निर्माण बिल भुक्तानी नभएकोले वित्तीय प्रगति शून्य देखियो । निर्माण कार्यमा हुने ढीला सुस्तिले निर्माण लागत तथा सुपरीवेक्षण लागतसमेत बृद्धि हुँदै जाने र आयोजनाको लागत बृद्धि हुने भएकोले काममा तीव्रता ल्याउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२२.५ **संयुक्त उपक्रमका पार्टनरको काममा अनुपस्थिति-** संयुक्त उपक्रमले प्राप्त गरेका ठेक्काहरुको काम संयुक्त उपक्रमका पार्टनरहरुबीच भएको सम्झौता अनुसार सबै पार्टनरको सहभागीतामा सम्पन्न गर्नुपर्दछ ।स्थलगत निरीक्षणको क्रममा पालिकाले संयुक्त उपक्रमका पार्टनरमध्ये मूख्य पार्टनर रहेको विदेशी साझेदार निर्माण कार्यमा अनुपस्थित भएको, सम्झौता बमोजिमको जनशक्ति, उपकरण, प्रविधि र ज्ञानको परिचालन हुन नसकेको र निर्माण चरणमा आईपर्ने समस्या समाधानमा कठिनाई भएको जानकारी दिएको छ । सुपरीवेक्षण कन्सल्टेन्टले निर्माण कार्यको गुणस्तर नभएको प्रतिवेदन दिएको अवस्था समेत रहेको छ ।पालिकाले सो व्यहोराको जानकारी परियोजना समन्वय एकाईलाई जानकारी गराए तापनि सम्झौता अनुसार सबै पार्टनरलाई काममा उपस्थित गराउन कारबाही गरेको छैन । संयुक्त उपक्रमको गठन ठेक्काको काम सम्पन्न गर्न नभई ठेक्का लिन मात्र भएको देखिन्छ । ठेक्काको कार्य सम्पन्न गराउन ठेक्का सम्झौता र खरिद ऐन नियमको कार्यान्वयन नगर्दा संयुक्त उपक्रमका ठेक्काका काम कमसल रहेको देखिन्छ । अतः सम्झौता बमोजिमको उपकरण, प्रविधि र जनशक्ति सहित विदेशी पार्टनर उपस्थित नभएमा काम स्थगन गर्ने, पेश्की जमानत जफत गर्ने र शर्त बमोजिम कारवाही अघि बढाउन आयोजना समन्वय एकाई र विश्व बैंकसँगसमेत छलफल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२२.६ **कामको गुणस्तर-** निर्माण कार्यको सुपरिवेक्षण गर्न नियुक्त परामर्श दाताले २०२३ नोभेम्बरमा पालिकालाई दिएको प्रतिवेदनमा प्लम कंक्रीटको काममा स्पेशिफिकेशन भन्दा ठूलो आकारको ढुँगा प्रयोग भएकोले भत्काउनु पर्ने व्यहोरा उल्लेख गरेको छ ।प्रतिवेदनमा उक्त कार्यको परिमाण र ठेक्का दर अनुसार हुने लागत खुलाएको छैन । पालिकाले उक्त कार्य निर्माण व्यवसायीकै खर्चमा भत्काउन लगाई पुन गुणस्तरीय तहमा निर्माण गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२२.७ **लागत अनुमानमा नभएको आईटमको कार्य गराएको :** निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा प्लम वालको काममा सोलिङको आईटम रहेको छैन । स्थलगत निरीक्षणको क्रममा निर्माण व्यवसायीले सोलिङको आईटम थप गरी कार्य गर्न सुपरभिजन कन्सल्टेन्टले दवाव दिएको कारण स्टोन सोलिङ कार्य गरेको जानकारी प्राप्त भएको छ । बिलअफ क्वान्टिटीमा

नभएको कार्य नगरपालिकाको सहमति वेगर गराएकोले सो को भुक्तानी सम्वन्धमा सुपरभिजन कन्सल्टेन्ट लाई जिम्मेवार वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२३ **बुट्टाबारी प्याकुरेल चोक सडक निर्माण कार्यको परामर्श सेवा-**

१२३.१ पालिकाले विश्व बैंकको ऋण सहयोगमा निर्माण गरिरहेको बुट्टाबारी प्याकुरेल चोक सडक निर्माण कार्यको डिजाईन र सुपरभिजन गर्न रु २३९६५२०० को लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट छनौट भएको परामर्शदाता D B Multi Silt Ganga RIDARC Nepal Udaya जेभी छनौट गरी रू २३०४१५९४ मा सम्झौता गरेको छ । परामर्शदातालाई यो वर्ष देहायअनुसार रू. ५३०२३८९ भुक्तानी दिएको छ । परामर्श सेवा सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

| गोश्वारा भौचर | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|
| ४१।०७९।१२।२८ | D B Multi Silt Ganga RIDARC Nepal Udaya JV | ३५७९६५४ |
| ४२।०७९।१२।२८ | D B Multi Silt Ganga RIDARC Nepal Udaya JV | १७२२७३५ |
| | जम्मा | ५३०२३८९ |

सैद्धान्तिक बेरुजु

१२३.२ **परामर्श दाताको साईटमा उपस्थिति-** परामर्श दातासँग फर्मसँग भएको सम्झौतामा कन्सल्टेन्टको कामको नगरपालिकाले सुक्ष्मरुपमा सुपरभिजन गर्ने उल्लेख छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक टोली र लेखापरीक्षण टोली साईटमा निरीक्षणमा जाँदा कन्सल्टेन्टको उपस्थिति रहेको पाईएन । कार्यालयमा पनि कन्सल्टेन्ट उपस्थित रहेको पाईएन । प्राविधिक प्रस्ताव अनुसारका जनशक्ति उपलब्ध नगराएकोले नगरपालिकाले परामर्शदाता फर्मलाई पटक पटक ताकेता गरे तापनि उक्त ताकेता सम्वन्धमा D B Multi Silt Ganga RIDARC Nepal Udaya JV ले जिम्मेवार भई जवाफदेहीता वहन गरेको देखिएन । उचीत कारण वेगर प्रस्तावित टिमलिडर तथा कन्सल्टेन्ट परिवर्तन गर्ने, निर्धारित जनशक्ति उपलब्ध नगराउने लगायतका व्यवहारले परामर्शदाता फर्मले केवल बोलपत्र हातपार्ने उद्देश्यले जनशक्तिको विवरण प्रस्तुत गरेको अवस्था देखियो ।

सैद्धान्तिक बेरुजु

१२३.३ **परिवर्तन भई हाजिर हुनु पूर्वको पारिश्रमिक-** कन्सल्टेन्सी फर्मले टिम लिडर र सुपरभिजन तथा क्वालिटी कन्ट्रोल ईन्जिनयर परिवर्तन भएको भनि २०७९।५।८ मा लेखेको पत्र नगरपालिकामा सम्वन्धित व्यक्तिले २०७९।८।१९ (२०२२ डिसम्वर ५) मा मात्र दर्ता गरेको देखिन्छ । एक्सपर्टहरुले ब्याक डेटको पत्र बनाई लामो समयपछि मात्र नगरपालिकामा उपस्थित भएकोले सो अवधिसम्म उल्लिखित २ एक्पर्टहरु नगरपालिकाको काममा रहेको देखिँदैन । कन्सल्टेन्टको उपस्थिति विवरण कार्यालय प्रमुखबाट गराएको देखिँदैन । कार्यालयमा उपस्थित नभएको कन्सल्टेन्ट फर्मको कर्मचारीलाई परिवर्तन भई कार्यालय उपस्थित हुनु पूर्वको पारिश्रमिक भुक्तानी दिन मिल्दैन । अत : कार्यालयमा उपस्थित भई कार्यशुरु नै नगरेको अविधमा भुक्तानी दिएको देहायका २ एक्सपर्टको देहायअनुसारको पारिश्रमिक असुल गर्नु पर्दछ रू.

| एक्सपर्टको नाम | पत्र दर्ता मिति भन्दा पहिलेको अवधि | सोभन्दा पहिलेको पारिश्रमिक भुक्तानी दिन | दर | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| टिम लिडर भुवनेश्वर प्रसाद देव | २०२२ अगस्त | ७ | २५०००० | ५८३३३ |
| | २०२२ सेप्टम्वर | २४ | २५०००० | २००००० |
| | २०२२ अक्टोबर | २२ | २५०००० | १८३३३३ |
| | २०२२ नोभेम्बर | २६ | २५०००० | २१६६६६ |
| | २०२२ डिसेम्बर | ४ | २५०००० | ३३३३३ |
| | | | जम्मा | ६९१६६५ |
| सुपरभिजन तथा क्वालिटी कन्ट्रोल ईन्जिनियर जयप्रकाश यादव | २०२२ अगस्त | ७ | १४३४७२.२२ | ३३४७७ |
| | २०२२ सेप्टम्वर | २४ | १४३४७२.२२ | ११४७७८ |
| | २०२२ अक्टोबर | २२ | १४३४७२.२२ | १०५२१३ |
| | २०२२ नोभेम्बर | २६ | १४३४७२.२२ | १२४३४२ |
| | २०२२ डिसेम्बर | ४ | १४३४७२.२२ | १९१३० |
| | | | जम्मा | ३९६९४० |
| | | | मु.अ.कर रकम | १४१५१९ |
| | | | कुल जम्मा | १२३०१२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३०,१२४ |

१२४ **परामर्श तथा डीपीआर खर्च-** यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ नं. | कार्य विवरण | परामर्श दाता | भुक्तानी रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| २६०७ | नगर शिक्षा योजना तर्जुमा निर्माण | आकाश इन्स्टिच्युट फर टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा. लि. | ८४९९८६ | |
| २४४७ | भू- उपयोग वर्गिकरण कार्य | भुगोल इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. | १९६४९५७ | |
| ८१९ | विभिन्न कार्यविधि निर्माण | मधुगंगा एग्रीकल्चर एण्ड टेक्नोलोजी ट्रेनिङ्ग सेन्टर प्रा. लि. | ४९५५०० | |

| | | | | |
|---|---|---|---|---|
| | गरामनी बजार क्षेत्रमा गरामनी बजार भवन निर्माण डिपिआर | विन इन्जिनियरिङ ग्रुप प्रा.लि. | ३९६६३० | ८१८२३४१८.२ |
| | नगरपालिका प्रशासकीय भवन डिपिआर | अमना इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ९८०००० | ६३३७९३४४.९५ |

यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

- अध्ययन कार्यको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक तथा विषय विज्ञको समयको लागि कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको पाइयो ।
- नगर शिक्षा योजना तर्जुमा निर्माण र विभिन्न कार्यविधि निर्माण कार्यको कार्य क्षेत्रगत शर्त तयार गरेको पाइएन ।
- लागत अनुमान तयार गर्दा विषयविज्ञको अनुभव ५ वर्षभन्दा बढी, ३ वर्ष देखि ५ वर्षसम्मको अनुभवको आधारमा पारिश्रमिक राखि लागत अनुमान तयार गरेकोमा सोझै खरिद गरेका परामर्श सेवामा आवश्यकता अनुसार विषयविज्ञको अनुभव सम्बन्धमा मूल्यांकन गरेको देखिँदैन ।
- परामर्श सेवाको कार्य स्विकार प्रतिवेदन तयार भएको नदेखिएको ।
- वडा कार्यालय मार्फत गरिएका डिपिआरको पालिकाको जिन्सी खातामा दाखिला नगरी वडा कार्यालयमा जिन्सी दाखिला गर्ने गरेको देखिएकोले पालिकामा जिन्सी दाखिला गर्नुपर्दछ।
- इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट पेश नगरी एकै पटक अन्तिम प्रतिवेदन पेश गर्ने गरेको देखिएको ।
- गरामनी बजार क्षेत्रमा गरामनी बजार भवन निर्माण डिपिआर कार्यान्वयनमा गएको पाइएन ।
- कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

१२५ **परामर्शदाता मार्फत कानुन निर्माण-** नगरपालिकालाई आवश्यक पर्ने कानून कार्यविधिको खाका तयार गर्ने , छलफल गर्ने, मस्यौदा गर्ने, तयार गर्ने र पारित गर्न नगरपालिका कार्यालय, विधायन समिति, कार्यपालिका तथा नगर सभामा मात्र निहित रहने कानुनी प्रावधान रहेको छ । पालिकाले यातायात व्यवस्थापन ऐन र बसपार्क सञ्चालन व्यवस्थापन कार्यविधि तयारी गर्न बाह्य परामर्शदातामार्फत गराउनु पर्ने कारण उल्लेख गरेको पाइएन साथै पालिकाले कार्य क्षेत्रगत शर्त तयार गरेको पाइएन । उक्त कार्यको लागत अनुमान तयार नगरी परामर्शदाता मार्फत प्रस्तावित बजेट बराबरकै लागत अनुमान स्विकृत गर्दा जनशक्तिको पारिश्रमिक तथा विषय विज्ञको समयको लागि कुनै आधार लिएको पाइएन । उक्त संस्थाले इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट पेश नगरी एकै पटक अन्तिम प्रतिवेदन पेश गरेकोले परामर्शदाताबाट खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,९५,५०० |

१२६ **खरिदमा प्रतिस्पर्धा-** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउनु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यो वर्ष विभिन्न मर्मत तथा निर्माण कार्यका लागि कोटेशन माग गरी खरिद गरेको देखियो । स्वीकृत लागत अनुमानको तुलनामा न्यून घटि दर पेश भई सोही अनुसार स्वीकृती र सम्झौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने तथा मितव्ययी र गुणस्तरीय समेत हुने गरी योजनाहरुको प्याकेजिङ गर्ने, सूचना प्रकाशनको लागि उपयुक्त माध्यम छनोट गर्ने तथा अधिक प्रतिस्पर्धा हुने प्रकृतिका खरिद विधि छनौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । (केही उदाहरण)

| योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| वडा कार्यालय उत्तर संगम मार्ग प्लम निर्माण | निहारीका कन्स्ट्रक्सन एण्ड बिल्डर्स | ९८१८०३.६३ | ९७०८५०.६८ | १.१२ |
| वडा नं ५ खेलमैदान निर्माण | ग्रीन नेष्ट कन्स्ट्रक्सन प्रा.लि. | ७८५८४९.१५ | ७८४८३५ | ०.१३ |
| बुधबारे हटियामा कम्पाउण्ड वाल तथा घेराबारा गर्ने कार्य | शान्तिचौर निर्माण एण्ड सप्लायर्स प्रा.लि. | ७२१४८३ | ७१८५३५ | ०.४१ |
| वडा नं ७ भवन मर्मत तथा निर्माण गर्ने कार्य | एभरग्रीन कन्स्ट्रक्सन | ७५५६०९ | ७५२७४७ | ०.३८ |

सैद्धान्तिक बेरुजु

१२७ **बुधबारे हटिया बजार-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसँग सम्बन्धित बिल,भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले बुधबारे हटिया बजार हटाउनको लागि विभिन्न जेसिबि प्रयोग गरेको र हटाउने क्रममा तोडफोडको कारण जेसिबिमा क्षति भएकोले मर्मत तथा काम समयमा नभई जेसिबि आइडल बसेकोले आइडल समयको क्षतिपूर्ती प्रदान गर्न निर्माण व्यवसायीको निवेदनको आधारमा पटक पटक गरी रू.६१५५९२ खर्च लेखेको छ । उक्त कार्य गर्न जेसिबी प्रयोगको लागि निर्माण व्यवसायीसँग गरेको सम्झौता तथा तोडफोडको कारण जेसिबिमा पुगेको क्षति सम्बन्धमा मुचुल्का, निर्णय तथा अभिलेख राखेको नदेखिएकोले उक्त खर्च यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

१२८ **ह्युम पाइप खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१क) बमोजिम रू.२५ लाख सम्म नेपालमा उत्पादित मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था बमोजिम रू.१२६३७३० र कोटेशन मार्फत रू.३२८२६५ गरी रू.१५९१९९५ को ह्युम पाइप सोझै खरिद गरेको देखिन्छ । खरिद कार्य गर्दा मितव्ययी प्रक्रिया अपनाउनु पर्दछ ।पालिकाले योजना स्थल सम्म ढुवानी गर्ने गरी ह्युम पाइप खरिद गरी वितरण तथा हस्तान्तरण गरेकोमा उक्त ह्युम पाइपहरु जडान तथा कार्यसम्पन्न नगरी भुक्तानी गरेको देखियो । खरिदको उद्देश्य बमोजिम प्रयोग भएको सम्बन्धमा जडान प्रमाणित प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| क्र.सं. | विवरण | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|
| | | भौचर नं ८० | | |
| १ | NP3 90cm | ४ | १०३८७० | |
| २ | NP3 75cm | ५ | १०१६४३ | |
| ३ | NP3 60cm | १३ | १९७८७४ | |
| ४ | NP3 45cm | २५ | २९६४८४ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | NP3 30cm | ५१ | ४८९२७९ | |
| ६ | NP2 22.5cm | २२ | ७४५८० | |
| भौचर नं ८०८ | | | | |
| १ | NP3 90cm | ६ | १५५९४० | बानालाल मार्ग |
| २ | NP3 60cm | ५ | ७६२७५ | राजन सेलवालको घर अगाडी |
| ३ | NP3 30cm | १० | ९६०५० | गरमकाली टोल विकास संस्था |
| | | जम्मा | १५९१९९५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९१,९९५ |

१२९ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा रू. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. १० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार एउटै आपूर्तिकर्तासँग सीमा भन्दा बढी सोझै खरिद गरेको अनियमित देखिएको रू.

| गो.भौ.नं. | फर्म/ सप्लायर्स | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६७ चालु | सूर्यदिप इलेक्ट्रोनिक्स | मसलन्द तथा कार्यालय सामग्री | १२४८२० |
| ६१२ चालु | | कार्यालय सामग्री | ३७३४२ |
| ३८२पुंजीगत | | विभिन्न सामग्री | ६४७४९ |
| ३८३ पुंजीगत | | सोलार जडान | १४९४०३ |
| १५५२ चालु | | सामान खरिद | ९८५४७ |
| १९८८चालु | | विभिन्न सामग्री | १३९४५० |
| ७४५ पुंजीगत | | विभिन्न सामग्री | ७८६८० |
| ७४६पुंजीगत | | विभिन्न सामग्री | १७९८५३ |
| २३०१ चालु | | विभिन्न सामग्री | ८२०८१ |
| २४९४चालु | | विभिन्न सामग्री | २११८९४ |
| २६४४ चालु | | विभिन्न सामग्री | १९९६०० |

| | |
|---|---|
| जम्मा | १३६६४१९ |

| | |
|---|---|
| अनियमित भएको | १३,६६,४१९ |

१३० **नन्फाइलर-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८० पौषसम्म पनि कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो। कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

| निर्माण व्यवसायीको नाम | प्यान नं | भुक्तानी मिति | मू अ कर रकम | ७० प्रतिशत रकम | कैफियत |
|---|---|---|---|---|---|
| झापा इन्टरनेशनल | ६०६८९४८६१ | २०८०।०३।२४ | २४८८९० | १७४२२३ | Non filer since 2080/M/2 |
| डि.बि. मल्टी - सिल्ट- गंगा - आर. आइ. डी. ए. आर.सी नेपाल - उदय जे. भी. | ६१९२१६२९८ | २०७९।१२।२८ | ६११६७७ | ४२८१७४ | Non filer since 2079/M/12 |
| लालीगुराँस निर्माण सेवा | ६१२६८९२७३ | २०८०।०३।२० | ३६४९७२ | २५५४८० | Non filer since 2079/M/10 |
| जम्मा | | | | ८५७८७७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५७,८७७ |

१३१ **नन्फाइलर-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर रू. १४८४७४।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८० माघसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

| निर्माण व्यवसायीको नाम | प्यान नं | भुक्तानी मिति | भुक्तानी रकम | मू अ कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| लक्की कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ बिल्डर्स | ६०३०३७०६५ | ०८०।३।२२ | ५०२९७७ | ५७८६५ | २०८० जेठ देखि |
| विशाल एण्ड विवेक निर्माण सेवा | ६०१४५१०३० | ०८०।३।२१ | ३७०९८१ | ४२६८० | २०८० बैशाख देखि |

| | | | | | |
|---|---|---|---|---|---|
| ओम साइ निर्माण सेवा | ३००९९६४०३ | ०८०।३।२० | ११६६१६ | १३४१६ | २०८० बैशाख देखि |
| विराट प्राविधिक शिक्षा एवं परामर्श प्रा.लि. | ६०६६४२५६५ | ०८०।२।२५ | ३००००० | ३४५१३ | २०८० बैशाख देखि |
| | | | | जम्मा १४८४७४ | |

| प्रमाण पेश नगरेको | १,४८,४७४ |
|---|---|

१३२ **खानेपानी पाइप जडान-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं. १५०५ बाट खानेपानीको लागि पाइप बिछ्याउने र पुर्ने कार्य खानेपानी उपभोक्ता समिति, विर्तामोड-८ बाट गराई रु ४९००००।— भुक्तानी गरेको छ । पालिकाले पेश गरेको नापी किताब अनुसार ५०mm को PN 10 NS पाइप २६७५ मिटर खरिद गरी विछ्याउने कार्य गरेकोमा २७७० मिटरको कार्यको नापी गरेको पेश भएको छ । खरिद पाइपको लम्बाई भन्दा ९५ मिटर बढी खन्ने पूर्ने तथा विछ्याउने कार्य गर्नुपर्ने प्राविधिक पुष्टयाई पेश गर्नुपर्ने अन्यथा उक्त बढी नापी बापत बढी भुक्तानी भएको रू. २१९७२।— सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| सि.नं. | कार्य विवरण | नापी परिमाण | हुनुपर्ने नापी | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | अर्थवर्क कार्य | ७४७.९ | ७१९.५५ | १०५.८३ | ३००० |
| २ | पाइप बिछ्याउने कार्य | १५३४.५८ | १४८१.९५ | ३६०.४७ | १८९७२ |
| | | | | जम्मा | २१९७२ |

| प्रमाण पेश नगरेको | २१,९७२ |
|---|---|

१३३ **दिवा खाजा-** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले श्री महेन्द्र रत्न मा.वि. लाई २०७९ श्रावण देखी जेठ सम्म १८० दिनको दिवा खाजा बापत भुक्तानी भए पश्चात पुनः २०८० असारको १४००२ हाजिरी दिनको रू. १५।— का दरले जम्मा रू. २१००३०।— विद्यालयको खातामा निकासा दिएको देखिएकोले नर्म्स भन्दा बढीको असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | २,१०,०३० |
|---|---|

१३४ **ल्याब टेस्ट-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम पालिकाले श्री महेन्द्र ज्योती मा.वि.मा ४ कोठे भवन निर्माण कार्यको निर्माण विलमा ल्याब टेस्ट रू.१००००समावेश गरी भुक्तानी दिएकोमा ल्याब टेस्टको रिपोर्ट पेश भएको देखिएन। ल्याब टेस्ट रिपोर्ट पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

१३५ **कार्यसम्पन्न-** सार्वजनिक खरिद नियमावली,२०६४ नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. २५९७ बाट श्री महेन्द्र रत्न माध्यमिक विद्यालयलाई बालबालिकालाई कक्षा कोठा बाहिर बरण्डा निर्माण गर्न कुल लागत रू. ७२०५२८।— को लागत अनुमान तयार भई पालिकाद्वारा रू. ३०००००।— अनुदान उपलब्ध गराएकोमा लेखापरीक्षण अवधि सम्म उक्त कार्यको कार्यसम्पन्न पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

१३६ **अग्रिम कर-** आयकर ऐन,२०५८ को दफा ८९ मा भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे र ४ कोठे भवन निर्माण कार्यको लागि रकम भुक्तानी दिएकोमा अग्रिम करकट्टी गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रू.

| क्र. सं . | विद्यालयको नाम | निकासा रकम | कार्यसम्पन्न रकम | अग्रिम कर रकम |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र ज्योती मा.वि. | ४५००००० | ४५४७४९९.१ | ५०९३६ |
| २ | श्री दुर्गा मा.वि. | ४५००००० | ४५२०१८४.८५ | ४१८९६ |
| ३ | श्री पञ्चरत्न मा.वि. | २२५०००० | २२५३१४९.५९ | २७३९१ |
| | | | जम्मा | १२०२२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,२२३ |

१३७ **पाठ्यपुस्तक खरिद-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । स्रेस्ता परीक्षण गर्दा यस सम्बन्धी देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् :

१३७.१ IEMIS को तथ्यांक अनुसार पाठ्यपुस्तकको रकमको भुक्तानी गर्दा विद्यार्थी संख्या भन्दा बढी संख्या राखि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| विद्यालयको नाम | कक्षा | IEMIS अनुसार विद्यार्थी संख्या | भुक्तानी भएको संख्या | बढी विद्यार्थी संख्या | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| श्री देवी मा.वि. | ११ | ९२५ | ९४२ | १७ | २७१ | ४६०७ |
| | १२ | ७३६ | ७५८ | २२ | ३१७ | ६९७५ |
| | | | | | जम्मा | ११५८२ |
| श्री महेन्द्र रत्न मा. वि. | १२ | २३८ | २७० | ३२ | ३१७ | १०१४४ |
| | | | | | जम्मा | १०१४४ |
| श्री संगदेव संस्कृत मा.वि. | ११ | १८ | ३० | १२ | २७१ | ३२५२ |
| | | | | | जम्मा | ३२५२ |
| श्री दुर्गा मा.वि. | ११ | ४७ | ५० | ३ | २७१ | ८१३ |
| | १२ | ८२ | ९० | ८ | ३१७ | २५२६ |
| | | | | | जम्मा | ३३३९ |
| | | | | | कुल जम्मा | २८३१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,३१७ |

१३७.२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ को ३.१(५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाकव लागि अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र बिल भरपाईको आधारमा थप आवश्यक्ता अनुसार थप निकासा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले देहायका विद्यालयहरुलाई खरिद बिलको आधारमा भुक्तानी गर्नुपर्नेमा बिल भन्दा रू. ४७६८।- बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| विद्यालयको नाम | बिल बिजक रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|
| श्री दुर्गा मा.वि. | ५६७३११ | ५७२०७९ | ४७६८ |
| | | जम्मा | ४७६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७६८ |

१३८ **शैक्षिक क्षेत्रको अनुदान-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी र साहयक कर्मचारीका लागि पारिश्रमिक अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । बजेट बक्तव्यमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिक रु १५ हजार पुर्याउदा बाल विकास शिक्षक तथा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी र साहयक कर्मचारीहरुको पारिश्रमिकमा थप गर्नुपर्ने रकम सम्बन्धित स्थानीय तहको आन्तरिक श्रोतबाट व्यहोर्ने उल्लेख भएकोले सो अनुसार व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी र साहयक कर्मचारीका लागि थप पारिश्रमिकका लागि रू. ८१११३००।— प्रस समानिकरण अनुदानबाट खर्च व्यहोरेको छ । त्यसैगरी शैक्षिक क्षेत्र अन्तर्गत देहायअनुसारको कार्यक्रम समानिकरण अनुदानबाट विनियोजन गरी रू. ६६४४९००।- खर्च लेखेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामासमेत शैक्षिक क्षेत्रमा वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो ।

| सि. नं. | कार्यक्रम | श्रोत | विनियोजित बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक भता थप- माध्यमिक मासिक ५००, आधारभुत ३०० थप | नेपाल सरकार - समानिकरण अनुदान | ८६०००. | ८३९००. |
| २ | सामुदायिक विद्यालयका बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाका लागि पोशाक वितरण | नेपाल सरकार - समानिकरण अनुदान | ३०६००००. | ३०६००००. |
| ३ | हरिहर आश्रम शिक्षण सिकाइ सुधार अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. | २०००००. |
| ४ | मदरसा तालिमुल कुरान शिक्षण सिकाइ सहयोग अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ७०००००. | ७०००००. |
| ५ | लक्ष्मी आ वि शिक्षण सिकाइ सहयोग अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ३९३०००. | ३९३०००. |
| ६ | विराट परिवर्तन र गणेश सामुदायिक सिकाइ केन्द्रका लागि कार्यप्रगतीका आधारमा अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ४५००००. | ४५००००. |
| ७ | शहिदलक्ष्मी प्रा वि शिक्षण सिकाइ सहयोग अनुदान नमूना विकास समेत | नेपाल सरकार - समानिकरण अनुदान | ९५००००. | ९५००००. |
| ८ | महेन्द्ररत्न माविको साविकको शिक्षक अनुदान निरन्तरता तथा अटिजम शिक्षक व्यवस्थापन अनुदान | नेपाल सरकार - समानिकरण अनुदान | ८०८०००. | ८०८०००. |
| | | जम्मा | ६६४७०००. | ६६४४९००. |

सैद्धान्तिक बेरुजु

## १३९ औषधी खरिद-

१३९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू. ६१५३९४९/- को औषधी तथा आयुर्वेदिक औषधी खरिद गरेको छ ।

| आपूर्तक | खरिद विवरण | खरिद मिति | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|---|
| | नगरपालिका चालु तर्फ | | | |
| कालिमा ड्रग डिस्ट्रिब्युटर | बिमाको औषधी खरिद | २०७९।६।५ | १७२३२०७ | सोझै |
| अमन फार्मेसी | औषधी तथा सर्जीकल सामग्री | ०८०।२।२६ | ३२३३४१२ | सिलबन्दी दरभाउपत्र |
| देखः हर्बल्स प्रा. लि. | आयुर्वेदिक औषधी खरिद | ०७९।१०।२४ | ३४९२६५ | सोझै |
| बिर्ता सर्जिकल एण्ड सप्लायर्स | कुल्टर मेसिन खरिद | ०७९।११।२८ | ८४८०६५ | सोझै |
| कुल जम्मा | | | ६१५३९४९ | |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी औषधी खरिद गरेको देखिन्छ । पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शिर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) सोझै खरिद गरेका उक्त औषधिको हकमा कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था रहेन । साथै औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए / नभएको खुलाएको पाइएन । जसकारण औषधि तथा सर्जिकल सामग्रीको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन ।

घ) औषधिको जिन्सी खाता प्रमाणित छैन ।

ङ) औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

च) औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

सैद्धान्तिक बेरुजु

१३९.२ यस कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ।

| औषधीको नाम | खरिद परिमाण | निकासा परिमाण | मौज्दात परिमाण |
|---|---|---|---|
| एजिथ्रोमाइसिन ५०० एमजी | १३९०० | २७०० | ११२०० |

| | | | |
|---|---|---|---|
| रेनिटिडिन १५० एमजी | ११४८५० | २६५०० | ८८३५० |
| पारासिटामोल ५०० एमजी | १५३४०० | ३८५०० | ११४९०० |
| फोलिक एसिड ०.४ एमजी | २६९००० | ५१००० | २१८००० |
| एमोक्सिसिलिन २५० एमजी | १०८०० | ५३०० | ५५०० |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ । साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३९.३ **म्याद कम भएका औषधी-** पालिकाले कालिमा ड्रग डिस्ट्रिब्युटरबाट बिमाको औषधी खरिद गरी रू. १७२३२०७।— खर्च लेखेको छ । उक्त औषधीहरुको २०२२ सेप्टेम्बर २१ मा खरिद भएकोमा उक्त औषधीहरुको न्यूनटम १८ महिना म्याद अवधि २०२४ मार्च २१ रहेकोमा देहायका औषधीहरुको तोकिएको अवधिभन्दा घटी म्याद भएको औषधी खरिद गरेको पाइयो । पालिकाले खरिद गर्दा अधिक्तम समयवाधि भएको औषधी खरिद गर्नुपर्दछ ।

| औषधीको नाम | एक्सपायरी डेट | परिमाण | खरिद रकम |
|---|---|---|---|
| क्लोपिमेड ७५ ग्राम | २०२३ मार्च | ४१०० | १६८१० |
| प्रोस्टिफ ट्याब | २०२३ अक्टोबर | ४२०० | ४६२०० |
| सिमेड २५ एम जी | २०२३ मे | ३००० | २५२० |
| टि-फाइन २५० एम जी | २०२३ मार्च | १२०० | १३६८० |
| रयाबलेट २० एमजी | २०२४ जानवरी | २८८०० | ८३५२० |
| फ्लोप्रेस ०.४ क्याप | २०२४ फेब्ररवरी | २०००० | १०८००० |
| इमपाज २५ ट्याब | २०२४ फेब्ररवरी | १८०० | ८१६४८ |

सैद्धान्तिक बेरुजु

१४० **ILR Refrigerator-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।

पालिकाले अमन फार्मेसीसँग रू.२४७४७० मा ILR Refrigerator खरिद गरी भौचर नं ४७-२०८०।०१।२६ बाट भुक्तानी दिएकोमा उक्त रेफ्रिजिरेटर परिवार कल्याण महाशाखाको स्पेसिफिकेशन बमोजिम भए नभएको परीक्षण गरेको देखिएन । मालसमान प्राप्त भएपछि प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको परीक्षण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४१ **पारिश्रमिक कर-** आय कर ऐन, २०५८ को दफा ८ बमोजिम रोजगारीबाट भएको आय गणना गरी दफा ८७ अनुसार कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीहरुको वार्षिक आय गणना गरी तोकिएको दरमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धित कर्मचारीबाट असुल गरी राजश्व दाखिला हुनुपर्ने रू.

| पद | कर्मचारीको नाम | जम्मा आय | कर योग्य आय | बार्षिक कर रकम | कट्टी कर | अपुग कर रकम |
|---|---|---|---|---|---|---|
| अधिकृत सातौ | राजिव कृष्ण विष्ट | ९३६८६० | ८४५४६ | १४४५५ | ८७६० | ५६९५ |
| अधिकृत छैटौ | तुलसी प्रसाद पोखरेल | ८९५९३६ | ३८५३८ | ९८५४ | ५९५२ | ३९०२ |
| अधिकृत छैटौ | दिपक सापकोटा | ९३७२८६ | ३६९०० | ९६९० | ६३९६ | ३२९४ |
| अधिकृत छैटौ | प्रेम प्रसाद पाण्डे | ९३७२८६ | ६०९०० | १२०९० | ८७९६ | ३२९४ |
| अधिकृत छैटौ | बाबुराम निरौला | ९३७२८६ | २४९०० | ८४९० | ५९१६ | २५७४ |
| अधिकृत छैटौ | संगिता अधिकारी | ८५८१८५ | २५७७७ | ८५७८ | ५९५२ | २६२६ |
| अधिकृत छैटौ | प्रमोद कुमार लुईटेल | ८३३९१० | २८९९६ | ८९०० | ५५६८ | ३३३२ |
| अधिकृत छैटौ | ओम कुमारी गुरुङ्ग | ८१६८३५ | ८१४१५ | १४१४१ | ९४२० | ४७२१ |
| | | | | | जम्मा | २९४३८ |

| असुल गर्नुपर्ने | २९,४३८ |
|---|---|

१४२ **अलैंची प्रवर्द्धन कार्यक्रम-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । पालिकाले भौ नं. २०२१ बाट नेपाल अलैंची व्यवसायी महासंघलाई अलैंची प्रवर्द्धन कार्यक्रम मार्फ रू. ५०००००।— भुक्तानी दिएको पाइयो । उक्त खर्चको श्रेस्ता परीक्षण गर्दा अभिमुखिकरण कार्यक्रममा रू. २८२५००।-, भ्रमण खर्चमा रू. २२७०८५।— र अलैंची भर्ने झोला ५००० थान छपाइ खर्च रू. २८२५००।— रहेको पाइयो । पालिकाले कार्य क्षेत्रगत शर्त तयार गरेको छैन । साथै उक्त संस्था छनौटको आधार पेश भएको छैन । उक्त कार्यक्रमको माग निर्धारण, अपेक्षित उपलब्धि मापन समेत नगरी महासंघको भ्रमण खर्च तथा झोला खरिदमा पालिकाले लगानी गरेको देखियो । पालिकाले यस प्रकृतिका खर्च नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४३ **सिंचाईको लागि मोटर बोरिङ्ग जडान कार्यक्रम-** सिंचाईको लागि मोटर बोरिङ्ग जडान कार्यक्रम : यस आर्थिक वर्षमा पालिकामा सिंचाईको लागि मोटर बोरिङ्ग जडान कार्यको लागि कोशी प्रदेश सरकारबाट रू.५० लाख विनियोजन भई आएकोमा १२५ समूह, फर्म, कृषि सहकारी संस्थालाई मोटर बोरिङ्ग जडान कार्यको लागि अनुदान दिएको देखिन्छ । श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

- स्थानीय सरकार सञ्चालन ऐनमा खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्ने उल्लेख छ ।पालिकाले मोटर बोरिङ्ग जडान कार्यको अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । कार्यक्रमको अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।

- पालिकाले १२५ समूह, फर्म, कृषि सहकारी संस्थालाई प्राविधिक कार्यसम्पन्न पश्चात रू.४००००का दरले अनुदान वितरण गरेकोमा अधिकांश अनुदानग्राहीको खातामा रकम सिधै जम्मा गरेको देखिएन । कृषक समूहको नाममा खाता नभएको कारण सम्बन्धित अनुदानग्राहीको खातामा रकम जम्मा गर्न नसकेको भन्ने पालिकाको भनाई रहेको छ । सम्बन्धित अनुदानग्राहीको खातामा रकम जम्मा गर्नुपर्दछ ।

पालिकाको नियमानुसार कर, शुल्क भुक्तानी नगरेका तथा फर्म दर्ता नविकरण नगरेका समूह, फर्म, कृषि सहकारी संस्थाहरुलाई समेत यस कार्यक्रममा समावेश गरी अनुदान दिएको पाईयो । अनुदान वितरण गर्नु अघि पालिकाको नियमानुसार कर,शुल्क तिरेको तथा नविकरण गरेको यकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४४ **कृत्तिम गर्भाधान कार्यक्रम-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. ३५४ बाट कृत्तिम गर्भाधान कार्यक्रम सञ्चालन गरी निमेश थापाको रू. १५००००।— पेश्की फस्यौंट गरेको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छः

क) कार्यक्रम सञ्चालन खर्च रू. १९०५०।- मा अग्रीम कर कट्टी रू. २८५८।— नभएकोले सो रकम असुल गर्नुपर्ने रू.

ख) विष्णु प्रसाद भट्टराई र धनपति पाठकलाई सहभागी भत्ता बापत रू. १०००।— का दरले भुक्तानी खर्च लेखेकोमा सम्बन्धितलाई बुझाएको भरपाई पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ४,८५८ |
|---|---|

१४५ **अनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले व्यवसायीक फलफुल उत्पादन कार्यक्रम अन्तर्गत वर्षा कृषि फर्मको प्रस्तावना छनौट गरी ड्रागन फ्रुट उत्पादन गर्न प्रस्तावना बमोजिम रू. ३०००००।— अनुदान उपलब्ध गराएको छ । उक्त फर्मको प्रस्तावना अनुसार ड्रागन फ्रुट खरिदमा पालिकाले रू. १०००००।— अनुदान उपलब्ध गराउने र ५०० वटा पिल्लर निर्माणको कार्यमा रू. ३५०००००।— लागत अनुमानमध्ये रू. २०००००।- ५७ प्रतिशतमात्र पालिकाले व्यहोर्ने गरी प्रस्तावना स्वीकृत भएको छ । पालिकाले निर्माण कार्यको कार्य सम्पन्न पेश गर्दा ५०० वटा पिल्लर निर्माण खर्च बापत रू. १८२९२३।०२ को कार्य सम्पन्न पेश भएकोमा प्रस्तावनाको अनुपात अनुसार सोको ५७ प्रतिशतले हुने रू. १०४५२५।— मात्र भुक्तानी गर्नुपर्नेमा सम्झौता बमोजिमकै रू. २०००००।— भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रू. ९५४७५।- उक्त फर्म सँग असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ९५,४७५ |
|---|---|

१४६ **कार्यक्रमको अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकास तर्फ कार्यक्रम बजेट स्वीकृत गरी खर्च गरेकोमा कृषि तथा पशु कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि नबनाएको साथै कार्यक्रमको अनुगमन गरी संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधार सम्बन्धमा प्रतिवेदन तयार गरिएको देखिएन। कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि तयार गरी सो बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने र संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| क.स. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | व्याडको वोका खरिद | १६००००. | १४००००. |
| २ | चिस्यान केन्द्र स्थापना ५० प्रतिसत अनुदान कार्यक्रम | ३०००००. | २०५३००. |
| ३ | बंगुर तथा बाख्रा को दाना बनाउने मेशिन बितरण (५० प्रतिसत अनुदान) | २०००००. | २०००००. |
| ४ | बंगुर खोर सुधार | ५२५०००. | ५२५०००. |
| ५ | हिउदे घाँस वितरण साझेदारी ५० प्रतिशत अनुदान | २०००००. | २०००००. |
| ६ | मिल्क केन अनुदानमा बितरण कार्यक्रम | २९००००. | २८९३३२. |
| ७ | बाख्रा खोर सुधार | १०५००००. | ५२५०००. |
| ८ | नयाँ तथा पुरानो पकेट फलोअप कार्यत्रम | ११००००. | ११००००. |
| ९ | बर्षे घासको बिउ वितरण(साझेदारिमा ५० प्रतिशत ) | १६००००. | १२८०००. |
| १० | बाख्रा प्रबर्द्धन कार्यक्रम | ११५००००. | १०६६२००. |
| ११ | विषादि खरिद (धान तथा मकै) | ४०००००. | ३९९४०५. |
| १२ | व्यवसायिक फलफुल उत्पादन कार्यक्रम | ३०००००. | ३०००००. |
| १३ | शुश्म खाद्यतत्व तथा growth hormon | ४०००००. | ३९७१५०. |
| १४ | जैविक तथा वानस्पतिक बिषादी | ३१००००. | ३०८५००. |
| १५ | व्यवसायिक तरकारी उत्पादक कृषकहरुलाई उन्नत तथा वणर्शंकर विउ सहयोग | ६०००००. | ५२७९१०. |
| १६ | प्लाष्टिक क्यारेट खरिद | १२५०००. | १२००००. |
| १७ | गड्यौलाको विउ र मदर कल्चर | ४२५०००. | ४१८०००. |
| १८ | कौशी खेती तालिम र सामाग्रीहरु सहयोग | ४०००००. | ३२००००. |

| | | | |
|---|---|---|---|
| १९ | आलुको विउ उत्पादन कार्यक्रम (4 विघा) | ४००००० | ४००००० |
| २० | आकस्मिक बाली संरक्षण कार्यक्रम | ८००००० | ७९८२१४ |
| २१ | साना सिंचाई कार्यक्रम (७५% अनुदान) | ८००००० | ७४४००० |
| २२ | स्प्रेयर टंकी अनुदानमा | २५०००० | २४७५०० |
| २३ | हिउँदे तथा बर्खे तरकारीका विउ सहयोग | ३५०००० | ३४८१०० |
| २४ | प्लाष्टिक घरको लागि प्लाष्टिक | ३७५००० | ३७४००० |
| २५ | मकै छोडाउने मेशिन (७५% अनुदान) | ४५०००० | ४४८००० |
| २६ | कृषि फर्म तथा कृषक समुहहरुलाई हिउँदे तथा बर्खे तरकारीका विउहरु सहयोग | ४५०००० | ४४८००० |
| २७ | कृषि प्रविधि प्रदर्शन ( प्लाष्टिक मल्चिग) | २७५००० | २७३८०० |
| २८ | मौरी घार वितरण (५०% अनुदान) | २००००० | २००००० |
| २९ | विपन्न तथा महिला कृषक संगको साझेदारी मल, बिउ औजार खरिद तथा वितरण | २००००० | २००००० |
| ३० | बिपन्न कृषकहरुको लागि धानको बिउमा अनुदान कार्यक्रम | ५००००० | ५००००० |
| ३१ | दलित समुदाय बंगुर पाठा साटासाट कार्यक्रम | २००००० | २००००० |
| ३२ | कृषि सहकारी संग साझेदारीमा तोरी धान विउ वितरण कार्यक्रम | २००००० | २००००० |
| ३३ | कृषि औजार खरिद | ५००००० | ५००००० |
| ३४ | बाख्रा प्रवर्द्धन कार्यक्रम | ४३५००० | ४३५००० |
| ३५ | २६ थान मकै छोडाउने मेशिन १ थान धान काट्ने मेशिन | ६६९००० | ६६९००० |
| ३६ | सिंचाईको लागि मोटर बोरिङ्ग जडान | ५०००००० | ५०००००० |

सैद्धान्तिक बेरुजु

१४७ **प्रविधि हस्तान्तरण-** गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४० मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघु उद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई अनुसूची-१३ बमोजिम सम्झौता गरी उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको २० प्रतिशत सम्म जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले व्यहोर्ने उल्लेख छ र यसरी हस्तान्तरण भएका प्रविधिहरुको उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष प्रविधि हस्तान्तण

कार्यक्रम अन्तर्गत लघु उद्यमीहरुलाई २१ वटा तारजाली खरिद गरी वितरण गरेकोमा प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम वीस प्रतिशत रकम उद्यमीलाई जम्मा नगरी प्रविधि खरिदको सत प्रतिशत रू. १८२३८०।- रकम भुक्तानी गरेको पाइयो । यसरी प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा तोकेबमोजिम सम्झौता गरेको पाइएन र कार्यालयले हस्तान्तरण भएका प्रविधिहरुको उपयोगको विवरण समेत तयार गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था को पालना तर्फ कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ । साथै लघु उद्यमीहरुले जम्मा गर्नुपर्ने २० प्रतिशत रकम रू. २८४७६।- उद्यमीहरुबाट संकलन गरी संघीय राजस्वमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,४७६ |

१४८ **नगर अस्पतालतर्फ-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद ऐन र खरिद ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष नगर अस्पताल सञ्चालन गर्न एकमुष्ठ बजेट रू. १ करोड ५० लाख विनियोजन गरी सो बजेट बाट पारिश्रमिक भुक्तानी, औषधि खरिदका अतिरिक्त देहायअनुसार विभिन्न सामग्रीहरु फरक फरक आपूर्तक मार्फत टुक्रा पारी खरिद गरी रू. ३०३११७०/- खर्च लेखेकोले उक्त खरिद नियमसम्मत नदेखिएको रू.

| गो.भौ. | खरिद विवरण | आपूर्तक | रकम |
|---|---|---|---|
| ११४७ | फर्निचर खरिद | खगेन्द्र काष्ठ फनिर्चर उद्योग | ४५०२७५ |
| १२९७ | फर्निचर खरिद | न्यु लक्ष्मी फर्निचर उद्योग | ३३५६१० |
| १५४० | फर्निचर खरिद | खरेल काष्ठ फर्निचर उद्योग | ३०५७७८ |
| १३२६ | इलेक्ट्रोनिक्ल सामग्री खरिद | फास्ट ट्र्याक आइटी सोलुसन | ९४१८७७ |
| १९८८ | इलेक्ट्रोनिक्ल सामग्री खरिद | सुर्यदिप इलेक्ट्रोनिक्स | १३९४५० |
| २३३२ | इलेक्ट्रोनिक्ल सामग्री खरिद | प्यारागन आइटी सोलुसन प्रा. लि. | ४८८१८० |
| २४५१ | इलेक्ट्रोनिक्ल सामग्री खरिद | बंशल टिभी सेन्टर | ३७०००० |
| | | जम्मा | ३०३११७० |

| | |
|---|---|
| अनियमित भएको | ३०,३१,१७० |

१४९ **घटी लागत साझेदारी-** तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने साथै उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्थानीय लागत साझेदारीसहितको कुल स्वीकृत बजेटको कम्तीमा दश प्रतिशत रकम उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्ने उल्लेख छ । साथै दफा ८ मा स्थानीय तहले आयोजना माग गर्दा आँफै वा उपभोक्ता समितिको लागत साझेदारीमध्ये कुन विधिबाट आयोजना सञ्चालन गर्ने हो खुलाउनुपर्ने व्यवस्था छ । यस वर्ष पालिकालाई राजवंशी सांस्कृतिक सामुदायिक भवन निर्माण कार्यको लागि रू.२५ लाख विनियोजन भई आएको देखिन्छ । लागत अनुमान रू.४३८०१९० भएको भवन निर्माणको लागि राजवंशी समाज विकास सामुदायिक भवन निर्माण उपभोक्ता

समितिसँग सम्झौता गरी कार्य गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रू.४३९६७२९.०३ को कार्यसम्पन्न भएको देखिन्छ । उक्त कार्यको लागि उपभोक्ता समितिले २१.६९ प्रतिशत रू.९५०१९० लागत साझेदारी गरेको, संघीय सरकारको रू.२४ लाख ३० हजार र प्रदेश सरकारको रू.१० लाख खर्च भएको देखिन्छ । पालिकाले आफूले व्यहोर्नुपर्ने लागत साझेदारी नव्यहोरी प्रदेश सरकारबाट प्राप्त रकम खर्च गरेको देखिन्छ । लागत साझेदारी सम्बन्धमा आयोजना माग गर्दाको प्रस्ताव पत्र उपलब्ध हुन सकेन । निर्देशिकाको व्यवस्था बमोजिम पालिकाले गर्नुपर्ने लागत साझेदारी रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

१५० **लागत साझेदारी-** सुन्दर सामुदायिक भवन छेउको अदुवाखोला पक्कि पुल DPR समेत को कार्यको लागि संघीय सरकार र पालिकाको लागत साझेदारीमा लागत अनुमान रू.८७५६०४३ भएकोमा मेची कन्स्ट्रक्सन प्रा.लि.ले ठेक्का मार्फत रू.५१४१००९ मा कार्य गरेको छ ।श्रेस्ता परीक्षण गर्दा संघीय सरकारबाट रू.२० लाख (३८.९० प्रतिशत) र नगरपालिकाबाट रू.३१४१००९(६१.१० प्रतिशत) लागत साझेदारी गर्ने गरी कार्य गरेकोमा ठेक्का बिल अनुसार अघिल्लो आर्थिक वर्षसम्म रू.३१०९९११ को कार्यप्रगति भएको देखिन्छ । यस आर्थिक वर्षमा रू.५३४६५८ को कार्य भएकोमा सम्पूर्ण रकम संघीय श्रोतबाट खर्च लेखेको छ । हालसम्म भुक्तानी भएको रकमको श्रोतगत विवरण प्राप्त भएन । पालिकाले स्रोत मिलानको प्रमाण सहित तथ्यांक अभिलेख नराखेको कारण श्रोतगत खर्च यकिन गर्न सकिएन । यस आर्थिक वर्षमा भुक्तानी दिएको रकममा लागत साझेदारी गरेको नदेखिएकोले लागत साझेदारी वापतको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२६,६७६ |

१५१ **दोहोरो अनुदान-** संघ, प्रदेश र स्थानीय तहले अनुदान रकम उपलब्ध गराउँदा दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्दछ । पालिकामा रहेको राजवंशी समाज विकास सामुदायिक भवन निर्माण कार्यको लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तरगत संघीय सरकारबाट रू.२५ लाख विनियोजन भई आएकोमा कोशी प्रदेश सरकारबाट सोही भवनको लागि रू.१० लाख विनियोजन भई आएको देखिन्छ । संघीय सरकार र प्रदेश सरकारबाट अनुदान उपलब्ध गराउँदा दोहोरो नपर्ने गरी विनियोजन गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५२ **अनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायका कार्यक्रम संचालन गर्दा घटी कार्य सम्पन्न भएको अवस्थामा सम्झौताको अनुपातमा लागत सहभागिता अंश कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरी सम्झौता बमोजिमकै रकम खर्च लेखको पाइयो । अनुपातिक रुपमा कट्टी गर्नुपर्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| भुक्तानी पाउने | कार्यक्रम | सम्झौता रकम | कार्यसम्पन्न रकम | पालिकाले व्यहोरेको रकम | पालिकाले व्यहोर्नुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| प्रदेश चालु | | | | | | |
| साहित्यकला संस्कृतिक प्रतिष्ठान | सांस्कृतिक कार्यक्रम सञ्चालन | ८४४००० | ८०६००० | ६००००० | ५७२९८२ | २७०१५ |

| प्रकोप व्यवस्थापन तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| अर्चना खोला ततबन्ध उ स | ततबन्ध निर्माण | १०७८१४१ | ६५५५८४ | ५९००२६ | ६५५५८४ | ६५५५८ |
| | | | | | जम्मा | ९२५७३ |

| असुल गर्नुपर्ने | ९२,५७३ |
|---|---|

१५३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा ३४ योजना सञ्चालन गरी यस वर्ष ३१५ जनालाई औषतमा ७८ दिन रोजगारी उपलव्ध गराई रू. ३३४७९५५।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५४ **बैंकसँगको हिसाबमिलान-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा १० वटा वडा रहेकोमा वडा नं १ को प्रभु बैंक लि., वडा नं. २ को एनआइसी एसिया बैंक चारपाने शाखा, वडा नं. ३ र ९ को एनआइसी एसिया विर्ताबजार शाखा, वडा नं. ४ को लक्ष्मी सनराईज बैंक, बिर्तामोड शाखा, वडा नं ५ गोर्खाज फाइनान्स लि., वडा नं. ६ र १० को मुक्तिनाथ विकास बैंक लि. र वडा नं ७ र ८ को एक्सल डेभलपमेन्ट बैंक, गरामुनी शाखाबाट वितरण गर्दै आएको देखिन्छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि रू.२९८५८४२९०।— खर्च लेखि बैंकलाई निकासा दिएकोमा रिभर्स फिड अनुसार रू.२९८६६६६०२ वितरण गरेको देखिन्छ । विभिन्न मितिमा बैंकबाट फिर्ता रकम रू.१८२४५९ संघीय सञ्चित कोषम दाखिला गरेको छ । निकासा रकमभन्दा खर्च रकम बढी देखिएकोमा प्रत्येक त्रैमासिकमा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग निकासा माग गर्दा लगत कट्टा/मृत्यु भएका लाभग्राहीहरुलाई बढी भुक्तानी भएको रकममध्ये असुल भई आएको रकम घटाएर निकासा माग गरी हिसाबमिलान गर्ने गरेको भन्ने पालिकाको भनाई रहेकोमा लगत कट्टा/मृत्यु भएका लाभग्राहीहरुको फिर्ता रकमको व्यक्तिगत अभिलेख राखेको देखिएन । बैंकबाट प्राप्त फिर्ता रकमको व्यक्तिगत अभिलेख राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५५ **पदाधिकारी सामाजिक सुरक्षा भत्ता-** समाजिक सुरक्षा ऐन,२०७५ को दफा १५ मा कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ । पालिकाले देहायबमोजिमका बहालवाला जनप्रतिनिधीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ । नपाउने भत्ता भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

| नाम | पद | लाभग्राही नं | लाभग्राहीको प्रकार | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| श्री लक्ष्मी रोक्का सार्की | दलित महिला सदस्य | २०३७०१०१००२१२ | विधवा | मासिक रू.२६६० का दरले आ.व.२०७९।८० को १२ महिना | ३१९२० |
| श्री निर्मला देवी सुनार | कार्यपालिका सदस्य | २०२८११०४०००८१ | विधवा | मासिक रू.२६६० का दरले आ.व.२०७९।८० को १२ महिना | ३१९२० |
| | | | | जम्मा | ६३८४० |

साथै अघिल्लो आर्थिक वर्षहरुमा समेत सामजिक सुरक्षा भत्ता भुक्तानी भए/नभएको सम्बन्धमा पालिका आँफैले यकिन गरी नपाउने भत्ता असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,८४० |

१५६ **बढी भुक्तानी-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गरी वडा नं.३ र ५ को मृत्यु दर्ता/लगत कट्टा भएका लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको मृत्यु पश्चात पनि रकम निकासा भएको देखियो । अन्य वडाको हकमा पालिका आँफैले परीक्षण गर्नुपर्ने साथै मृत्यु पश्चात निकासा भएको रकम सम्बन्धित बैंकबाट फिर्ता माग गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| परिचयपत्र नं. | नाम | ना. प्र . नं | मासिक भत्ता दर | मृत्यु/लगत कट्टा मिति | विवरण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| वडा नं ३ | | | | | | |
| २००५१११४००१६१ | कृष्ण माया मैनाली | १२८७७३ | ४००० | २०७९।६।६ | दोस्रो त्रैमासिक पुरै भुक्तानी | १५२०० |
| २००५१००७०२१९७ | मुन्सा भर्डि | १२८२५१४ | ४००० | २०७९।५।१७ | पहिलो त्रैमासिक पुरै भुक्तानी | ५७३३ |
| १९८५०३०२००४५६ | मुक्तिनाथ गौतम | ४५४१७१४ | ४००० | २०७९।८।२४ | दोस्रो त्रैमासिक सम्म पुरै भुक्तानी | ४८०० |
| २००२०४०१००९७३ | गंगा देवी कडरिया | ४२३१५५२४ | ४००० | २०७९।०९।१३ | दोस्रो त्रैमासिक सम्म पुरै र तेस्रो त्रैमासिकमा रू.८२८ भुक्तानी | ३०९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २००३०३०९००३४६ | धनमति चौधरी | १२८१११११ | ४००० | २०७९।९।१५ | दोस्रो त्रैमासिक पुरै भुक्तानी | २००० |
| १९८२१०१२०००६९ | हरिमाया तिम्सिना | २१७३५०५३ | ४००० | २०७९।९।२० | दोस्रो त्रैमासिक पुरै भुक्तानी | १३३३ |
| १९८९०६२१०००४८ | विष्णु माया पाठक | १२८१५९२ | ४००० | २०७९।६।२८ | चौंथो त्रैमासिकसम्म पुरै भुक्तानी | ३६२६७ |
| १९८७०३१७०००८८ | मनोरथ पाठक | ११८९९१ अन्य विवरण नभएको | ४००० | २०७९।०९।७ | चौंथो त्रैमासिकसम्म पुरै भुक्तानी | २७०६७ |
| २०२६०३१७०००९२ | फुलमुनी हस्दा | ४३०१२४०३ | २६६० | २०७९।११।२८ | तेस्रो त्रैमासिकसम्म पुरै भुक्तानी | २८३७ |
| १९८९०४०१०५४७३ | हिममाया अधिकारी | ८६६३५५ | ४००० | २०७९।११।२६ | तेस्रो त्रैमासिक सम्म पुरै भुक्तानी | ४५३३ |
| २०१३१११३०००७६ | लिलावती शाह | १३१२ | २६६० | २०७९।१२।११ | चौंथो त्रैमासिकसम्म पुरै भुक्तानी | ४३४५ |
| २००००४०११३७१२ | नरबदा बराल | ४९०२९ | ४००० | २०७९।११।१८ | तेस्रो त्रैमासिक पुरै भुक्तानी | ५६०० |
| १९९४०७२१०००७९ | देउ बहादुर श्रेष्ठ | ५१०६ | ४००० | २०७९।१२।२० | चौंथो त्रैमासिक सम्म पुरै भुक्तानी | १३३३३ |
| २००७११००४७५३ | गन्धक थारु | ७६१५२९०६ | ४००० | २०८०।०१।१३ | चौंथो त्रैमासिक पुरै भुक्तानी | १०२६७ |
| वडा नं ५ | | | | | | |
| १९९८०४०११६२५७ | चन्द्रकला भुजेल | १२८३६१ | ४००० | २०७९।८।२ | चौंथो त्रैमासिकसम्म भुक्तानी | ३१७३३ |
| १९९७०४१५००५३५ | हरि प्रसाद बास्तोला | १५९।१८११० | ४००० | २०७९।१०।१८ | चौंथो त्रैमासिक सम्म भुक्तानी | २१६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९९२१२१२००१९७ | विष्णु प्यारी न्यौपाने | ८५०१९७७ | ४००० | २०७९।१२।२ | चौंथो त्रैमासिक सम्म भुक्तानी | १५७३३ |
| २००४०४०१११९७ | नन्द कुमारी श्रेष्ठ | ४५ | ४००० | २०७९।८।७ | चौंथो त्रैमासिक सम्म भुक्तानी | ३१०६७ |
| २००४०४०११३६०७ | पदम प्रसाद प्रसाई | ७०५ | ४००० | २०७९।११।१० | चौंथो त्रैमासिक सम्म भुक्तानी | १८६६७ |
| १९८३०११५००१४३ | उमादेवी भुजेल | ४१०१२१६८६ | ४००० | २०८०।२।२९ | चौंथो त्रैमासिक पुरै भुक्तानी | ४१३३ |
| | | | | | जम्मा | २५९३४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५९,३४३ |

**१५७ सामाजिक सुरक्षा-**

१५७.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दैं आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको कायम संख्या यस प्रकार रहेको देखिन्छः

| लक्षित समूह | आ. व . २०७८।७९ को अन्तिम त्रैमासिकमा लाभग्राहीको कायम संख्या | आ. व . २०७९।८० को अन्तिम त्रैमासिकमा लाभग्राहीको कायम संख्या | मासिक भत्ता दर रू. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ३४८० | ४६०१ | ४००० |
| अन्य ज्येष्ठ नागरिक ( दलित ) | २०३ | १७७ | २६६० |
| ज्येष्ठ नागरिक ( एकल महिला ) | ७८३ | ६२४ | २६६० |
| विधवा | ११९० | १२०७ | २६६० |
| पूर्ण अपाङ्ग क वर्ग | २५५ | ३०९ | ३९९० |
| आंशिक अपांग ख वर्ग | २९९ | ३४१ | २१२८ |
| दलित बालबालिका | २२२ | २३३ | ५३२ |

| | | | |
|---|---|---|---|
| लोपोन्मुख जाति | १५५ | १४७ | ३९९० |
| जम्मा | ६५८७ | ७६३९ | |

सैद्धान्तिक बेरुजु

१५७.२ **लाभग्राहीको अभिलेख-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

**निस्कृय खाता-** कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले बैंकहरुबाट विवरण प्राप्त गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम बैंकबाट निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण-** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले सो बमोजिम विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: विर्तामोड नगरपालिका, झापा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनोद कुमार न्यौपाने | २०७८-१०-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तेजिन्द्र तामाङ | २०७८-७-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५०,५७४,३४९ | ४६,४८०,६५८ | २६,४१२,७३९ | ० | ० | ६,५८६,९७३ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | १३०,०५४,७१९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ५१३,६४५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | १२९,५४१,०७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २०६१९९१६०.०९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६५०४७५२९२.७९ | **चालु खर्च** | ५८८४१५०९१.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | ४५७३६११४ | **पूँजीगत खर्च** | ४१६१८८९५४ |
| **राजश्व बाँडफाँट** | १८८८२६८७५.२९ | **वित्तीय/अन्य व्यवस्था** | ३६४४२३३६५.३५ |
| **आन्तरिक आय** | १८८४७४१६४.२९ | | |
| **अन्य आय** | ४०९२३४९१०.५ | | |
| **कुल आय** | १४८२७४७३५६.८७ | **कुल खर्च** | १३६९०२७४१०.६४ |
| **बाँकी मौज्दात** | | ३१९९१९१०६.३२ | |